सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२४ असोज २०८०, बुधबार (11 Oct 2023, Wednesday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १८१ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

राष्ट्रसंघीय महासचिवको नेपाल भ्रमण स्थगित

काठमाडौं / हमासले इजरायलमा गरेको हमलाबाट विकसित घटनाक्रमका कारण पश्चिम एसियामा बढ्दो तनावको स्थिति मध्यनजर राख्दै संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसको नेपाल भ्रमण स्थगित भएको छ। महासचिवको भ्रमण शनिबारदेखि सोमबारका लागि तय भएको थियो। प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको निमन्त्रणामा उनी नेपाल आएर चीन भ्रमणमा जाँदै थिए। उनले चीन भ्रमण पनि स्थगित गरेका छन्। राष्ट्रसंघले परराष्ट्र मन्त्रालयलाई यही सूचना पठाएको छ।



उपत्यकामा फैलिँदै डेंगु

आठ दिनमा १५७ जनामा संक्रमण, अस्पताल पुग्ने बिरामी दिनहुँ बढ्दै



डेंगु संक्रमण : कुन वर्ष कति ?

(विस्तृत पृष्ठ २)

रातभर जाग्राम बस्दा पनि टिकट पाउन मुस्किल



अनलाइनको जमानामा अग्रिम टिकट बुकिङ गर्न सर्वसाधारण १५ घन्टासम्म लाइनमा बस्न बाध्य, यात्रुले सास्ती खेपेपछि बस थप्ने तयारी

(विस्तृत पृष्ठ ९)

कोशीमा कांग्रेसको रणनीति

मध्यावधि रोक्न सरकार गठनका सबै विकल्प खुला

(विस्तृत पृष्ठ ४)

कर्नर किक

● रवि मिश्र



नौ इन्टरनेट सेवाप्रदायकले १० वर्षमा गरे दुई अर्ब ४६ करोड कर छली

■ ०७८/७९ सम्म जरिवानासहित एक अर्ब ५१ करोड १६ लाख रोयल्टी र ९५ करोड ७४ लाख दूरसञ्चार विकास कोषको रकम तिर्न बाँकी

■ कम बुझ्काएको रोयल्टी र दूरसञ्चार कोषको रकम तत्काल असुलउपर गर्न सुझाव

बक्यौता रकम सबैले तिर्नुपर्छ



● **नेत्रप्रसाद सुवेदी**, प्रवक्ता, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

कानुन नमान्ने कुरा कसैका लागि पनि छुट हुनुहुँदैन। कानुनबमोजिम तिर्नुपर्ने कर सबैले अनिवार्य तिर्नुपर्छ। प्रतिवेदनले उल्लेख गरेबमोजिम सेवाप्रदायकले अब आफ्नो बक्यौता तिरेर दायित्व पूरा गर्नुपर्छ। यस सम्बन्धमा प्राधिकरणले पनि फलोअप गर्नुपर्छ।

सुवास भट्ट / नयाँ पत्रिका

इन्टरनेट सेवा प्रदान गर्दै आएका नौ सेवाप्रदायकले साढे दुई अर्ब कर छली गरेका छन्। सञ्चार मन्त्रालयले गरेको छानबिनमा ०६९/७० देखि ०७८/७९ सम्मको १० वर्षको अवधिमा सेवाप्रदायकहरूले दूरसञ्चार रोयल्टी र ग्रामीण दूरसञ्चार विकास कोषबापत सरकारलाई बुझाउनुपर्ने जरिवानासहितको दुई अर्ब ४६ करोड ९० लाख ५९ हजार नौ सय ७८ रुपैयाँ तिरेका छैनन्। ठूला सेवाप्रदायकहरूले कानुनबमोजिम तिर्नुपर्ने कर नतिरेको प्रतिवेदनमा उल्लेख छ।

सेवाप्रदायकहरूले सरकारलाई बुझाउनुपर्ने कर नबुझाएको दाबी गर्दै गत १६ साउनमा राजस्व चुहावट तथा सरकारी हानि-नोक्सानीउपर छानबिनका लागि उजुरी परेपछि सञ्चार मन्त्रालयले छानबिन समिति गठन गरेको थियो। सहसचिव गौरव गिरीको संयोजकत्वमा गठित समितिमा मन्त्रालयकै उपसचिवद्वय केशवराज सुवेदी र श्रीधर ज्ञवाली सदस्य तथा इलेक्ट्रोनिक इन्जिनियर नवराज बानियाँ सदस्यसचिव थिए। समितिले गत २४ भदौमा मन्त्रालयमा प्रतिवेदन पेस गरेको थियो।

प्रतिवेदनअनुसार नौ सेवाप्रदायकले एक अर्ब ५० लाख ६ हजार एक सय ६१ रुपैयाँ रोयल्टी र ६० करोड ४५ लाख ३४ हजार नौ सय २४ रुपैयाँ दूरसञ्चार विकास कोषको रकम बुझाएका छैनन्।

» पृष्ठ ११ मा क्रमशः

कुन सेवाप्रदायकले कति छले कर ?

WORLDLINK
एक अर्ब २५ करोड ३४ लाख २९ हजार ९९०
रोयल्टी
रकम : ४८ करोड ८७ लाख ३४ हजार ८३५
जरिवाना : २४ करोड १० लाख ५० हजार ४११
दूरसञ्चार कोष
रकम : ३२ करोड ३६ लाख ३४ हजार ५९०
जरिवाना : २० करोड १० हजार १५४

vianet
२६ करोड ७६ लाख ४७ हजार ७१०
रोयल्टी
रकम : १० करोड २८ लाख ८३ हजार २८४
जरिवाना : ५ करोड १० लाख ५५ हजार २३६
दूरसञ्चार कोष
रकम : ६ करोड ९८ लाख २८ हजार ७६१
जरिवाना : ४ करोड ३८ लाख ८० हजार ४२९

SUBISU
२६ करोड ५२ लाख ९६ हजार २ रूपैयाँ
रोयल्टी
रकम : १२ करोड ७४ लाख ८ हजार ४९७
जरिवाना : ५ करोड ३२ लाख ६३ हजार ९७२
दूरसञ्चार कोष
रकम : ५ करोड ९६ लाख २६ हजार ८८१
जरिवाना : २ करोड ४९ लाख ९६ हजार ६५२

CLASSIC TECH
२३ करोड ७१ लाख १७ हजार २६८
रोयल्टी
रकम : ९ करोड ९४ लाख ६५ हजार २७६
जरिवाना : ४ करोड ९८ लाख ६ हजार ६७०
दूरसञ्चार कोष
रकम : ५ करोड ७१ लाख ७२ हजार ५४७
जरिवाना : ३ करोड ६ लाख ७२ हजार ७७५

TECHMINDS Dedicated Connectivity Network Pvt. Ltd
२३ करोड ६४ लाख ७ हजार ५३३
रोयल्टी
रकम : १२ करोड ४१ लाख ७३ हजार ८६५
जरिवाना : ३ करोड १७ लाख ९० हजार ४९१
दूरसञ्चार कोष
रकम : ६ करोड ३० लाख ७७ हजार ७५६
जरिवाना : १ करोड ७३ लाख ६५ हजार ४२१

MERCANTILE
९ करोड १६ लाख ५७ हजार २३४
रोयल्टी
रकम : ३ करोड ६५ लाख ५३ हजार ३७७
जरिवाना : २ करोड २८ लाख २४ हजार ७५३
दूरसञ्चार कोष
रकम : १ करोड ९६ लाख ९६ हजार ८९९
जरिवाना : १ करोड २५ लाख ८२ हजार २०५

WebSurfer THE BROADBAND COMPANY
७ करोड ३२ लाख ४९ हजार २२१
रोयल्टी
रकम : ७९ लाख ९६ हजार ७३२
जरिवाना : ४ करोड ५७ लाख ८६ हजार ४९६
दूरसञ्चार कोष
रकम : ७५ लाख १३ हजार ३८०
जरिवाना : १ करोड ७९ लाख ५२ हजार ६१३

POKHARA internet
३ करोड ३३ लाख १० हजार ६११
रोयल्टी
रकम : १ करोड २९ लाख ७३ हजार १४०
जरिवाना : ८४ लाख १६ हजार २६९
दूरसञ्चार कोष
रकम : ७४ लाख ४१ हजार ४६७
जरिवाना : ४४ लाख ७९ हजार ७३५

netmax TECHNOLOGIES
१ करोड ९ लाख ४४ हजार ४०९
रोयल्टी
रकम : ४८ लाख १७ हजार १५५
जरिवाना : २६ लाख ५२६
दूरसञ्चार कोष
रकम : २५ लाख ४२ हजार ६४३
जरिवाना : नौ लाख ८४ हजार ८५

■ राजस्व चुहावटमा प्राधिकरण र सेवाप्रदायकबीच मिलेमतो

छानबिन समितिले ठूलो अंकको राजस्व असुल नगरिएको सम्बन्धमा अध्ययनको निष्कर्षपछि मन्त्रालयलाई राय पनि पेस गरेको छ। दूरसञ्चार प्राधिकरण र सेवाप्रदायकबीचको मिलेमतोविना चुहावट सम्भव नभएको भन्दै समितिले प्राधिकरणका कर्मचारी, पदाधिकारी र नेतृत्वको कार्यशैलीमाथि प्रश्न उठाएको छ। 'अध्ययनका क्रममा तयार भएका विभिन्न विवरण एवं तथ्यहरू तथा विशेषज्ञहरूसँग गरिएको परामर्श तथा छलफलबाट यसरी रोयल्टी राजस्व र दूरसञ्चार कोषको रकम चुहावट हुनका लागि जिम्मेवार रहेको नियामक निकाय प्राधिकरण र सेवाप्रदायकबीच मिलेमतोविना सम्भव नहुने आकलन गरिएको छ,' प्रतिवेदनमा भनिएको छ, 'यस काममा संलग्न कर्मचारी, पदाधिकारी तथा नेतृत्वको कार्यशैलीमाथि शंका उत्पन्न भएको छ।' समितिको कार्यसर्तको दायरामा नपरेकाले यसबारे छानबिन गर्न नसकिएको प्रतिवेदनमा उल्लेख छ।

असुलउपर गर्न छुट्याइएको रोयल्टी राजस्व र दूरसञ्चार कोषको रकम शीघ्र असुलउपर गर्न लगाइनुपर्ने राय समितिले दिएको छ। आगामी दिनमा प्रभावकारी संस्थागत संयन्त्रको निर्माण गरी राजस्व चुहावट हुन नदिन मन्त्रालयले अग्रणी भूमिकासहितको वित्तीय जवाफदेहिता वहन गर्नु उपयुक्त हुने राय पनि समितिको छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ थारू समुदायलाई आरक्षणमा अलमल

सुरक्षा निकाय, निजामती र संस्थानमा रोकियो भर्ना प्रक्रिया

नवराज मैनाली / नयाँ पत्रिका

सरकारी सेवाको भर्नामा थारू समुदायसहितलाई छुट्टै आरक्षण तोकेर भर्ना खुलाउन सर्वोच्च अदालतले फैसला गरेको नौ महिनासम्म सरकारले प्रावधान नबनाउँदा यस वर्ष सुरक्षा निकाय, निजामती र संस्थामा भर्ना प्रक्रिया नै रोकिएको छ। सर्वोच्चले २४ माघ ०७९ मा थारूलाई स्वतन्त्र समुदायका रूपमा छुट्टै आरक्षणको व्यवस्था गर्न परमादेश दिएको थियो। तर, सरकारले कानुन संशोधन गरेर आरक्षणको नयाँ सिद्धान्त बनाउन नसक्दा लोकसेवा आयोगले आर्थिक वर्ष ०८०/८१ का लागि खोल्नुपर्ने सबै विज्ञापन अवरुद्ध भएका हुन्।



यो समस्या तत्काल समाधान हुने सम्भावना पनि देखिँदैन। सरकारी सेवा प्रवेशको तयारीमा रहेका हजारौँ सर्वसाधारण प्रभावित बनेका छन्। साथै, समयमै भर्ना र तालिम नहुँदा निजामती सेवा, सुरक्षा निकाय तथा संगठित संस्थामा पनि तालिम तथा जनशक्ति अभावको समस्या बढेको छ।

हाल प्रधानन्यायाधीश रहेका तत्कालीन न्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ र डा. आनन्दमोहन भट्टराईको इजलासले नौ महिनाभित्र संघीय निजामती ऐन ल्याउन र त्यसमा थारूका लागि छुट्टै आरक्षणको व्यवस्था गर्न भनेको थियो। साथै, आर्थिक वर्ष ०७९/८० मा थारू समुदायका लागि छुट्टै आरक्षण नभएकाले त्यसलाई समेत जोडेर ०८०/८१ मा भर्ना गर्न परमादेश थियो। निजामती मात्र नभई सबै निकायमा यो व्यवस्था लागू गर्न भनिएको थियो।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी बललगायत निकायले विज्ञापनका लागि माग पठाए पनि सर्वोच्च अदालतको फैसलाअनुसार नयाँ व्यवस्था नहुँदा लोकसेवा आयोगले भर्ना

» पृष्ठ ११ मा क्रमशः

दूतावासको अनलाइन प्रणालीमा मंगलबार साँझसम्म स्वदेश फर्कन चाहनेको संख्या २८८

हवाई रुट अनुमति लिनुपर्ने असहजताले उद्धारमा ढिलाइ

इजरायलकै जहाजमा ल्याउने सरकारको प्रयास

उद्धार, घाइतेको उपचार तथा मृतकको शव नेपाल फर्काउन पूर्ण रूपमा सहयोग गर्ने इजरायली विदेशमन्त्रीको आश्वासन

पर्शुराम काफ्ले / नयाँ पत्रिका

विभिन्न मुलुकबाट हवाई रुट अनुमति लिनुपर्ने असहजताका कारण इजरायलकै जहाजमा नेपालीलाई ल्याउन सरकारले प्रयास गरेको छ। त्यसो हुन नसके नेपालबाट नेपाल एयरलाइन्स र हिमालय एयरलाइन्सको चार्टर उडान भरेर मृतकको शव तथा त्यहाँ रहेकालाई उद्धार गर्ने सरकारी तयारी छ।

मंगलबार रातिसम्म इजरायलमा रहेका नेपालीमध्ये दुई सय ८८ जनाले स्वदेश फर्किने इच्छा व्यक्त गरेका छन्। नेपाली राजदूतावासको अनलाइन दर्ता प्रणालीमा मंगलबार साँझसम्म तीन सय २४ जना नेपालीले विवरण टिपाएकोमा ३६ जनाले इजरायलमै अर्को ठाउँमा स्थानान्तरण हुन चाहेको उल्लेख गरेका छन्।

नेपाली राजदूतावासद्वारा मंगलबार राति



उद्धारको व्यग्र प्रतीक्षामा इजरायलमा रहेका नेपाली

जारी विज्ञप्तिअनुसार इजरायलको उत्तरी सिमानाआसपासमा उद्धारको पर्खाइमा रहेका ७२ जना नेपाली विद्यार्थीलाई अझ सुरक्षित ठाउँमा सारिएको छ। हमास समूहको आक्रमणबाट घाइते भई उपचारका क्रममा रहेका चारजनाको स्वास्थ्य अवस्थामा सुधार हुँदै गएको पनि दूतावासले जनाएको छ। दूतावासले भनेको छ, 'हराइरहेका एकजना नेपाली विद्यार्थीको खोजी कार्य प्रहरी, अस्पताललगायत उपलब्ध सम्पूर्ण

» पृष्ठ ११ मा क्रमशः



■ तिनकुने सामूहिक हत्या प्रकरण

अनुसन्धान प्रतिवेदन सरकारी वकिल कार्यालयमा पेस, अभियुक्त भण्डारीविरुद्ध जन्मकैद माग

टेकराज थामी/नयाँ पत्रिका

प्रहरीले तिनकुनेस्थित दिव्य सःमिलमा भएको सामूहिक हत्याको अनुसन्धान सकेर प्रतिवेदन सरकारी वकिल कार्यालयमा पेस गरेको छ। घटनाका अभियुक्त २३ वर्षीय सञ्जय भण्डारीविरुद्ध जन्मकैदको मागदाबी गरिएको छ।

जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंका अनुसार प्रहरीले हत्यासँग सम्बन्धित अनुसन्धान प्रतिवेदन मंगलबार साँझ वकिलको कार्यालयमा पेस गरेको हो। घटनाको २५ दिनपछि प्रहरीले अनुसन्धान प्रतिवेदन सरकारी वकिलको कार्यालयमा बुझाएको हो। कार्यालयका जिल्ला न्यायाधिवक्ता अच्युतमणि नेउपानले दिव्य सःमिलमा भएको हत्यासम्बन्धी अनुसन्धान प्रतिवेदन वकिलको कार्यालयमा पेस भएको बताए।

'तिनकुनेस्थित दिव्य सःमिलमा भएको सामूहिक हत्यासम्बन्धी अनुसन्धान प्रतिवेदन सरकारी वकिलको कार्यालयमा पेस भएको छ। प्रतिवेदन अध्ययन गर्न पाएको छैन। त्यसैले अभियुक्तविरुद्ध के कति सजाय मागदाबी गरिएको भन्न सकिने अवस्था रहेन,' उनले भने।

गत २९ भदौमा सःमिलमा कार्यरत दोलखा कालिञ्चोक गाउँपालिका- ८ का ५६ वर्षीय कुमार भुजेल भनिने पूर्णबहादुर भुजेल, उनकी श्रीमती ५० वर्षीया अम्बिका भुजेल, आमा ७६ वर्षीया सुभद्रा भुजेल र धनकुटा भिरगाउँ गाउँपालिका- २ का १९ वर्षीय नवीन भनिने विशाल राईको सामूहिक हत्या भएको थियो। घटनामा संलग्न रहेको भन्दै प्रहरीले भण्डारीलाई ३१ भदौमा सिन्धुपाल्चोकस्थित बाह्रबिसेबाट पक्राउ गरी ल्याएको थियो।

फरक क्षमता (बोल्न नसक्ने)का भण्डारीसँग जिल्ला प्रहरी परिसर काठमाडौंले बहिरा संघका दोभाषेमार्फत बयान लिएको थियो। बयानका क्रममा उनले थप १६ जनाको हत्या गरेको सनसनीपूर्ण बयान दिएका थिए। प्रहरीले उनको बयानलाई आधार बनाएर केही घटनाको अनुसन्धानसमेत गरेको थियो। तर, प्रमाण स्थापित हुने गरी बयान मेल नखाएपछि प्रहरीले उनको ब्रेन फिंगरप्रिन्ट लिने योजना बनाएको थियो। यसका लागि प्रहरीले नेपाल प्रहरी अस्पतालमा कार्यरत विशेषज्ञसँग परामर्श पनि लिएको थियो। उपकरण नभएकाले उनको 'ब्रेन म्यापिङ (दिमागी हालत परीक्षण) गर्ने कामसम्म भएको थियो। यसका लागि प्रहरीले उपलब्ध



अभियुक्त सञ्जय भण्डारी

प्रविधिमार्फत प्रयोग गरेको थियो।

जिल्ला प्रहरीपरिसर काठमाडौंका प्रवक्ता एसपी कुमुद ढुंगेलले भण्डारीको उपलब्ध उपकरणमार्फत दिमागी हालत (ब्रेन म्यापिङ) परीक्षण गर्ने काम भएको जानकारी दिए। 'हामीकहाँ उपलब्ध उपकरणको सहयोगमा अभियुक्तको ब्रेन म्यापिङ गर्ने काम भएको छ। उपलब्ध प्रमाणका आधारमा उनीविरुद्ध जन्मकैदको मागदाबी गरिएको छ,' उनले भने।

हिरासतमा रहेका उनले दिएको बयान यति सनसनीपूर्ण थियो कि जसको अनुसन्धान गर्न प्रहरीलाई अत्याधुनिक ब्रेन फिंगरप्रिन्ट(बिएफ) नै आवश्यक परेको थियो। तर, उक्त उपकरणमा नेपाल प्रहरीसँग छैन। ब्रेन फिंगरप्रिन्ट अर्थात् एफबी अपराध अनुसन्धानको त्यो अत्याधुनिक प्रविधि हो जसले मस्तिष्कभित्र संग्रहित तरंग मापन गरी भण्डारण भएका सूचना पत्ता लगाउँछ। जसका लागि इइजी (इलेक्ट्रोइन्सेफलोग्राम) मार्फत मस्तिष्कलाई सक्रिय तुल्याइन्छ। र, घटनास्थल, आतंकवादजन्य तालिम, बम बनाउने सीपलगायतका विषयसँग सम्बन्धित सूचना शब्द र दृश्यमार्फत उतारिन्छ। अमेरिकी फौजदारी मुद्दामा यसको प्रयोग गरिसकिएको छ। जसलाई त्यहाँको अदालतले पनि स्वीकार गरिसकेको छ।

अमेरिकी सरकारी संयन्त्र नेसनल लाइब्रेरी अफ मेडिसिनमा उल्लेखित विवरणअनुसार ब्रेन फिंगरप्रिन्टले मानिसको मस्तिष्क मापन गर्छ। जसलाई प्रयोग गर्नुअघि अमेरिकी एफबिआई, सिआइए, अमेरिकी नेभीलगायतको प्रयोगशालामा प्रयोग गरिएको थियो। जसमा नतिजा सतप्रतिशत सकारात्मक देखिएको थियो। यद्यपि, यसको वैधताका लागि अझै पनि वैज्ञानिक मापदण्ड पूरा गर्न आवश्यक रहेको बताइन्छ। तर, यो अपराध अनुसन्धानमा प्रयोगमा आएका वैकल्पिक माध्यमभन्दा प्रभावकारी रहेको लाइब्रेरी अफ मेडिसिनको वेबपेजमा उल्लेख छ।

उपत्यकामा फैलिँदै डेंगु

आठ दिनमा १५७ जनामा संक्रमण, अस्पताल पुग्ने बिरामी दिनहुँ बढ्दै

डेंगु संक्रमण अझै उच्च विन्दुमा पुग्छ

● डा. शेरबहादुर पुन



मनसुन सकिएलगत्तै हरेक वर्ष डेंगु संक्रमण बढ्छ, यो विगतको तथ्यांक पनि हो। धरानमा देखिएको संक्रमणको भयावहलाई हेरेर यस वर्ष अन्य जिल्लालाई कसरी डेंगुबाट जोगाउने भनेर काम गर्न सकिने पर्याप्त ठाउँ थियो। तर, सोअनुसार सरकारी निकायले काम गरेन। डेंगु नियन्त्रणमा स्थानीय तहले गरेका प्रयास पनि निकै कमजोर भए। सरकारी निकाय र नागरिक समाजले यसको रोकथामबारे पर्याप्त गृहकार्य गरेनन्। मेरो विचारमा डेंगु संक्रमण अझै उच्च हुन्छ। टाउको दुख्ने, ज्वरो आउने, प्लेटलेट घटेर अस्पताल आउने बिरामी बढिरहेका छन्।

स्थानीय तहले प्रचारबाजी मात्रै गरे


● डा. अनुप बाँस्तोला
प्रमुख, स्वास्थ्य सेवा विभाग, उपचारात्मक महाशाखा



स्थानीय तहहरूले प्रचारबाजीका लागि 'लामखुट्टेका लार्भा खोज र नष्ट गर' अभियान चलाइरहे पनि त्यो प्रभावकारी छैन। डेंगु संक्रमण अझै बढ्ने अवस्था छ। जनप्रतिनिधिले डेंगु नियन्त्रणका लागि प्रचारबाजी मात्रै गर्नुभएको देखिन्छ, यसलाई राजनीतिक तह तथा स्थानीय तहले गम्भीर रूपमा लिएको पाइँदैन। टायर, गमला र खाली भाडामा पानी जम्न नदिन कम्तीमा साताको एकपटक लामखुट्टे तथा लार्भा नियन्त्रण अभियानलाई तीव्रता दिनुपर्छ।

शिवहरि घिमिरे/नयाँ पत्रिका

काठमाडौं उपत्यकालगायत देशका विभिन्न जिल्लामा जनवरी (पुस)देखि नै फैलिएको डेंगु संक्रमण नियन्त्रण नहुँदा जोखिमपूर्ण अवस्था सिर्जना भएको छ। सरकारी निकायबाटै डेंगु नियन्त्रणमा प्रभावकारी कदम नचाल्दा उपत्यकासहितका जिल्लामा नपत्याउँदो गरी संक्रमण फैलिरहेको छ।



पछिल्ला आठ दिन (१ अक्टोबरयता)मा मात्रै उपत्यकाभित्र एक सय १५७ जनामा डेंगु संक्रमण पुष्टि भएको छ। यही गतिमा संक्रमण बढ्दै जाने हो भने अक्टोबर महिनामा मात्रै चार सय ५० भन्दा बढी व्यक्ति संक्रमित हुने तथ्यांकले देखाएको छ। यसअघि १ देखि ८ सेप्टेम्बरमा उपत्यकाका तीन जिल्लामा जम्मा ६० जनामा संक्रमण देखिएको थियो। तर, १ देखि ९ अक्टोबरमा एक सय ५७ जनामा संक्रमण देखिएको छ। जसमा सबैभन्दा कम भक्तपुरमा एकजना, ललितपुरमा ३० जना र काठमाडौंमा एक सय २६ जनामा संक्रमण देखिएको छ। यो तथ्यांकले काठमाडौंमा संक्रमण अस्वाभाविक रूपमा बढ्दै गइरहेको देखाउँछ। अघिल्लो महिना सेप्टेम्बरमा काठमाडौंमा दुई सय ३०, ललितपुरमा ४९ र भक्तपुरमा एक सय १० गरी तीन सय ८९ जनामा संक्रमण देखिएको थियो। तर, अक्टोबरमा यो संख्या थप उच्च हुने इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको तथ्यांकले देखाउँछ। महाशाखाका अनुसार १ जनवरीयतादेखि काठमाडौंमा सात सय ६४, भक्तपुरमा दुई सय ६३ र ललितपुरमा दुई सय ५२ जनामा संक्रमण देखिएको छ। वरिष्ठ सरुवा रोग विशेषज्ञ डा. शेरबहादुर पुनले केही दिनदेखि डेंगु संक्रमण बढ्दै गइरहेको बताए। 'मनसुन सकिएलगत्तै डेंगु संक्रमण पनि बढ्दो क्रममा छ, तर यसको रोकथाम प्रयास निकै कमजोर भएको छ,' उनले भने, 'अस्पतालहरूमा उपचार गर्न आउने डेंगुका बिरामीको संख्या धेरै छ, तर सरकारी र नागरिक तहबाट यसको नियन्त्रणमा चासो देखिँदैन।'

नेपालमा गत वर्ष भयावहको अवस्थामा फैलिएको डेंगु संक्रमणले जनवरी २०२३ मा पनि तीव्रता लिएको थियो। गत वर्ष काठमाडौंमा सबैभन्दा बढी फैलिएको डेंगु यस वर्ष सुनसरीमा फैलिएको छ। तर, डेंगु नियन्त्रणमा यो वर्ष पनि सरकारले प्रभावकारी कदम चाल्न सकेन। गत वर्ष पनि लामखुट्टेको लार्भा खोज्ने र नष्ट गर्ने अभियानमा चुकेको सरकार अहिले पनि त्यही स्थितिमा छ। अघिल्लो वर्षबाट पाठ सिकेर यस वर्ष रोकथाममा प्रभावकारी कदम चाल्नुपर्ने भए पनि सरकार डेंगु संक्रमणप्रति सचेत छैन। डेंगु नियन्त्रणमा सरकारले पर्याप्त जनशक्ति परिचालन गरेको छैन भने लामखुट्टेका लार्भा फैलने सडकमा पानी जम्ने खल्डा पुरिएको पनि छैन। मोटरसाइकल वर्कसपहरूले अव्यवस्थित रूपमा पुराना टायरमा पानी जम्ने गरी राखेका छन् भने नागरिकस्तरमा पनि यसको सचेतना सुरु भएको छैन।

स्थानीय तहहरूले प्रचारबाजीका लागि 'लामखुट्टेका लार्भा खोज र नष्ट गर' अभियान चलाइरहे पनि त्यो प्रभावकारी छैन। स्वास्थ्य सेवा विभाग, उपचारात्मक महाशाखा प्रमुख डा. अनुप बाँस्तोलाले डेंगु संक्रमण अझै बढ्न सक्ने चेतावनी दिए। यसको नियन्त्रणबारे चासो नदिए जोखिम निम्तने उनको भनाइ छ। 'जनप्रतिनिधिले डेंगु नियन्त्रणका लागि प्रचारबाजी मात्रै गर्नुभएको देखिन्छ, यसलाई राजनीतिक तह तथा स्थानीय तहले गम्भीर रूपमा लिएको पाइँदैन,' उनले भने, 'टायर, गमला र खाली भाँडामा पानी जम्न नदिन कम्तीमा साताको एकपटक लामखुट्टे तथा लार्भा नियन्त्रण अभियानलाई तीव्रता दिनुपर्छ।' महाशाखाका निर्देशक डा. रुद्र मरासिनी डेंगु रोकथामका लागि सरकारी निकाय र नागरिक समाज नै जागरुक हुनुपर्ने बताउँछन्। सरकार र नागरिकको बेवास्ताका कारण संक्रमण दर अझै नियन्त्रणउन्मुख अवस्थामा छैन। नेपालमा डेंगुको पहिलो केस ०६१ सालमा देखिएको थियो।

यस वर्ष जनवरीमा एक सय ३०, फेब्रुअरीमा दुई सय २८, मार्चमा दुई सय तीन, अप्रिलमा एक सय ५३, मेमा एक सय ५८, जुनमा एक हजार दुई, जुलाईमा ६ हजार ६९, अगस्टमा १३ हजार आठ सय ४६, सेप्टेम्बरमा ११ हजार पाँच सय ८० र अक्टोबर ९ तारिखसम्म तीन हजार नौ चार सय ७५ जनामा संक्रमण देखिएको छ। महाशाखाको तथ्यांकअनुसार उपत्यकाबाहेकका जिल्लाहरूमा पनि डेंगु संक्रमण नियन्त्रणउन्मुख छैन। हालसम्म सुनसरीमा डेंगु संक्रमित हुनेको संख्या १६ हजार ९५ पुगेको छ। त्यस्तै, झापामा तीन हजार पाँच सय ७१, धादिङमा तीन हजार एक सय २९, तनहुँमा तीन हजार सात सय दश, मोरङमा दुई हजार दुई सय ७३, कास्कीमा एक हजार चार सय आठ, संखुवासभामा पाँच सय २८, कैलालीमा चार सय ८१, धनकुटामा चार सय ४५ जनामा संक्रमण देखिएको छ। हालसम्म देशका ७६ वटा जिल्लामा डेंगु संक्रमण फैलिएको छ भने २० जनाले मृत्युवरण गरेका छन्।

डेंगु संक्रमण : कुन वर्ष कति ?

वर्ष	प्रभावित संख्या
२००४	१
२००५	०
२००६	३२
२००७	२७
२००८	१०
२००९	३०
२०१०	९१७
२०११	७९
२०१२	१८३
२०१३	६८६
२०१४	३५६
२०१५	१३५
२०१६	१५२७
२०१७	२१११
२०१८	८११
२०१९	१७,९९२
२०२०	५३०
२०२१	५४०
२०२२	५४,७८४
२०२३	अक्टोबर ९ सम्म ३६७४४

बुढानीलकण्ठ : बुढानीलकण्ठ नपा-३, बुढानीलकण्ठ मन्दिरनजिकैबाट अवैध लागुऔषध ब्राउन सुगरसहित सुनसरी धरान उमनपा-१२ का २० वर्षीय सन्दीप भन्ने समीर राईलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी प्रभाग बुढानीलकण्ठबाट खटिएको प्रहरीले उनलाई लागुपदार्थसहित पक्राउ गरेको हो। साथै, अनुसन्धानका क्रममा लागुऔषध ओसारपसारमा संलग्न रहेको खुल्न आएका अन्य दुईजनालाई समेत काठमाडौं चाबहिलबाट प्रहरीले नियन्त्रणमा लिएको छ।

विमानस्थल : त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पाँच सय १० ग्राम सुनसहित एक जना पक्राउ परेका छन्। पक्राउ पर्नेमा सिन्धुलीका नवराज धामी रहेका त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख डा टोकराज पाण्डेले राससलाई जानकारी दिएका छन्। उनका अनुसार मलेसियाबाट मलेसियन एयरलाइन्समा सोमबार काठमाडौं आएका धामीले टिभीको भित्रपट्टी लुकाई-छिपाई ल्याएको उक्त सुन विमानस्थल भन्सार कार्यालयले पक्राउ गरेको हो। उक्त विषयमा आवश्यक अनुसन्धान सुरु भएको डा. पाण्डेले बताए।

मंगलबार उपत्यकामा

तिलगंगा : तिलगंगा आँखा प्रतिष्ठानले २५ असोजमा चेतनामूलक कार्यक्रमसहित विश्व दृष्टि दिवस मनाउने भएको छ। मंगलबार काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा प्रतिष्ठानका प्रमुख कार्यकारी अधिकृत रीता गुरुङले 'कार्यस्थलमा आँखालाई माया गरौं' भन्ने नारासहित साताव्यापी रूपमा विभिन्न कार्यस्थलमा स्वास्थ्य टोली परिचालन गरी चेतनामूलक कार्यक्रम तथा आँखा शिविर सञ्चालन गरेर विश्व दृष्टि दिवस मनाइने बताइन्।

बौद्ध : काठमाडौं मनपा-६, बौद्ध भूगोलडाँडा डेरा गरी बस्ने मकवानपुर बकैया गापा-९ की ३२ वर्षीया सिर्जना तामाङको कोठाबाट विभिन्न प्रकारका सुन तथा चाँदीका गरगहना गरी करिब तीन लाख रुपैयाँबराबरको धनमाल चोरी भएको छ। प्रहरीले चोरीमा संलग्न फरार व्यक्तिको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-९७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	
१)	१) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा प्रा.फ.र.नं. १८९२२/०७७/०७८ स्थानीय व्यापार अन्तर्गत मिति २०७७२०४/०८ मा प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम दर्ता भएको कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ६, मा स्थित **बुज स्टेशन लिक्वयर स्टोर्स** **प्रोप्राइटर तथा जमानीकर्ता : जिवन वहादुर पहारी** स्थायी ठेगाना : कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ६ हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ६ बाबु : देब वहादुर पहारी बाजे : तोप वहादुर पहारी	**२) जिवन वहादुर पहारी** स्थायी ठेगाना : कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ६ हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ६ बाबु : देब वहादुर पहारी बाजे : तोप वहादुर पहारी

धितोको विवरण

१) ठोप वहादुरकी बुहारी, देब वहादुर पहारीकी पत्नि, कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ६ बस्ने सीता पहारीको नाममा मालपोत कार्यालय कास्की, पोखराको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ६ स्थित किता नं. ५९ को क्षेत्रफल २९०.६० (व.मि) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
२) बुज स्टेशन लिक्वयर स्टोर्स को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) देब वहादुर पहारी स्थायी ठेगाना : कास्की जिल्ला, पोखरा न.प. वडा नं. ६ हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ६ बाबु : तोप वहादुर बाजे : वाङ सीङ पहारी	२) सीता पहारी स्थायी ठेगाना : कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ६ हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ६ ससुरा : तोप वहादुर पति : देब वहादुर पहारी	३) सीतल पहारी स्थायी ठेगाना : कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ६ हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ६ बाबु : देब वहादुर पहारी बाजे : तोप वहादुर
४) सोबित बहादुर पहारी स्थायी ठेगाना: कास्की जिल्ला, पोखरा लेखनाथ म.न.पा. वडा नं. ६ हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ६ बाबु : देब वहादुर पहारी बाजे : तोप वहादुर	५) कमल बहादुर पहारी स्थायी ठेगाना : कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ६ हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ६ बाबु : देब वहादुर पहारी बाजे : तोप वहादुर	

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

■ जनशक्ति हटाएपछि वीरमा उपचार सेवा प्रभावित

२३ आइसियूसहित १५० बेड बन्द, पाँच सय दरबन्दी खाली

नयाँ पत्रिका

वीर अस्पतालले करारमा कार्यरत जनशक्ति हटाएपछि उपचार सेवा प्रभावित बनेको छ। २० असोजदेखि लागू हुने गरी अस्पतालले विशेषज्ञ, एमबिबिएस चिकित्सकसहित दुई सय ७६ जना स्वास्थ्यकर्मी निकालेपछि उपचार सेवा नै प्रभावित बनेको हो।

हटाइनेमा ५० जना एमबिबिएस चिकित्सक, दुईजना विशेषज्ञ चिकित्सक, १७ जना इमर्जेन्सीमा कार्यरत चिकित्सक, एक सय ५५ जना स्टाफ नर्स, ल्याबमा कार्यरत १० जना, अन्य रेडियोलोजी, प्याथोलाजीलगायतमा काम गर्ने स्वास्थ्यकर्मी छन्। तर नयाँ दरबन्दी प्रक्रियाबाट कर्मचारी भर्ना गर्ने तयारी नै नगरी स्वास्थ्यकर्मी हटाउँदा उपचार सिस्टममै समस्या उत्पन्न भएको छ। स्वास्थ्यकर्मी निकालेपछि एक सय ५५ वटा बेड घटाइएको छ। जनशक्ति घटाएर उपचार सेवा खुम्च्याइएपछि सर्वसाधारण मारमा परेका छन्।

५५ वटा आइसियू बेडमध्ये २३ वटा बेड घटाएको छ। जनशक्ति अभाव हुने देखिएपछि अस्पताल प्रशासनले शय्या नै घटाएको हो। हाल ब्लड बैंक, इमर्जेन्सी, ल्याबलगायतमा जनशक्तिको अभाव छ। दिनहुँ बिरामी बढे पनि जनशक्ति घटेकाले उपचार लिन कठिन हुने गरेको छ। हाल हटाइएका स्वास्थ्यकर्मी कोभिडकालमा भर्ना गरिएको थियो। उक्त संख्यासहित वीरमा सबै कर्मचारीको संख्या एक हजार आठ सय हाराहारी थियो।

उपचार सेवामा खटिने दक्ष र कोर टिम निकालेपछि उपचार सेवा प्रभावित बनेको अस्पताल प्रशासनले जनाएको छ। 'यसअघि सबै बेड सञ्चालनमा थिए, तर एकाएक स्वास्थ्यकर्मी निकालिएपछि उपचार सेवा प्रभावित बनेको छ,' वीरका एक चिकित्सकले भने, 'पाँच सय दरबन्दी खाली थियो। स्थायी नआउँदासम्म करार जनशक्ति राखेको भए यस्तो समस्या हुने थिएन, कम्तीमा सर्वसाधारणले सहजै सेवा त पाउँथे।' हाल निकालिएको स्वास्थ्यकर्मी डायलाइसिस र आइसियू सञ्चालन गर्न सक्ने दक्ष जनशक्ति पनि हो। दक्ष जनशक्ति निकालिएपछि नयाँ जनशक्ति ल्याएर काम गर्न कठिन हुने चिकित्सकहरू बताउँछन्।

स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतकै इच्छाअनुसार वीरमा स्वास्थ्यकर्मी कटौती गरिएको हो। विपद्का वेला स्वास्थ्यकर्मीलाई खोजीखोजी राख्ने, तर चाडबाडका वेला तिनै स्वास्थ्यकर्मीलाई निष्कासन गरिएको भन्दै केही स्वास्थ्यकर्मीले सरकारको निर्णयको विरोधसमेत गरेका छन्। स्रोतका अनुसार स्वास्थ्यमन्त्री बस्नेतले आफूनिकट व्यक्तिलाई नियुक्ति गर्न कराका स्वास्थ्यकर्मीलाई निकालेका हुन्। 'यहाँ अझै जनशक्तिको अभाव छ, तर पनि जनशक्ति निकालियो,' अस्पतालका एक चिकित्सकले भने, 'विपद्का वेला हामीले खटिएर काम गर्यौं, तर अहिले हामीलाई निकालेर अरूलाई राख्न खोजिएको छ।'



स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेत भन्छन्- तलब दिन नसक्ने भएकाले स्वास्थ्यकर्मी कटौती गरियो



स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतले वीर अस्पतालमा कोभिडकालमा कोभिडको उपचारका लागि भर्ना गरिएका स्वास्थ्यकर्मी निकालिएको बताए। 'त्यो जनशक्ति कोभिड नियन्त्रणका लागि राखिएको हो। अहिले तलब दिन सक्ने अवस्था भएन। अर्थ मन्त्रालयबाट पैसा कम आयो,' उनले भने, 'त्यसैले बढी भएकोलाई निकालेका हौं। अब स्थायी दरबन्दीबाट नयाँ जनशक्ति थप गर्छौं। उपचार सेवा प्रभावित हुन दिँदैनौं।' हाल वीर अस्पतालमा स्वास्थ्यकर्मी र कर्मचारी गरी पाँच सय दरबन्दी खाली छ। दरबन्दीअनुसार स्वास्थ्यकर्मी पनि भर्ना नगर्ने र करारका कर्मचारीलाई पनि निकाल्ने गरिएपछि उपचार सेवामा समस्या देखिएको छ।

■ रगत नमुना संकलनमा समेत समस्या

अस्पतालका ब्लड बैंक शाखाका अनुसार ल्याबमा काम गर्ने मात्रै १० जना स्वास्थ्यकर्मी निकालिएका छन्। २४सै घन्टा खोल्नुपर्ने इमर्जेन्सी ल्याब स्वास्थ्यकर्मी कटौतीपछि दिउँसो मात्रै सञ्चालन गरेर राति बन्द गरिएको छ। हाल बिरामीको सबैखाले परीक्षण र उपचारका लागि रगत तान्ने कर्मचारी चारजना मात्रै छन्। यसअघि रगत तान्ने कर्मचारी आठजनाभन्दा बढी थिए। दैनिक ६ सयदेखि एक हजारसम्मको रगत परीक्षण गर्ने गरिएकोमा कर्मचारी निकालेपछि सेवा नै खुम्चिएको छ।

अब सबै वाणिज्य बैंकहरुको मोबाईल बैंकिङ्कबाट NEPALPAY QR SCAN गरी भुक्तानी गर्न सकिने।

NEPALPAY

Integrating NepalQR

आबद्ध बैंक वित्तीय संस्थाहरु:

वाणिज्य बैंक

Agricultural Development Bank Ltd. कृषि विकास बैंक लि. | Citizens Bank | एभरेष्ट बैंक लिमिटेड EVEREST BANK LIMITED | Global IME Bank | HBL Himalayan Bank Ltd. | कुमारी बैंक लिमिटेड KUMARI BANK LIMITED

Laxmi Sunrise | माछापुच्छे बैंक | NABIL BANK | नेपाल बैंक लिमिटेड NEPAL BANK LIMITED | NIMB | NIC ASIA

NMB BANK एनएमबि बैंक | नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD. | prabhu Bank | PRIME BANK LTD. | राष्ट्रिय वाणिज्य बैंक लि. RASTRIYA BANIJYA BANK LTD. | SanimaBank

SiddharthaBank | standard chartered

विकास बैंक

गरिमा विकास बैंक लिमिटेड Garima Bikas Bank Limited | ज्योति विकास बैंक लि. JYOTI BIKASH BANK LTD. | कामना सेवा विकास बैंक लि. Kamana Sewa Bikas Bank Ltd. | मुक्तिनाथ विकास बैंक लि. MUKTINATH BIKAS BANK LTD.

शाङ्ग्रिला डेभलपमेन्ट बैंक लि. Shangri-la Development Bank Ltd. | SHINE RESUNGA DEVELOPMENT BANK LTD.

फाइनान्स कम्पनी

गुडविल फाइनान्स लिमिटेड GOODWILL FINANCE LIMITED | ICFC | Samriddhi Finance

डिजिटल वालेट

CELLPAY सबै.सधैं | HAMRO PAY | iCash | IMEpay | khalti

MORU | cash | prabhu PAY | सजिलो PAY

कनेक्ट आईपिएस

connect IPS pay direct from bank


उपलब्ध सेवाहरु:


Static QR


Dynamic QR


Gateway QR


Business App


Customer Presented QR

Powered by: nPS National Payment Switch Unifying Payments for Nepal

NEPALPAY QR MERCHANT बन्नको लागि आफ्नो बैंक वित्तीय संस्थामा सम्पर्क गर्नुहोस्।

■ कोशीमा कांग्रेसको रणनीति

मध्यावधि रोक्न सरकार गठनका सबै विकल्प खुला

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

कांग्रेसले कोशीमा मध्यावधि रोक्ने रणनीतिअन्तर्गत सरकार गठनका सबै विकल्प खुला राखेर संवाद अगाडि बढाउने भएको छ। आफ्नै नेतृत्वको सरकारलाई प्राथमिकतामा राखेको कांग्रेसले उपप्रधानमन्त्री पूर्णबहादुर खड्कालाई गठबन्धनसँग छलफलको जिम्मेवारी दिएको छ।

गठबन्धनमा गडबड भए त्यसको असर राष्ट्रिय राजनीतिमा पर्न सक्ने भएकाले कांग्रेस उदार देखिएको हो। कांग्रेस सरकार गठनमा आफ्नै नेतृत्व मात्र दाबी गरेर जटिलता सिर्जना नगर्ने रणनीतिमा छ। सरकार गठन हुन नसके मध्यावधिमा जाने र अस्थिरताको सन्देश जाने भएकाले ठूला दल त्यसमा सतर्क देखिएका छन्।

मंगलबार बसेको कांग्रेस पदाधिकारी बैठकमा गठबन्धनभित्र र राप्रपासँग छलफल गरेर आफ्नै नेतृत्वमा सरकार गठनका लागि अघि बढ्ने निर्णय लिएको छ। सहमहामन्त्री भीष्मराज आडदेम्बेले गठबन्धन दलसँग छलफल गर्दै राप्रपालाई पनि सामेल गराउने गरी पहिलो चरणमा वार्ता अगाडि बढ्ने बताए। सरकार गठन हुन नसके र उसले विश्वासको मत पाउने राजनीतिक वातावरण नबने मध्यावधितिर जाने अवस्था देखिएको छ। यसैलाई ध्यान दिँदै कोशीमा अस्थिरता रोक्ने पहिलो प्रयास राप्रपासँग सहकार्यबाहेकको विकल्प नरहेको कांग्रेसको ठहर छ।

सहमहामन्त्री आडदेम्बेले सरकार गठन नभए अस्थिरताको सम्भावना रहने भएकाले मध्यावधिमा जान नदिने गरी छलफल भइरहेको बताए। 'राप्रपालाई नसमेटी कोसीमा सरकार बन्ने अवस्था छैन। राप्रपालाई गठबन्धनमा सामेल गराउने र कांग्रेसकै नेतृत्वमा सरकार बनाउने प्रयास भइरहेको छ,' सहमहामन्त्री आडदेम्बेले भने, 'यसपछिका विकल्पका विषयमा कुनै निर्णय भएको छैन। गठनबन्धनका शीर्ष नेतासँगको छलफलपछि अरू विकल्पबारे टुंगो लाग्छ।'

कांग्रेसका अनुसार कोशीमा सरकार गठनका तीन विकल्प छन्। पहिलो- अहिलेको गठबन्धनमा राप्रपा जोडिने। दोस्रो- एमाले र कांग्रेस मिलेर सरकार बनाउने। र, तेस्रो- कांग्रेस र एमालेका दुई-दुईपटक मुख्यमन्त्री बाहिरिएकाले माओवादी नेतृत्वमा सरकार बनाउने र त्यसमा एमालेले बाहिरबाट समर्थन जनाउने।

कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्माले आफ्नै नेतृत्वमा सरकार गठन गर्न पहिलो प्रयास गर्ने र नभए सबै विकल्पमा जान तयार रहने पार्टी नीति रहेको बताए। 'पहिलो प्रयास हाम्रै नेतृत्व हुनुपर्छ भन्ने छ। तर, वैकल्पिक सरकार बन्ने अवस्थामा लचक छौं। कोशीमा गठबन्धन तोडिए राष्ट्रिय राजनीति प्रभावित हुन सक्छ,' त्यसैले पहिलो प्राथमिकता गठबन्धनलाई कायम गर्ने नै हुन्छ। दोस्रो विकल्पका रूपमा एमालेसँग पनि संवाद गर्ने र मध्यावधिमा जानबाट रोक्ने हुनेछ।'



कोशीमा ४० सांसद रहेको एमालेले औचित्यका आधारमा जुनसुकै राजनीतिक दललाई समर्थन गर्न खुला हुने रणनीति बनाएको छ। एमालेका प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले आफूहरू मध्यावधि चुनावको पक्षमा नरहेको बताए। 'भर्खरै छोडेको हिसाबले एमालेले आफैं सरकारमा दाबी गर्दैन,' उनले भने, 'तर, हामी मध्यावधिको पक्षमा छैनौं। त्यसकारण प्रादेशिक सहमतिको सरकार बनाउने कुरामा हाम्रो सहयोग र समर्थन रहन्छ। हाम्रो सिट संख्या थपिँदा सरकार बन्न सक्ने गरी कुनै राजनीतिक दल आउँछन् भने औचित्यका आधारमा उनीहरूलाई समर्थन गर्न खुला र तत्पर छौं।'

> राप्रपालाई नसमेटी कोशीमा सरकार बन्ने अवस्था छैन, त्यसैले राप्रपालाई गठबन्धनमा सामेल गराउने र कांग्रेसकै नेतृत्वमा सरकार बनाउने प्रयास कांग्रेसको तर्फबाट भइरहेको छ

कांग्रेसका केही नेताले कोशीमा स्थिर सरकार बनाउन एमालेसँग सहकार्य गर्नुपर्ने मत राखेका छन्। महामन्त्री गगन थापाले ८ असोजमा केन्द्रीय समिति बैठकमै कोशीमा एमालेसँग मिलेर सरकार बनाउन प्रस्ताव गरेका थिए। २० असोजमा सर्वोच्चको परमादेशपछि प्रदेश सभामा सबैभन्दा ठूलो दलको हैसियतका मुख्यमन्त्री बनेका हिक्मतकुमार कार्कीले विश्वासको मत परीक्षणअगाडि नै राजीनामा गरेपछि नयाँ सरकार गठनको कोर्स सुरु भइसकेको छ। संविधानको धारा १६८ को उपधारा ५ अनुसार २६ असोजभित्र अन्तिम सरकार गठनका लागि प्रदेश प्रमुख परशुराम खापुडले आह्वान गरेका छन्। संविधानको धारा १६८ उपधारा २ र ३ अनुसार चारवटा सरकार बनिसकेकाले सरकार गठनको यो अन्तिम विकल्प हो। यसरी नियुक्त मुख्यमन्त्रीले ३० दिनभित्र विश्वासको मत हासिल नगरे कोशी मध्यावधि चुनावमा जानेछ। त्यसैले मंसिरमा गठन भएको प्रदेश सभाबाट बन्ने यो अन्तिम सरकार हो। सभापति शेरबहादुर देउवाले नेता कृष्ण सिटौला, महामन्त्री विश्वप्रकाश शर्मालगायत कोसीबाट राष्ट्रिय राजनीतिमा प्रतिनिधित्व गर्ने नेताहरूसँग निरन्तर छलफल गरिरहेका छन्।

प्रदेशमा एमालेका उपसभामुखसहित ४०, कांग्रेसका २९, माओवादीका १३, राप्रपाका ६, एकीकृत समाजवादीका चार र जनता समाजवादीका एकजना सांसद छन्। जम्मा ९३ जना सांसद रहेको कोशी प्रदेशमा बहुमतका लागि ४७ जना सांसद चाहिन्छ। सरकार गठनका लागि चाहिने ४७ सांसद अहिलेको केन्द्रको सत्तागठबन्धनसँग छ। नियुक्त हुने पाँचौं मुख्यमन्त्रीले पुनः ३० दिनभित्र फेरि संसद्बाट बहुमत प्राप्त गर्न सके मात्र सरकार टिक्न सक्नेछ। तर, विश्वासको मत हासिल गर्ने-नगर्ने भन्ने प्रदेश सभाको परीक्षणमा मात्र तय हुनेछ। उपसभामुखले प्रदेश सभा चलाए गठबन्धनमै रहेका दलहरूसँग बहुमत पुग्छ। तर, उपसभामुख कारणवश सदनमा अनुपस्थित भएको अवस्थामा भने ज्येष्ठ सदस्यले सदन चलाउनुपर्छ। त्यसवेला गठबन्धनकै सांसदले सदन चलाउनुपरे बहुमत पुग्दैन। यदि ६ सदस्य रहेको राप्रपाले समर्थन गरे भने सहजै बहुमत पुग्नेछ।

नयाँ मुख्यमन्त्रीका लागि सबैजसो दलको दाबी छ। दुईपटक मुख्यमन्त्री बनेर अदालतबाट पदमुक्त भएका कांग्रेसका उद्धव थापाले नयाँ सरकारमा आफ्नो दाबी कायमै रहने बताउँदै आएका छन्। उनले स्वाभाविक प्रक्रिया र गठबन्धनमा विवाद नभएकाले आफ्नो दाबी स्वाभाविक हुने आधार पेस गर्दै आएका छन्। तर, कांग्रेसभित्रै दुईपटक मुख्यमन्त्री बनेर पनि असफल भइसकेकाले पुनः थापालाई अगाडि सार्न नहुने र यसले सकारात्मक सन्देश नजाने मत छ।

विश्वासको मत नपाएर राजीनामा दिन बाध्य मुख्यमन्त्री कार्कीले सबैभन्दा ठूलो दल भएकाले नयाँ सरकारको मुख्यमन्त्रीमा एमालेको दाबी रहने बताउँदै आएका छन्। माओवादीले साझा हितका लागि आफ्नो पार्टीको नेतृत्वमा सरकार गठन हुनुपर्ने अडान लिएको छ।

कांग्रेस बैठकमा इजरायलको अवस्थाबारे ब्रिफिङ

सहमहामन्त्री जीवन परियारले समसामयिक विषयअन्तर्गत इजरायलमा नेपालीको अवस्था र उद्धारको पहल, पार्टीका विभाग गठनलगायत आन्तरिक संगठनका विषयमा बैठकमा छलफल भएको बताए। इजरायलका नेपालीको अवस्थाबारे परराष्ट्रमन्त्री एनपी साउदले सरकारले गरिरेहको पहल र पछिल्लो प्रगतिको अवस्थाबारे बैठकमा ब्रिफिङ गरेका थिए।

परराष्ट्रमन्त्री साउदले बैठकमा नेपालीलाई उद्धारका लागि नेपाली विमान जान जोखिम हुने भएकाले कतार र साउदी अरेबियाको विमान चार्टर्ड गर्न पहल भइरहेको जानकारी गराएका थिए। साथै, साढे दुई सय विद्यार्थी उद्धारका लागि दूतावासको सम्पर्कमा रहेको जानकारी गराएका थिए। प्रमुख सचेतक मुख्यसचिव कृष्णप्रसाद पौडेलका अनुसार यसबाहेक बैठकमा क्रोजागत पूर्णिमाका दिन आयोजना हुन लागेको चियापनलगायत विषयमा छलफल भएको बताए। कांग्रेसले ०३४ बाट क्रोजागत पूर्णिमाकै दिन बिपी कोइरालाले सुरु गरेको चियापान यसअघि लगातार तीन वर्ष रोकिएको थियो।

राप्रपाले माग्यो ठोस प्रस्ताव

● सत्तागठबन्धनको ठोस दृष्टिकोण आओस्

राजेन्द्र लिङ्देन, अध्यक्ष, राप्रपा



प्रधानमन्त्री प्रचण्डले सहयोगका लागि आग्रह गर्नुभएको छ। मिलेर जाने कुरा त छँदै छ। पहिले कसरी जाने भन्नेमा सत्तागठबन्धनको ठोस दृष्टिकोण आओस् भनेका छौं।

● राप्रपा पनि मध्यावधिको पक्षमा छैन

हरिबोल गजुरेल

प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार



हामी पनि मध्यावधिको पक्षमा छैनौं, राप्रपा पनि छैन। त्यसैले सरकार निर्माणका विषयमा पहिलेदेखि नै छलफल भइरहेको हो। मंगलबारको छलफल त्यसकै निरन्तरता हो।

गठबन्धनसँग सहकार्य गर्दा कोशीमा मध्यावधि रोक्न सक्ने शक्ति लिएको राप्रपाले कांग्रेस र माओवादीसँग सत्ता साझेदारीको ठोस प्रस्ताव मागेको छ। मंगलबार मात्रै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनसँग सहकार्यको प्रस्ताव गरेका छन्। कांग्रेसले औपचारिक रूपमै राप्रपासँग सहयोग माग्ने निर्णय गरेको छ।

'खासमा प्रधानमन्त्रीसँग भेट अरू नै समसामयिक विषयलाई लिएर भएको थियो। कोशीको विषयले प्रवेश नपाउने भन्ने भएन,' राप्रपा अध्यक्ष लिङ्देनले भने, 'भेटवार्तामा प्रधानमन्त्री प्रचण्डले सहयोगका लागि आग्रह गर्नुभएको छ। मिलेर जाने कुरा त छँदै छ। पहिले कसरी जाने भन्नेमा सत्तागठबन्धनको ठोस दृष्टिकोण आओस् भनेका छौं।'

कोशीमा उपसभामुखले अध्यक्षता गरेको अवस्थामा राप्रपा निर्णायक अवस्थामा हुनेछैन। 'उपसभामुखले अध्यक्षता गरेको अवस्थामा सत्तागठबन्धनसँग बहुमत पुग्ने अवस्था छ, हाम्रो आवश्यकता पर्दैन,' लिङ्देनले भने, 'सत्तागठबन्धनले हामीसँग सहकार्य गर्ने विषयमा कुनै निर्णय पनि गरेर अगाडि आएको अवस्था छैन। त्यसैले अहिले हामीले यस विषयमा कुनै निर्णय गरेका छैनौं।'

प्रधानमन्त्री प्रचण्डका प्रमुख राजनीतिक सल्लाहकारले हरिबोल गजुरेलले कोशीमा सरकार बनाउने विषयमा राप्रपासँग निरन्तर छलफल भइरहेको बताए। 'मंगलबारको छलफल त्यसकै निरन्तरता हो,' उनले भने , 'हामी पनि मध्यावधिमा पक्षमा छैनौं, राप्रपा पनि त्यही पक्षमा छ। त्यसैले सरकार निर्माणका विषयमा पहिलेदेखि नै छलफल भइरहेको हो।'

संक्रमणकालीन न्यायसम्बन्धी विधेयकमा १५ संशोधन

कमलराज भट्ट/नयाँ पत्रिका

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरुपण तथा मेलमिलाप आयोग ऐन २०७१ लाई संशोधन गर्न बनेको विधेयकमा संसदीय उपसमितिले १५ वटा संशोधन गरेको छ। सत्यको अन्वेषण, मानव अधिकारको गम्भीर उल्लंघन गर्ने व्यक्तिलाई कानुनी कारबाहीको सिफारिस, मेलमिलाप र परिपूरणसहित संक्रमणकालीन न्यायलाई टुंग्याएर समाजमा दिगो शान्ति कायम गर्न सरकारले २५ फागुनमा संसद्मा विधेयक दर्ता गराएको थियो।

१५ वैशाखमा प्रतिनिधिसभाले विधेयकलाई कानुन, न्याय तथा मानव अधिकार समितिमा पठाएको थियो भने विधेयकमा दफावार छलफलका लागि समितिले ५ जेठमा ११ सदस्यीय उपसमिति गठन गरेको थियो। उपसमितिले चार महिना लामो छलफलपछि विधेयकमा १५ संशोधन गर्दै प्रतिवेदन मूल समितिमा पेस गरेको हो।

प्रतिवेदनअुनसार उपसमितिले मानव अधिकार उल्लंघन र गम्भीर उल्लंघनको परिभाषा परिमार्जन, व्यक्ति बेपत्ता पार्ने कार्यको परिभाषा राख्ने, आयोगका पदाधिकारीमा योग्य व्यक्तिको सूची प्रकाशन गरेर सार्वजनिक प्रतिक्रिया लिने र उपयुक्तलाई सिफारिस गर्ने संशोधन गरेको छ। त्यस्तै, सिफारिस समिति गठन भएको दुई महिनाभित्र सिफारिस गरिसक्नुपर्ने, आयोगका पदाधिकारीको पदावधि चार वर्ष कायम गर्ने, कर्मचारी सरुवा गर्दा आयोगको सहमति लिनुपर्ने, छुटेका यौनजन्य हिंसा पीडितको उजुरी लिन तीन महिनाको समय दिने, विभिन्न आयोग र निकायमा रहेका विचाराधीन उजुरी मगाएर छानबिन गर्न सक्ने, पीडितलाई क्षतिपूर्ति सिफारिस गर्दा उचित मूल्यांकन गर्ने, परिपूरणमा चित्त नबुझे पीडितले विशेष अदालतमा निवेदन दिन सक्ने, बालसेनालाई परिपूरणमा संलग्न गराउने, सजाय घटाउने मापदण्ड बनाउने, सार्वजनिक पद धारण गरेको व्यक्ति मुद्दा लागेर थुनामा गएमा निलम्बन हुने, विशेष अदालतको फैसलाउपर पुनरावेदन सुन्न सर्वोच्च अदालतमा संक्रमणकालीन न्यायसम्बन्धी संयुक्त इजलास रहने, आयोगमा कम्तीमा पाँच एकाइ राख्नेलगायत संशोधन गरेको छ।

उपसमितिले चारवटा विषयमा भने सहमति जुटाउन सकेन। त्यसमा थप छलफलबाट टुंगोमा पुऱ्याउन समितिलाई सुझाव दिएको छ। प्रतिवेदनअनुसार मानव अधिकारको गम्भीर उल्लंघनमा समावेश गरिएको स्वेच्छाचारी रूपमा क्रूरतापूर्वक (आर्बिटरी) गरिएको हत्या लेख्ने कि दोहोरो भिडन्तबाहेक गरिएको हत्या राख्ने, सशस्त्र द्वन्द्वको क्रममा जोडिएका र प्रभावित भएका व्यक्तिहरूलाई कसरी सम्बोधन गर्ने, मानव अधिकारको उल्लंघनका घटनामा मेलमिलापका लागि पीडितको स्वतन्त्र सहमति नभएमा के गर्ने, घटी सजायका सम्बन्धमा आधार कारण खुलाएर सजाय कम गर्न सकिने व्यवस्था गर्ने वा प्रतिशत नै तोकेर जाने भन्ने विषय समितिले टुंग्याउनुपर्नेछ।

उपसमितिको प्रतिवेदनअनुसार दफा २ मा उल्लेखित मानव अधिकार उल्लंघन र गम्भीर उल्लंघनको परिभाषा संशोधन गरिएको छ। उल्लंघनको परिभाषामा सशस्त्र द्वन्द्वको क्रममा निःशस्त्र व्यक्ति वा जनसमुदायविरुद्ध लक्षित गरी वा योजनाबद्ध रूपमा सशस्त्र द्वन्द्वका पक्षबाट मानव अधिकारको गम्भीर उल्लंघनबाहेकका प्रचलित नेपाल कानुन, अन्तर्राष्ट्रिय मानव अधिकार वा मानवीय कानुनविपरीत गरिएको अन्य जुनसुकै कार्य भनिएको छ। विधेयकमा नौ भागमा वर्गीकरण गरिएकोमा उपसमितिले संशोधन गरेर एउटै परिभाषामा समेटेको हो।

उपसमितिले गम्भीर उल्लंघनको परिभाषामा स्वेच्छाचारी हत्या, गम्भीर यौनजन्य हिंसा र व्यक्ति बेपत्ता पार्ने कार्यलाई थपेको छ। यद्यपि, स्वेच्छाचारी हत्याका सन्दर्भमा राखिने शब्द भने टुंगिएको छैन। स्वेच्छाचारी रूपमा क्रूरतापूर्वक (आर्बिटरी) गरिएको हत्या लेख्ने कि दोहोरो भिडन्तबाहेक गरिएको हत्या राख्ने भन्नेमा थप छलफल गर्नुपर्ने उपसमितिले औंल्याएको छ।

ऐनमा उल्लेखित 'व्यक्ति बेपत्ता पार्ने कार्य'को परिभाषालाई विधेयकले हटाएकोमा उपसमितिले यथावत् राख्नुपर्ने प्रतिवेदनमा उल्लेख गरेको छ। ०७१ सालमा बनेको ऐन उल्लेखित परिभाषामा 'कानुनबमोजिम पक्राउ गर्न, अनुसन्धान तहकिकात गर्न वा कानुन कार्यान्वयन गर्न अख्तियारी पाएको व्यक्ति वा सुरक्षाकर्मीले पक्राउ गरेको, हिरासतमा राखेको वा अन्य कुनै किसिमले नियन्त्रणमा लिएको व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित नगराउने, मुद्दा हेर्ने अधिकारीसमक्ष प्रचलित कानुनबमोजिम उपस्थित गराउनुपर्ने अवधि व्यतीत भएपछि पनि सरोकारवालालाई भेटघाट गर्न नदिने वा निजलाई कहाँ, कसरी र कुन अवस्थामा राखिएको छ भन्ने सम्बन्धमा जानकारी नदिने कार्य' भनिएको छ।

तत्कालै टुंग्याउने कि चाडपर्वपछि ?

उपसमितिका तर्फबाट सदस्य रमेश लेखकले मंगलबार कानुन समिति सभापति विमला सुवेदीलाई प्रतिवेदन बुझाइसकेपछि सांसदहरूबीच विधेयकलाई अगाडि बढाउने विषयमा मतभिन्नता देखिएको छ। बैठकमा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयकमाथि दफावार छलफल गर्न गठित उपसमितिले पनि प्रतिवेदन बुझाएको थियो। उपसमिति संयोजक रञ्जु झाले समिति सभापति सुवेदीलाई बुझाएको प्रतिवेदनअनुसार विधेयकमा एउटा विषय मात्रै टुंग्याउन बाँकी छ। देश नै सम्पत्ति शुद्धीकरणमा अन्तर्राष्ट्रियस्तरमा ग्रे लिस्टमा पर्ने भएकाले उक्त विधेयकमा नमिलेको एउटा विषय बुधबार टुंग्याउने र बिहीबार बस्ने सदनमा पेस गर्न एकमत देखिएका सदस्यहरू टिआरसीमा भने विभाजित भए। केही सांसद दसैंअघि नै टुंग्याउनुपर्ने पक्षमा उभिए भने केहीले संवेदनशील विषय भएकाले चाडपर्वपछि मात्रै टुंग्याउनुपर्ने धारणा राखे।

काग्रेस सहमहामन्त्री जीवन परियारले संक्रमणकालीन न्याय १८ वर्षदेखि लम्बिँदा पीडितहरूले पीडाबोध गरिरहेको भन्दै यो विधेयकलाई प्राथमिकतामै राख्नुपर्ने बताए। '२६ गते संयुक्त राष्ट्रसंघको महासचिव नेपाल आउँदै हुनुहुन्छ। अन्तर्राष्ट्रिय जगत्को पनि यो विधेयकबारे निकै चासो छ। यसैले चारवटा विषयमा समितिबाट यदि टुंगो लाग्दैन भने पार्टीका शीर्ष नेतासँग अनौपचारिक रूपमा छलफल गरेर टुंगोमा पुग सकिन्छ। दसैंअगाडि नै यो प्रतिवेदन कम्तीमा हामीले संसद्बाट पारित गर्न सक्यौं भने राम्रो सन्देश जान्छ,' उनले भने। प्रमुख सचेतक रमेश लेखकले प्रतिवेदन अध्ययन गरेर नमिलेका विषयमा सहमति जुटाई निष्कर्षमा पुग्नुपर्ने बताए। सचेतक सुशीला थिङले टिआरसीमा समय लिँदा नै राम्रो हुने धारणा राखिन्। काग्रेसकै सुनील शर्माले संक्रमणकालीन न्याय गम्भीर विषय भएको र अध्ययन गर्नुपर्ने भन्दै चाडपर्वपछि अगाडि बढाउनुपर्ने धारणा राखे। उनले जनयुद्ध लडेको माओवादी पार्टीका सभापति भएको समितिले टुंग्याउने टिआरसी कानुनमा स्वार्थको द्वन्द्व बाझिने त होइन भनी प्रश्न उठाए। काग्रेसकै नागिना यादवले टिआरसी संवेदनशील भएको र चाँडै टुंगिने अवस्था नभएकाले चाडपर्वपछि अगाडि बढाउँदा उपयुक्त हुने धारणा राखिन्।

एमाले सांसद प्रतीक्षा तिवारीले संक्रमणकालीन न्याय चाँडै टुंग्याएर पीडित परिवारलाई मलमपट्टी लाउनुपर्ने बताइन्। नमिलेका चारवटा विषय समितिले मात्र टुंगो लगाउन नसक्ने भन्दै तिवारीले राष्ट्रिय सहमति र सबै पार्टीको साझा धारणाका साथ टुंग्याउनुपर्नेमा जोड दिइन्। शीर्ष नेतृत्वसँग छलफल गरेर टुंग्याउनुपर्ने उनको धारणा छ। तिवारीले राजनीतिक सहमतिमा पहल गरेर समय तोक्नुपर्ने सुझाव दिइन्।

रास्वपा प्रमुख सचेतक सन्तोष परियारले टिआरसीमा भएको प्रगतिलाई राजनीतिक रूपमै स्वामित्व लिएर टुंग्याउनुपर्ने बताए। थाती रहेको चारवटा विषय समितिबाटै टुंग्याउँदा उपयुक्त हुने भन्दै परियारले, तर तत्कालै टुंगिने अवस्था नदेखिएको उल्लेख गरे। पार्टीविशेषभन्दा राष्ट्रिय जिम्मेवारी भएकाले यसमा राष्ट्रिय सहमति चाहिने उनको भनाइ थियो।

जसपाकी रञ्जु झाले टिआरसी र सम्पत्ति शुद्धीकरण विधेयक सँगसँगै सदनमा लानुपर्ने बताइन्। 'टिआरसीमा चारवटा विषयमा मिल्न सकेनौं। समितिले मिलाउने कि राजनीतिक तहमा मिलाउने सकेसम्म भोलि नै टुंग्याऊ। पर्सी दुईवटै विधेयक सदनमा पेस गर्न पाए हुन्थ्यो,' उनले भनिन्।

आन्दोलनरत कर्मचारीलाई सरकारले बोलायो वार्तामा



काठमाडौं/ आन्दोलनरत स्थानीय तहका कर्मचारीहरूलाई सरकारले वार्ताका लागि बोलाएको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मंगलबार कर्मचारीका मागमा उपयुक्त निकास निकाल्न मन्त्रालय सकारात्मक रहेको भन्दै वार्ताका लागि आह्वान गरेको हो। यद्यपि, आन्दोलनरत कर्मचारीले वार्ताका लागि औपचारिक रूपमा आफूलाई पत्राचार हुनुपर्ने अडान राखेका छन्।

मन्त्रालयले विज्ञप्तिमार्फत वार्ताको आह्वान गरेको हो। 'स्थानीय तहका कर्मचारीका मागका सम्बन्धमा छलफल गरी उपयुक्त निकास निकाल्न मन्त्रालय सकारात्मक छ,' विज्ञप्तिमा भनिएको छ, 'कतिपय नीतिगत विषयहरू सम्बोधन भइसकेको र सम्बोधन हुन नसकेका विषयमा थप छलफलबाटै समस्याको सम्बोधन गर्न सकिने भएकाले हाल भइरहेको विरोध प्रदर्शनलाई स्थगन गरी छलफल र संवादमा आउन तथा आ-आफ्नो कार्यस्थलमा फर्की आमनागरिकमा सेवा प्रवाह सुचारु गर्न मन्त्रालयसम्बद्ध सबैमा अनुरोध गर्दछ।'

संघीय निजामती सेवा विधेयकमा समावेश प्रावधानले आफूहरूलाई असर गर्ने भन्दै संशोधनको माग राखी उनीहरू आन्दोलनमा उत्रिएका हुन्। उनीहरूले एक सातादेखि माइतीघर-बानेश्वर सडकखण्डमा प्रदर्शन गर्दै आएका छन्। सोमबार संघीय मामिलामन्त्रीसँग छलफल भए पनि सकारात्मक नभएपछि उनीहरूले मंगलबार पनि आन्दोलनलाई निरन्तरता दिए। प्रमुख प्रशासकीय अधिकृत स्थानीय तहबाटै हुनुपर्ने, अन्तर तहका कर्मचारीको सरुवामा दोहोरो सहमतिको प्रावधान हटाउनुपर्ने, वृत्ति विकास तथा सरुवाका प्रावधान हेरफेरलगायत २० बुँदे माग राखेर उनीहरू आन्दोलनमा उत्रिएका हुन्।

नेपालगन्जमा हटाइयो निषेधाज्ञा र कर्फ्यु

बाँके/ एक सातापछि नेपालगन्जमा जारी कर्फ्यु र निषेधाज्ञा मंगलबारबाट हटेको छ। नेपालगन्जमा हिन्दू र इस्लाम धर्मावलम्बीबीच द्वन्द्व भई सामाजिक सद्भावमा खलल पर्ने सम्भावना बढेपछि जिल्ला प्रशासन कार्यालय बाँकेले १६ असोज दिउँसो १ बजेदेखि लागू हुने गरी कर्फ्यु जारी गरेको थियो।

कर्फ्यु जारी भएको दुई दिनपछि १८ असोज बिहान ८ देखि बेलुकी ८ बजेसम्म निषेधाज्ञा र बेलुकी ८ देखि बिहान ८ बजेसम्म कर्फ्यु लगाएको थियो। बिस्तारै खुकुलो बनाउँदै लैजाने नीतिअनुसार २०-२२ असोजसम्म बिहान ८ देखि बेलुकी ८ बजेसम्म निषेधाज्ञा र बिहान ४ बजेसम्म कर्फ्यु जारी गरेको बाँके प्रशासनले २३ असोज बिहानदेखि कर्फ्यु र निषेधाज्ञा दुवै हटाएको सहायक प्रमुख जिल्ला अधिकारी टोपेन्द्रबहादुर केसीले जानकारी दिए।

नरैनापुरका एक युवकले लेखेको फेसबुक स्टाटसमा गरिएको कमेन्टलाई लिएर १४ असोजमा इस्लाम धर्मावलम्बीले नेपालगन्जमा प्रदर्शन गरेका थिए। नेपालगन्जका मुख्य चोक र सडकमा प्रदर्शनपछि उनीहरू कारवाहीको माग गर्दै प्रशासन पुगेका थिए। प्रशासन पुगेका उनीहरू इस्लाम धर्मको फन्डासमेत फहराएका थिए। त्यसको प्रतिक्रियास्वरूप ओमकार परिवारको अगुवाइमा हिन्दूवादीहरूले १६ असोजमा प्रदर्शन गरे। बागेश्वरी मन्दिरपरिसरबाट निस्किएका उनीहरूले सेतु विक चोक, धम्बोझी चोक हुँदै बिपी चोकमा पुगेर प्रदर्शन गरे। बन्दको आह्वान गरेका प्रदर्शनकारीले पसल र सवारीसाधनमा तोडफोड गरेको भन्दै इस्लाम धर्मावलम्बी सडकमा उत्रिए। त्यसपछि दुई पक्षबीच झडपको स्थिति सिर्जना भयो। र, बाँके प्रशासनले नेपालगन्जमा कर्फ्यु जारी भएको घोषणा गरेको थियो।

पोखरा विश्वविद्यालयले स्नातक र स्नातकोत्तर तहको पाठ्यक्रम परिमार्जन गर्ने

नयाँ पत्रिका

पोखरा विश्वविद्यालयले स्नातक तह र स्नातकोत्तर तहको पाठ्यक्रम परिमार्जन गर्ने भएको छ। यसअघिको पाठ्यक्रम समय सान्दर्भिक र उद्योग कलकारखानामैत्री नभएको भन्दै विश्वविद्यालयले वर्तमान श्रम बजारलाई मध्यनजर गर्दै पाठ्यक्रम परिमार्जन गर्न लागेको हो।

विश्वविद्यालयले पाठ्यक्रम परिमार्जन गर्ने विषयमा मंगलबार उद्योग क्षेत्र तथा वित्तीय क्षेत्र, शैक्षिक क्षेत्र, उत्पादनशीललगायत सरोकारवालासँग अन्तर्क्रियासमेत गरेको छ। वर्तमान समयको माग र उद्योग कलकारखानाले खोजेजस्तो जनशक्ति उत्पादनका लागि पाठ्यक्रम नै परिमार्जन गर्न आवश्यक देखिएकाले संशोधन गर्न लागिएको विश्वविद्यालयका व्यवस्थापनतर्फका प्रमुख प्राडा.महानन्द चालिसेले जानकारी दिए। उनका अनुसार पाठ्यक्रम परिमार्जनबारे उद्योग व्यवसायी, बैंकर्सलगायत सीप तथा रोजगारीमूलक क्षेत्रका व्यक्तिको धारणा बुझ्न अन्तर्क्रिया कार्यक्रम आयोजना गरिएको हो। हालको एकेडेमिक जनशक्ति उद्योगहरूले माग गरेअनुसारको नभएको गुनासो आउन थालेपछि त्यसलाई समेट्न अन्तर्क्रिया गरिएको उनको भनाइ छ। 'उद्यमशीलता र हाम्रो एकेडेमिक जनशक्तिको दूरी कम गर्न पाठ्यक्रम संशोधन गर्न लागेका हौं। अहिले सरकार, विश्वविद्यालय र उद्यमीबीच ठूलो खाडल छ। यसलाई घटाउन आवश्यक छ,' उनले भने।

यसअघि स्नातक र स्नाकोत्तर तहको पाठ्यक्रमबारे पोखरा र त्रिभुवन विश्वविद्यालयले गरेको अध्ययनले पनि पाठ्यक्रम कमजोर भएको निष्कर्ष निकालेको थियो।



सोअनुसार पोखरा विश्वविद्यालयले पाठ्यक्रम परिमार्जन गर्न लागेको हो। नयाँ पाठ्यक्रम कोर्स, मोडेल, पेडागोजी, टिचिङ मेथोड आदिका आधारमा तयार पारिनेछ। विश्वविद्यालयका डा.बाबुराम भट्टराईले उद्योग क्षेत्रको आवश्यकता विद्यार्थीको भविष्यलाई मध्यनजर गर्दै पाठ् यक्रम परिमार्जन गर्न लागिएको बताए।

अन्तर्क्रियामा व्यवसायी तथा उद्योगीहरूले बजारमा बिक्ने र आफूहरूले चाहेजस्तै जनशक्ति हुनुपर्ने धारणा राखेका थिए। बैंकर प्रदीप पराजुलीले उद्योगले लिन सक्ने जनशक्ति विश्वविद्यालयले उत्पादन गर्नुपर्ने बताए। व्यवसायी मोहन ओझाले ५० प्रतिशत प्रयोगात्मक र ५० प्रतिशत सैद्धान्तिक विषयलाई आधार मानेर पाठ् यक्रम तयार पार्न सुझाव दिँदै यसो गरे उद्योगहरू विद्यार्थी खोज्ने कलेज-कलेजमा पुग्न सक्ने धारणा राखे। उद्योगी शेखर गोल्छाले विश्वविद्यालय र व्यावसायिक क्षेत्रले सहकार्य गरेर अघि बढेमा दुवै क्षेत्रलाई फाइदा पुग्ने बताए।

अब नयाँ विद्यार्थी भर्ना गर्दा नयाँ पाठ्यक्रम लागू गरिनेछ। दसैंतिहारलगत्तै नयाँ पाठ्यक्रम लागू गरिएपछि भर्ना हुन आएका विद्यार्थीले नयाँ पाठ्यक्रमअनुसार अध्ययन गर्नुपर्नेछ। विश्वविद्यालयका व्यवस्थापन संकायतर्फका डिन डा. दयाराज ढकालले उद्योग तथा व्यावसायिक क्षेत्रले खोजेजस्तो जनशक्ति उत्पादनका लागि पाठ्यक्रम परिमार्जन गर्न लागिएको जानकारी दिए। हाल पोखरा विश्वविद्यालयमा ७३ हजार विद्यार्थी छन्। यसमध्ये १० हजारभन्दा बढी विद्यार्थी व्यवस्थापन संकायमा अध्ययनरत छन्। पोखरा विश्वविद्यालयको आंगिक र सम्बन्धनप्राप्त क्याम्पस संख्या दुई सयभन्दा बढी छ।



'लाहोर १९४७' मा आमिर

सन्नी देओल स्टारर फिल्म लाहोर १९४७ निर्माण गर्ने घोषणा यसअघि आमिर खानले गरेका थिए । यस फिल्मलाई राजकुमार सन्तोषीले निर्देशन गर्दै छन् । यसअघि निर्माताका रूपमा मात्रै आमिर रहने चर्चा थियो । तर, अब आमिरले यस फिल्ममा सन्नीसँगै स्क्रिन सेयर गर्ने भारतीय सञ्चारमाध्यमले जनाएका छन् । आमिर यस फिल्ममा अतिथि कलाकारका रूपमा देखिनेछन् ।



'बालापन'को विशेष सो हुने

निर्माता हटमिलन राईको पहिलो चलचित्र 'बालापन'को यही असोज २८ र २९ गते दिक्तेलमा विशेष सो हुने भएको छ । अनाथ तथा असहाय बालबालिका, अपांगता भएका व्यक्ति र ज्येष्ठ नागरिकको सहयोगार्थ यस फिल्मको प्रिमियर सो गर्न लागिएको राईले बताए । 'बालापन'मा धीरेन शाक्य, प्रियंका कार्की र सोनी बिसी तथा सुनील थापाको अभिनय छ ।

मधुमेह र उच्च रक्तचापबाट बच्ने उपाय

हिजोआज ग्यास्ट्रिक, मधुमेह, मुटुरोग, उच्च रक्तचाप, थाइराइडलगायतका समस्या लिएर धेरै बिरामी अस्पताल आएको देखिन्छ । यी रोगका बिरामीको संख्या दिनप्रतिदिन बढ्दो छ । यो रोग लागेपछि दीर्घकालीन रूपमा सताउने गर्छ । त्यसैले यस्ता रोग लाग्न नदिनका लागि सतर्कताका उपाय अवलम्बन गर्नु राम्रो हुन्छ ।



■ मधुमेह

नेपालमा अधिकांश मानिसलाई मधुमेह रोग देखिन्छ । नेपालमा बच्चामा लाग्ने मधुमेह त्यति देखा परेको पाइँदैन । तर, उमेर ढल्किँदै गएपछि मधुमेहको अवस्था भयावह नै छ । यसको मुख्य कारण भनेको अव्यवस्थित खानपान, भद्दा जीवनशैली र मोटोपन हो । यो वंशानुगत समस्या पनि हो । मधुमेह यसकारण पनि खतरनाक हो कि यसले शरीरमा अन्य धेरै रोग पनि निम्त्याउने गर्छ । जसले गर्दा ब्लडप्रेसरको समस्या निम्तिन्छ, मिर्गौला, नसासम्बन्धी विभिन्न समस्या निम्त्याउने गर्छ ।

■ उच्च रक्तचाप

नेपालमा अधिकांशलाई देखा पर्ने अर्को रोग भनेको उच्च रक्तचाप पनि हो । अव्यवस्थित जीवनशैली र नुनको बढी प्रयोगका कारण ब्लडप्रेसरको समस्या निम्तिने गर्छ । ब्लडप्रेसरले पनि शरीरमा अनेक समस्या निम्त्याउने गर्छ । यसले हृदयाघात, मिर्गौलामा समस्या, ब्रेन स्ट्रोकलगायतका समस्याको जोखिम पनि निम्त्याउने गर्छ ।

■ किन बढिरहेको छ ?

मधुमेह र उच्च रक्तचाप लाग्ने कारण उस्तै हुन्छ । उच्च रक्तचापका बिरामीमा मधुमेह र मधुमेहका बिरामीमा उच्च रक्तचाप देखिने गरेको पाइन्छ । यद्यपि, सबै बिरामीमा यो लागू नहुन पनि सक्छ । यस्ता रोग वंशानुगत कारणले पनि लाग्ने गर्छ । तर, यी रोगका मुख्य कारण भनेको अव्यवस्थित जीवनशैली हो । विशेषगरी, आधुनिक जीवनशैलीले गर्दा जंकफुड तथा फास्टफुड खाने चलन बढ्दो छ । यस्ता खानेकुरामा उच्च क्यालोरी हुन्छ र अरू पोषण तत्त्व हुँदैन । जसले गर्दा मोटोपनलगायतका विभिन्न समस्या निम्त्याउँछ । शारीरिक व्यायाम नगर्ने, अधिक धूम्रपान, मद्यपान, समयमा नसुत्नेजस्ता कार्यले मानिसलाई रोगी बनाउने गर्छ ।

खानपान र जीवनशैलीकै कारण यी रोगले सताउँछ । दुवै रोगको उपचार सम्भव हुँदैन । यो रोग लागेपछि दीर्घकालीन रूपमा असर गर्छ । त्यसैले यसलाई नियन्त्रण गर्नुको विकल्प हुँदैन । मधुमेह नियन्त्रण गर्न उच्च रक्तचाप नियन्त्रण गर्नुपर्ने हुन्छ । यी दुई रोगको एकअर्कामा सम्बन्ध देखिन्छ । औषधिबाहेक व्यायाम र खानपानले पनि नियन्त्रण गर्न सकिन्छ ।

डाक्टरको सुझाव




डा. रोशन झा
फिजिसियन
सशस्त्र प्रहरी अस्पताल

■ बच्ने उपाय

जीवनशैलीसँग प्रत्यक्ष रूपमा सम्बन्धित भएकाले जीवनशैली परिवर्तन गर्न नितान्त जरुरी छ । जीवनशैली परिवर्तन भनेको भोजन, व्यायाम, विश्राम, विचार र व्यवहारलाई स्वास्थ्यअनुकूल बनाउनु हो । अत्यधिक मात्रामा नुन सेवन नगर्ने, तारेको, भुटेको धेरै नखाने । सामान्य व्यक्तिले प्रत्येक महिना प्रेसर जाँच गर्नुपर्छ । प्रेसर बढेको रहेछ भने चिकित्सकको सल्लाहअनुसार नियमित औषधि सेवन गर्नुपर्छ । प्रेसरको औषधि खाइरहेका व्यक्तिले तीन-तीन महिनामा चेकजाँच गर्नुपर्ने हुन्छ ।

एक्सरसाइज गर्ने, फलफूल खाने, फाइबरयुक्त खाना खाने, समयै सुत्ने-उठ्ने गर्नुपर्छ । तनावपूर्ण जीवन, डर, चिन्ता, खिन्नता, उदासीनता र अनिद्राका कारण पनि यस्ता रोग निम्तिन्छन् । तसर्थ, तनाव व्यवस्थापन गर्न जरुरी छ ।

यसरी गर्नुस् घरमै मेकअप



घरमै सिम्पल मेकअप गर्न सकिन्छ । मेकपको सामान भने आफूसँग हुनुपर्छ । सुरुमा फेसवासले मुख धोएर सफा कपडाले पुछ्नुपर्छ । त्यसपछि टोनर लगाउनुपर्छ । मोस्चराइजर लगाउनुपर्छ । छालाको प्रकृतिअनुसार मेटिफाइङ प्राइमर अर्थात् आयल फ्री मोस्चराइजरको प्रयोग गर्नुपर्छ । छालामा मोस्चराइजरको प्रयोग गरेपछि केही समय खुला छोडिदिनुपर्छ । यसले छाला नरम बनाउन मद्दत गर्छ । त्यस्तै, घाममा हिँड्दा सनस्क्रिन पनि लगाउन सकिन्छ ।

ब्युटी टिप्स



शर्मिला बज्राचार्य
ब्युटिसियन
निर्भाना मेकअप स्टुडियो

मोस्चराइजरपछि प्राइमर लगाउनुपर्छ । यसले छालालाई सुरक्षित बनाउनुका साथै मेकअपलाई समेत सुरक्षा दिन्छ । यसपछि आफूलाई मन परेको सेपमा आइब्रो बनाउनुपर्छ । आफ्नो स्किनअनुसारको फाउन्डेसन लगाउनुपर्छ । लगत्तै पाउडर लगाउनुपर्छ । फाउन्डेसन मात्र लगाउँदा अनुहार चिल्लो देखिने हुँदा पाउडर लगाउँदा सुक्खा हुन्छ । मेकअप गरेको झन्डै १० मिनेटपछि अनुहारमा ग्लो आउँछ ।

■ वाटरप्रुफ मेकअप

गर्मीको समयमा बाहिर हिँड्दा पसिना, पानी, धुलोले मेकअप बिगार्ने समस्या अत्यधिक हुन्छ । यस्ता समस्याबाट छुटकारा पाउन वाटरप्रुफ मेकअप गर्न सकिन्छ । जसका लागि बजारबाट वाटरप्रुफ मेकअप प्रडक्ट खरिद गर्न आवश्यक हुन्छ ।

■ न्युड मेकअप

न्युड मेकअप गर्दा एक त मेकअप गरेजस्तो देखिँदैन, अर्कोतिर सुन्दर पनि देखाउँछ । सिम्पल र आकर्षक मेकअपका लागि न्युड मेकअप गरिन्छ । न्युडमा सबै प्रकारका प्रडक्ट उपलब्ध हुन्छन् । बढी मेकअप गर्दा भद्दा हुने भएकाले पनि युवायुवती न्युड मेकअप गर्न रुचाउँछन् ।

पुस्तक सजाउन...



- पुस्तकलाई भद्रगोल राख्दा कोठा अव्यवस्थित देखिन्छ । तसर्थ, अध्ययनसँगै पुस्तकलाई जतन गरेर राख्ने बानी पनि विकास गर्न जरुरी छ ।
- कोठामा पुस्तक सजाउनका लागि आवश्यक स्पेस छुट्याउनुस् र त्यसमा फिट हुने बुक सेल्फ वा बुक केस किन्नुस् । त्यसमा पुस्तकलाई मिलाएर राख्नुस् । फ्रेमिङ गरिएका फोटोहरू पनि यसमा राख्न सकिन्छ ।
- तपाईंले अध्ययन गर्ने पुस्तकलाई जनरा, रङ वा आकारका आधारमा मिलाएर राख्नुस् । यसले कोठाको शोभा पनि बढाउँछ । पुस्तक राख्ने दराजसँगै इन्डोर प्लान्ट पनि सजाएर राख्न सकिन्छ । त्यस्तै, तपाईंले पाएका मेडललाई पनि यससँगै सजाएर राख्न सकिन्छ ।

सफलताबारे ड्वेन जोनसनका ५ सुझाव

'द रक' उपनामले चिनिएका ड्वेन जोनसनले १९९० र २००० को दशकमा रेस्लिङ रिङमा निकै ठूलो प्रसिद्धि कमाए । विश्वकै उत्कृष्ट रेस्लरहरूमध्ये एक मानिने जोनसन अभिनयमा पनि उत्तिकै अब्बल छन् । उनले फिल्म निर्माणमा पनि सफलता हासिल गरे । ५१ वर्षीय जोनसन भन्छन्, 'सफलताको कुनै रहस्य हुँदैन, मिहिनेत गर्नुस् ।' युवाहरूलाई उनको सुझाव यस्तो छ :



- **स्थिरता** : सफलता महान् हुनुमा होइन, स्थिर हुनुमा छ । निरन्तरको कठिन मिहिनेतले सफलता निर्धारण गर्छ ।
- **सम्बन्ध** : रेस्लिङदेखि व्यापारसम्म मैले अनुभव गरेको सबैभन्दा ठूलो उपलब्धि सम्बन्ध हो । आफ्ना दर्शकसँगको मेरो सम्बन्ध निकै महत्त्वपूर्ण रह्यो । तपाईं कसका लागि काम गर्दै हुनुहुन्छ भन्ने ध्यान दिनुस् ।
- **आफैँसँग हुनुस्** : सबैभन्दा महत्त्वपूर्ण कुरा तपाईं आफैँसँग हुनुपर्छ । आत्मसन्तुष्टिजति महत्त्वपूर्ण अरू केही हुँदैन । पक्कै पनि केही व्यक्ति तपाईंका सिर्जनशील निर्णयसँग असहमत हुन सक्छन् । सबैलाई खुसी पार्न कठिन छ ।
- हरेक कुराका लागि तपाईं तयार रहनुपर्छ । मेरा लागि प्रशिक्षणजत्तिको महत्त्वपूर्ण केही छैन । यही नै मेरो ध्यान हो । यही नै योगा, हाइकिङ र बाइकिङ हो । म बिहान झन्डै ४ बजे उठेर व्यायाम थाल्छु ।
- **कुनै रहस्य छैन** : मलाई सबैले सोध्थे, 'सफलताको रहस्य के हो ?' तर, त्यहाँ कुनै रहस्य हुँदैन । विनम्र रहनुस्, भोको रहनुस् र सधैँ कडा मिहिनेत गर्नुस् ।

पेन्टिङले बालमस्तिष्कमा पार्ने प्रभाव

चित्रकला प्रदर्शनीमा गएर चित्रकलाको भावलाई प्रत्यक्ष रूपमा बुझ्न र अनुभूत गर्न सकिन्छ । बालबालिकालाई चित्रकला प्रदर्शनीमा लैजाने र अन्यसँग अन्तर्क्रिया गराउने कार्यले सामाजिक बन्न र टिमवर्कमा विश्वास गर्न सिकाउँछ । कला र संस्कृतिप्रति सम्मानभाव बढाउँछ ।



ईशान परियार
चित्रकार, इज आर्ट स्टुडियो



बाल्यवस्थादेखि नै पेन्टिङ सिक्दा सिर्जनात्मक क्षमता अभिवृद्धि भएर जान्छ । बालबालिकाको समग्र विकासका लागि पनि सहयोग मिल्छ । आँखा र हातबीचको संयोजन राम्ररी विकास हुन पाउँछ । चित्रकलालाई सम्मानजनक पेसाको रूपमा लिन सकिन्छ । यसले भावनात्मक बौद्धिकता, आत्मजागरण र आत्मविश्वास वृद्धि गर्छ । धैर्यशील बन्न सहयोग गर्छ । ध्यानशक्ति विकास हुन्छ । मानिसलाई तनावमुक्त बनाउने एउटा सशक्त माध्यम चित्रकला हो । फुर्सदको समय चित्र कोर्ने बानी बसाल्दा तनाव कम हुन्छ र दिमागले नकारात्मक कुराहरू सोच्न पाउँदैन । बरु, सिर्जनात्मक रूपमा सोच्न थाल्छ । त्यसैले चित्रकला अभिव्यक्तिको एक सशक्त स्वरूप हो । यसले मानिसलाई उनीहरूको भावना र विचार अभिव्यक्त गर्न सहयोग गर्छ । रङको आफ्नै अर्थ र भाव हुन्छ । त्यसले मनलाई ऊर्जाशील र रचनात्मक बनाउँछ । स्वतन्त्रताको प्रत्याभूति दिलाउँछ । मस्तिष्कलाई वर्तमानसँग जोड्छ । चित्रकलाले समस्या समाधान गर्ने सीपलाई पनि बढावा दिन्छ । चित्रकलाका यस्ता धेरै फाइदा छन् । यसले मानिसलाई फरक ढंगले सोच्न सघाउँछ । मानिसले पेन्टिङमार्फत आफू र आफ्नो आसपासको दुनियाँलाई गहिरो गरी बुझ्न सक्छ ।

पेट सफा गर्ने कुञ्जल थेरापी

थेरापीका विभिन्न विधिमध्ये 'कुञ्जल' थेरापी पनि एक हो । यो थेरापी अपनाएर पेट सफा गरिन्छ । यो थेरापी अपनाउँदा बान्ता गरिने भएकाले यसलाई 'भमिटिङ विधि' पनि भनिन्छ ।

कुञ्जल थेरापी अपनाउँदा सर्वप्रथम एक लिटर मनतातो पानी तयार गरिन्छ । पानी उम्लिएर मनतातो भएको हुनुपर्छ । मनतातो पानीमा एक चम्चा नुन हालेर घोल्नुपर्छ । त्यसपछि बाथरुम वा कुनै हेल्थ क्लबको उपचार कक्ष छनोट गर्नुपर्छ । कोठाको छनोट गरिसकेपछि टुक्रुक्क बस्नुपर्छ । त्यसपछि घोलेर तयार पारिएको नुनपानी पिउन सुरु गर्नुपर्छ । करिब तीन मिनेटसम्ममा घोलिएको नुनपानी पिइसक्नुपर्छ, यसले अन्ननली तथा आमाशयमा मात्रै पानी पुग्न सहयोग मिल्छ ।

टुक्रुक्क बसेर नुनपानी पिउनुको पनि अर्थ छ । टुक्रुक्क बस्दा पेट थिचिन्छ, जसले शरीरमा चाँडै पानी सोसिन पाउँदैन । शरीरले पानी नसोसी अन्ननली तथा आमाशयमा मात्रै पानी पुग्दा भमिटका लागि सहज हुन्छ । यसरी नुनपानी पिउनुको उद्देश्य नै भमिट हो । पानी पिइसकेपछि उठेर हल्का निहुरिएर हात घुँडामा राख्नुपर्छ । त्यसपछि एक हातका औँला मुखभित्र हाल्दै हल्का चलाउनुपर्छ । किलकिलेसम्म औँला पुऱ्याउन सकिन्छ । यसले भमिटको रूपमा अमिलो र तितो पानी तथा विकार तत्त्व शरीरबाहिर जान्छ । लगातार करिब तीनपटक भमिट गरिसक्दा पिएको नुनपानीसँगै शरीरका विकार तत्त्व भमिटका माध्यमबाट बाहिर निस्कन्छ । यो प्रक्रिया अपनाउन करिब १५ मिनेट समय लाग्छ । भमिटपछि राम्रोसँग मुख कुल्ला गरेर तरल पदार्थ खानुपर्छ ।

प्राकृतिक चिकित्सा



डिबी सुनुवार
प्राकृतिक चिकित्सक
होलिस्टिक युनिभर्सल हस्पिटल



यस्ता छन् फाइदा

- कुञ्जल थेरापी गर्नाले पेटमा आराम मिल्छ । खाना अपच हुने समस्याबाट बच्न सकिन्छ । खाना अपच हुँदा पेटमा अम्लियपनको मात्रा बढ्छ र ग्यास्ट्रिकको समस्या उत्पन्न हुन्छ । तर, यो विधि अपनाई भमिटका माध्यमबाट पेटमा भएको अम्लीयपन हटाएपछि ग्यास्ट्रिकको समस्याबाट बच्न सकिन्छ ।
- मुखबाट झुसिलो डकार आउने, अमिलो पानी आउने जस्ता समस्याबाट बच्न सकिन्छ ।
- कब्जियतको समस्याबाट पनि बच्न सकिन्छ । त्यति मात्रै हैन, पेट सफा र हल्का भई खानामा रुचिसमेत हुन्छ ।
- पाचन प्रणाली नै स्वस्थ तथा मजबुत हुने भएकाले पेटसम्बन्धी रोगको जोखिम कम हुन्छ । पेट रोगको घर हो । पेट स्वस्थ रहे शरीर नै स्वस्थ रहन ठूलो सहयोग पुग्छ ।

साइकल खरिद गर्दा...

साइक्लिङका धेरै फाइदा छन् । यसले स्वस्थ राख्छ, पैसाको बचत गर्छ र पर्यावरणमैत्री पनि छ । बजारमा विभिन्न ब्रान्डका साइकल पाइन्छन् । खरिद गर्नुअघि केही कुरामा ध्यान दिन आवश्यक छ । सकभर साइकल सम्बन्धि ज्ञान भएका मानिस लिएर किन्न जानुपर्छ । नयाँ मान्छे जाँदा ठगिने सम्भावना पनि हुन्छ ।



- **प्रयोजन** : तपाईं नियमित कामका लागि साइकल प्रयोग गर्नुहुन्छ वा फिटनेसका लागि किन्दै हुनुहुन्छ ? समथर जमिन वा उकालो-ओरालोमा प्रयोग गर्नुहुन्छ ? यी विषयमा ध्यान दिनुपर्छ । लामो दूरी र छोटो दूरीमा प्रयोग गर्नका लागि फरक-फरक साइकल उपलब्ध छन् । पक्की सडकका लागि राम्रो स्पिडमा कुद्ने लाइटवेट साइकल उपयुक्त हुन्छन् भने अफरोड र पहाडमा माउन्टेन बाइक ठीक हुन्छ । पक्की सडक र अफरोड दुवैमा चलाउन मिल्ने हाइब्रिड साइकल पनि पाइन्छन् ।
- **आकार** : तपाईंको हाइटअनुसार साइकलको साइज ठीक छ भन्ने सुनिश्चित गर्नुस् । आफूलाई फिट र आरामदायी हुने साइकल रोज्नुपर्छ । त्यस्तै, स्टिल, आल्मुनियम, कार्बन फाइबरलगायत विभिन्न सामग्रीबाट बनेका साइकल पाइन्छन् । स्टिलबाट बनेको साइकलको तौल धेरै हुन्छ, तर यो धेरै टिक्छ । आल्मुनियमबाट बनेका साइकलको तौल हल्का हुन्छ । कार्ब फाइबरबाट बनेका साइकल केही महँगा हुन्छन् । यो अति नै हल्का हुन्छ र पक्की सडकका लागि ठीक हुन्छ ।
- **गियर** : आवश्यकताअनुसार कति गियर भएका साइकल किन्ने भन्ने निर्धारण हुन्छ । धेरै गियर भएका साइकल उकालो-ओरालोलगायत विभिन्न ठाउँमा कुदाउन सहज हुन्छ । त्यस्तै, ब्रेक (रिम ब्रेक वा डिस्क ब्रेक), टायर (पातलो वा मोटो), लाइट, लक, हर्नलगायत कुरा पनि हेर्नुपर्छ ।
- **टेस्ट राइड** : टेस्ट राइड गरेर मात्रै साइकल किन्नुस् । साइकलबारे धेरै जानकारी राख्ने प्राविधिकसँग परामर्श गरेर पनि लिन सकिन्छ ।



हिमाल टमाटा
अन्तर्राष्ट्रिय साइकिलिस्ट

कैदमाफीको स्वेच्छाचारी प्रयोग

पीडितको सहभागिता, जानकारी, सहमति, मञ्जुरी वा रायविनै कसुरदारलाई माफी-मिनाहा दिनु राज्यद्वारा पीडितमाथि गरिएको चरम ज्यादती हो



अग्रलेख

● ताराप्रसाद ओली

राष्ट्रका विशेष दिनमा राष्ट्राध्यक्षद्वारा कैदीहरूलाई दिइने सजाय माफी र मिनाहाका विषय निरन्तर विवादित बन्दै गइरहेका छन् । न्यायिक निरुपणमा हुन सक्ने त्रुटि रोक्न र सुधारात्मक दण्ड प्रणालीको अवलम्बन गर्न प्रयोग गर्नुपर्ने कानुनको स्वेच्छाचारी प्रयोगले फौजदारी न्याय प्रणाली पराजित हुने खतरा बढ्दै गएको छ । गम्भीर र जघन्य प्रकृतिका फौजदारी कसुर गर्ने व्यक्तिलाई माफी दिने कार्यले दण्डहीनता मौलाउने, अपराधीको मनोबल उच्च भई समाजको शान्ति, सुरक्षा र सुव्यवस्थामा गम्भीर खलल पर्ने अवस्था आउन सक्छ ।

सजायमाफीको सैद्धान्तिक अवधारणा : आधुनिक लोकतन्त्र कानुनको शासनमा आधारित छ, तर कानुनको कठोर व्याख्या र प्रयोगबाट कसैलाई ठूलो अन्याय परेको हुन सक्छ । न्यायाधीशहरूबाट गरिएको न्याय सम्पादन पनि पूर्ण र त्रुटिरहित नहुन सक्छ । त्रुटिपूर्ण, कठोर तथा कसुरको गम्भीरताभन्दा बढी भएको सजाय एवं न्यायिक प्रक्रियामा भएको गल्ती सच्याउन राष्ट्राध्यक्षको स्वविवेकमा प्रयोग हुने माफी, मिनाहा र सजाय छुटको अधिकार संसारभर नै सर्वस्वीकार्य पद्धति हो । संसारभर नै राष्ट्राध्यक्षलाई यस्तो विशेष न्यायिक शक्ति प्रदान गरिएको हुन्छ ।

मुद्दाको अन्तिम किनारा भइसकेकोमा सो मुद्दाको निर्णय हुँदाको अवस्था र हालको परिस्थितिमा आमूल परिवर्तन भएको, वास्तविक तथ्य प्रमाण पेस हुन नसकी फरक निर्णय हुन गएको वा फैसलापछि नयाँ तथ्य पत्ता लागेको अवस्थामा निर्दोष व्यक्तिले सजाय नपाओस् भन्ने अभिप्रायले न्यायिक निकायबाट तोकिएको दण्ड सजाय माफी मुल्तबीसम्बन्धी व्यवस्था राखिएको हुन्छ ।

कैदीको सोच, स्वभाव, चरित्र र प्रवृत्तिमा आएको आधारभूत परिवर्तनका कारण निजलाई समाजमा पुनर्स्थापन गर्दा भविष्यमा कुनै आपराधिक कार्य हुँदैन भन्ने विश्वास गरी त्यस्ता कैदीलाई कैद मिनाहा दिन सक्ने व्यवस्था गरिएको हुन्छ । यो अधिकारको दुरुपयोगले उत्पन्न हुने दण्डहीनताको स्थिति रोक्न मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रप्रमुखबाट मात्रै यो विशेषाधिकार प्रयोग हुन्छ । पुनः स्थापकीय न्याय प्रणालीमा प्रगतिशील दृष्टिकोणबाट दण्ड निर्धारण गरिनुपर्नेमा जोड दिँदै उपचारात्मक तथा सुधारात्मक सिद्धान्तका आधारमा कसुरदारलाई सुधार गरी असल नागरिकका रूपमा समाजमा पुनर्स्थापित गर्ने मान्यता अंगीकार गरिन्छ ।

निर्दोष व्यक्तिलाई भूलवश सजाय भएमा माफी-मिनाहा गरिन्छ । व्यावसायिक अपराधी र केही खास प्रकृतिका अपराधबाहेकका कैदीको चालचलन सुधार भएमा बाँकी कैद छुट दिने अभ्यास संसारभर नै छ । न्याय निरुपण गर्ने क्रममा कुनै त्रुटि भएमा, निर्दोष व्यक्तिले सजाय पाएमा, राजनीतिक आस्थाका आधारमा मात्र सजाय पाएमा वा चर्को सजाय भएमा उसलाई थप अन्याय हुन नदिन माफी-मिनाहाको व्यवस्था गरिएको हुन्छ । कुनै आवेशका कारण अपराध गरेका, त्यसप्रति प्रायश्चित गरेका तथा चालचलनमा सुधार भएका व्यक्तिलाई निश्चित अवधि कैदमा राखेपछि उसलाई समाजमा पुनर्स्थापित गर्नुपर्छ भन्ने अवधारणाका आधारमा कैद छुटको व्यवस्था गरिएको हो ।

विद्यमान कानुनी व्यवस्था : नेपालको संविधानको धारा २७६ मा राष्ट्रपतिले कुनै अदालत, न्यायिक वा अर्धन्यायिक निकाय वा प्रशासकीय पदाधिकारी वा निकायले गरेको सजायलाई कानुनबमोजिम माफी, मुल्तबी, परिवर्तन वा कम गर्न सक्ने व्यवस्था गरिएको छ । यसैगरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ का अनुसार दफा १५९ मा केही अपराधलाई नकारात्मक सूचीमा राखी सजाय माफ दिन सकिन्छ । जसअनुसार, कसुरको प्रकृति, अवस्था, उमेर, शारीरिक अवस्था, सजायको हद, कसुरदार थुनामा रहेको वा नरहेकोलगायत पक्ष हेरेर कैद सजाय माफी-मिनाहा दिन सकिन्छ । साथै फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३७ मा समेत कैद मिनाहाको व्यवस्था छ ।

अन्तर्राष्ट्रिय प्रचलन : बेलायतको अदालतले थोमस बी सोरेलको मुद्दामा पीडितलाई पुगेको हानि-नोक्सानीलाई पूरै बेवास्ता गरी राजाले कुनै व्यक्ति विशेषको पक्षपोषण गर्न सक्दैनन् भन्ने मान्यतासमेत स्थापित गरिसकेको छ । अमेरिकाको संविधानको धारा २ को उपधारा २ तथा भारतको संविधानको धारा ७२ र १६१ मा पनि माफीको व्यवस्था छ । अमेरिकाको सर्वोच्च अदालतले फौजदारी कानुन कार्यान्वयनमा प्रत्यक्ष त्रुटि वा अनुचित तवरले हैरानी दिने उद्देश्यबाट अभियोजन गरिएको कार्यबाट जोगाउने उद्देश्यले मात्र माफीको व्यवस्था कार्यान्वयन हुन सक्ने व्याख्या गरेको छ ।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अभिसन्धि, १९६६ को दफा १४ मा फैसला भइसकेपछि पत्ता लागेको कुनै नयाँ तथ्य, जसबाट निर्णय वा फैसला गलत प्रमाणमा आधारित भएको पाइएमा मात्र माफी दिने प्रावधान राखिएको छ । सो महासन्धिको धारा ६ ले मृत्युदण्डको सजायविरुद्ध माफीको कारबाही चलाउन पाउनुलाई अधिकारका रूपमा परिभाषित गरी जीवनको अधिकारको सुनिश्चितता खोजेको देखिन्छ । रोम विधानको प्रस्तावनामा समेत गम्भीर प्रकृतिका अपराधमा दण्डित नगरी त्यत्तिकै उन्मुक्ति दिन नहुनेमा जोड दिइएको छ ।

सजायको उद्देश्य पराजित नहोस् : फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १३ मा सजायका उद्देश्यहरू स्पष्टसँग उल्लेख गरिएका छन् । कसुर गर्न कसुरदार वा अन्य व्यक्तिलाई हतोत्साहित गर्ने, समाज वा समुदायलाई सुरक्षा गर्ने, पीडितलाई क्षतिपूर्तिसहित न्याय प्रदान गर्ने, कसुरदारलाई समाजमा पुनर्स्थापना गर्न सहयोग गर्ने, कसुरदारलाई समाजबाट अलग राख्ने, कसुरदारलाई आफ्नो कार्यप्रति पश्चात्ताप बोध गराई पीडित व्यक्ति वा समुदायलाई हानि-नोक्सानी भएको छ भन्ने अनुभूति गराउने तथा कानुनद्वारा निषेधित आचरणको निन्दा गर्ने सजायका उद्देश्य हुन् ।

कसुरदारको आचरणमा सुधार ल्याई समाजमा पुनर्स्थापित गर्न, पीडितलाई क्षतिपूर्तिसहितको न्याय प्रदान गर्न तथा सम्भावित अपराधीलाई हतोत्साहित गर्न दण्ड सजायको व्यवस्था गरिएको हुन्छ । न्यायिक प्रक्रियामा त्रुटि भएको पुष्टि नगरी, कसुरदारलाई समाजमा पुनर्स्थापित गर्ने अवस्था निर्माण भएको यकिन नगरी तथा पीडितले क्षतिपूर्तिसहितको न्याय प्राप्त गरेको सुनिश्चित नगरी सजाय माफी, मुल्तबी, परिवर्तन वा मिनाहाको व्यवस्था कार्यान्वयन गर्न मिल्दैन ।



कानुनी शासनको उपहास : कानुनी शासन भनेको स्वच्छ, न्यायिक, लोकतान्त्रिक मूल्य-मान्यता, जनहित र जनभावनामा आधारित कानुनको उचित र विवेकपूर्ण प्रयोगको अवधारणा हो । कानुनको शासन हुनका लागि कुनै पनि कानुन समयसापेक्ष, जनमैत्री र न्यायिक हुनुपर्छ । विधायिकाले न्यायका मान्य सिद्धान्तविपरीत स्वेच्छाचारी ढंगले कानुन निर्माण गरेका खण्डमा मुलुकमा कानुनी शासन स्थापित हुँदैन । माफीको व्यवस्था कार्यान्वयन गर्न सकिन्छ ।

राज्यका निकाय निष्प्रभावी हुने खतरा : अपराधको अनुसन्धान, अभियोजन वा न्याय निरुपणको कार्य दैनिक प्रशासकीय काम होइन । कसुरदारलाई कानुनी दायरामा ल्याएर पीडितलाई न्याय प्रदान गर्ने कार्य निकै जटिल, चुनौतीपूर्ण र कठिन छ । न्याय प्रशासनका अधिकारीले निकै ठूलो जोखिम उठाएर कार्य सम्पादन गर्नुपर्छ ।

निकै ठूलो व्यक्तिगत जोखिम उठाएर कानुनको कठघरामा उभ्याइएको अपराधीलाई कुनै कारण र आधारविना कानुनको दुरुपयोग गरी उन्मुक्ति दिँदै जाने हो भने कानुन कार्यान्वयन गर्ने निकायले जोखिम उठाउन नचाहने समस्या सिर्जना हुन सक्छ । समाजका स्थापित, शक्तिशाली र पहुँचयुक्त व्यक्तिले गरेको अपराधको अनुसन्धान, अभियोजन र न्यायिक निर्णय गर्न राज्यका अधिकारी डराए भने के होला ? कुनै पनि कुख्यात अपराधी सहजै छुट्छ भन्ने लागेमा उच्च जोखिम लिएर कसले काम गर्न सक्छ ?

पीडितमैत्री कानुनको खाँचो : राज्य सबैको अभिभावक हो, राज्यले सबै नागरिकलाई समान व्यवहार गर्नुपर्छ । राज्य सधैं जनताको पक्षमा उभिनुपर्छ । अपवादबाहेक समाजका निमुखा र भुइँमान्छेहरू नै अन्यायमा पर्ने हुन् । फौजदारी न्याय प्रणाली निकै जटिल छ । शंकाको लाभ अभियुक्तले पाउँछ भन्ने कानुनी सिद्धान्त रहेको छ । नेपालको संविधानले पीडितलाई आफू पीडित भएको मुद्दाको कामकारबाहीसम्बन्धी जानकारी पाउने एवं सामाजिक पुनर्स्थापना र क्षतिपूर्तिसहितको न्याय पाउने हकको सुनिश्चितता गरेको छ । मौलिक हकको यो बाध्यकारी व्यवस्था कार्यान्वयन गर्न अपराध पीडितसम्बन्धी ऐन कार्यान्वयनमा आइसकेको छ । पीडितको सहभागिता, जानकारी, सहमति, मञ्जुरी वा रायविनै कसुरदारलाई माफी-मिनाहा दिनु राज्यद्वारा पीडितमाथि गरिएको चरम ज्यादती हो ।

अपराधको राजनीतीकरणको चिन्ता : लोकतन्त्र र विधिको शासन सुदृढ भइनसकेको हाम्रोजस्तो समाजमा राजनीतिक शक्तिका आडमा आपराधिक कार्यलाई राजनीतिक रूप दिने अनि राजनीतिको अपराधीकरण गर्ने खतरा सधैं रहन्छ । आपराधिक कार्यलाई न्यायिक निष्कर्षमा पुऱ्याउन नसके फौजदारी न्यायमा गम्भीर विचलन पैदा हुन सक्छ । अपराधलाई राजनीतिक अभीष्ट पूरा गर्ने हतियारका रूपमा प्रयोग गर्ने संस्कृतिको विकास हुनु लोकतन्त्रका लागि खतरनाक पक्ष हो । हरेक कसुरको अनुसन्धान गरी न्याय दिलाउनु राज्यको आधारभूत दायित्व हो ।

नागरिकको निरीहपन : शासन व्यवस्थामा नागरिकको प्रत्यक्ष सहभागिता र नियन्त्रण हुने प्रणाली लोकतन्त्र हो । शासकहरू नागरिकसँग डराउने प्रणाली भएकाले राजनीतिज्ञ मुलुकको शासकीय प्रणाली, कानुन र आमजनताप्रति बफादार हुनुपर्छ । जनताबाट आवधिक रूपमा अनुमोदित भइरहनुपर्छ भन्ने तथ्य जानीजानी पनि नेताहरू निस्फिक्री रूपमा जनविरोधी काम गरिरहेका छन् भने त्यो देशका नागरिकको चेतना र विवेकको स्तर निकै कमजोर छ भन्ने बुझिन्छ । सरकारका काम-कारबाहीको गुण र दोषको आधारमा समर्थन र विरोध नगर्ने तथा गैरराजनीतिक मुद्दामा समेत राजनीतिक आस्था र आबद्धताको आधारमा समर्थन र विरोध गर्ने परिपाटीका कारण राजनीतिज्ञले सुध्रनुपर्ने आवश्यकताको बोध गरेका छैनन् ।

अन्त्यमा : 'मिसक्यारिज अफ जस्टिस' भएको छ भने मात्र माफी हुन सक्छ । अपराधीले आफूले गरेको अपराधप्रति पश्चात्ताप गरेको छ, भविष्यमा निजले पुनः अपराध गर्ने अवस्था छैन र पीडित पक्षसमेत सन्तुष्ट छ भने बाँकी कैद मिनाहा हुन सक्छ । माफीद्वारा सजाय मिनाहा वा छुट अपवादमा प्रयोग हुने हो, नियमित रूपमा प्रयोग हुने व्यवस्था होइन । सुधारात्मक दण्ड प्रणाली अवलम्बन गर्न तथा न्याय निरुपणमा हुने त्रुटिलाई सच्याउन गरिएको माफी, मिनाहा र कैद छुटको व्यवस्थालाई स्वेच्छाचारी तरिकाले प्रयोग गर्दा दण्डहीनता मौलाउँछ, आपराधिक घटनाको बढोत्तरी हुन्छ, पीडित झन् पीडित हुन्छ, फौजदारी न्याय मर्छ र राज्यप्रति जनताको भरोसा टुट्छ ।

---

३ प्रश्न

पूर्वपरराष्ट्रमन्त्री **रमेशनाथ पाण्डे**लाई



इजरायल घटनामा नेपालको रबैया कस्तो लाग्यो ?

मृतकको शव र बिचल्लीमा परेकाहरूलाई विमान पठाएर तुरुन्तै किन ल्याइएन भन्ने आलोचनाले अन्तर्राष्ट्रिय उडान रोकिएको अवस्थालाई उपेक्षा गऱ्यो । यसैगरी इजरायली सेनाले तदारुकतासाथ घाइतेलाई अस्पताल र बिचल्लीमा परेकालाई स्कर्टिड गरेर सुरक्षित स्थलमा पुऱ्याएर आफ्नो दक्षता पुष्टि गरेकामा शाब्दिक साधुवाद व्यक्त गर्नबाट नेपाल सरकार चुकेको छ । यो कूटनीतिक त्रुटि र बेमौकामा पनि सरकारलाई झपार्ने बानी सच्याउनुपर्छ ।

यस्ता द्वन्द्वमा नेपालको अन्तर्राष्ट्रिय दायित्व के हो ?

आतंककारी गतिविधि अस्वीकार गर्नु र इजरायलको आत्मरक्षाको अधिकारका पक्षमा उभिनु नेपालको सैद्धान्तिक प्रतिबद्धता हो । परेको वेलामा मित्र देशलाई नैतिक आड दिन सधैं अग्रपंक्तिमा उभिनुपर्छ । इजरायलको आत्मरक्षाको अधिकारलाई प्रभावशाली वाक्यांशद्वारा समर्थन जनाउन नेपाल पछि पर्नु हुँदैन । आफ्नो भूराजनीतिक स्थापनाले अनुभूत गर्न थालेको सामरिक तानातानी र अनिश्चयमा अन्तर्राष्ट्रिय समर्थन, सद्भावनाको सञ्चिती र आर्जनको निरन्तरतालाई नेपाली कूटनीतिले सधैं जोगाउनुपर्छ ।

अबका दिनमा नेपालले निर्वाह गर्नुपर्ने भूमिका के हो ?

रेमिटेन्सको आकर्षणमा द्वन्द्वग्रस्त देशमा पनि जनशक्ति पठाउने श्रम सम्झौतामुखी कूटनीतिले नागरिकलाई जोखिममा पचेटेको छ । विगतमा अफगानिस्तान र अहिले युक्रेन युद्धमा नेपाली युवाको संलग्नताले भएको बदनामीबाट सच्चिन ढिलो भइसक्यो । वैदेशिक फाँटमा मध्यपूर्वको कूटनीतिक जटिलता ह्वात्तै बढेको छ । अहिलेको घटनाले साउदी अरेबिया र इजरायलबीच मेल गराउने अमेरिकी प्रयास, साउदी र इरानबीच मिलाप गराउने चिनियाँ कोसिस तथा युक्रेन युद्धमा कस्तो प्रभाव पार्छ भन्ने प्रश्न छ । यस प्रश्नलाई नेपालले भविष्यमा सम्बोधन गर्नुपर्ने भएकाले सरकारले तत्काल अध्ययन, मूल्यांकन र सामरिक सोच बनाउन थाल्नुपर्छ ।

प्रेरक प्रसंग

साधु र नर्तकी

कुनै एउटा सहरमा एकजना साधु बस्थे । उनी दिनभर आश्रममा आएका भक्तजनलाई उपदेश दिने गर्थे । सोही सहरमा एक नर्तकी पनि बस्थिन् । उनी मानिसका अगाडि नाचेर उनीहरूलाई खुसी पार्ने काम गर्थिन् ।

एक दिन अचानक सहरनजिकको नदीमा भीषण बाढी आयो । बाढीमा परेर धेरैले ज्यान गुमाए । साधु र नर्तकीको पनि मृत्यु भयो । मृत्युपछि दुवै एकसाथ यमलोक पुगे । त्यहाँ उनीहरूको कर्म र त्यसका पछाडि लुकेको भावनाका आधारमा उनीहरूलाई स्वर्ग या नर्क पठाइने घोषणा गरियो । साधु आफूले स्वर्ग जान पाउनेमा विश्वस्त थिए । नर्तकीको मनमा भने यस्तो कुनै भावना थिएन । उनी केवल घोषणाको प्रतीक्षा गरिरहेकी थिइन् ।

एकैछिनमा साधुलाई नर्क र नर्तकीलाई स्वर्ग पठाउने घोषणा भयो । घोषणा सुन्नासाथ साधुले रिसाउँदै यमराजसित प्रश्न गरे- यो कस्तो न्याय हो महाराज ? मैले जीवनभर मानिसहरूलाई असल कर्मका लागि उपदेश दिइरहेँ तैपनि मलाई नर्क पठाइँदै छ । तर, यस नर्तकीले जीवनभर मानिसलाई खुसी पार्न उनीहरूका अगाडि नाचिरही । उसलाई चाहिँ स्वर्ग पठाइँदै छ । यस्तो अन्याय किन ?

यमराजले शान्त भावमा उत्तर दिए- हे साधु, यी नर्तकी आफ्नो पेट भर्नका लागि नाच्थिन्, तर नाच्दा जहिल्यै उनको मनमा आफूले
आफ्नो कला ईश्वरलाई समर्पित गरिरहेको भाव हुने गर्थ्यो । जब कि तिमी उपदेश दिँदै गर्दा पनि यही सोच्ने गर्थ्यौ, मैले पनि ती नर्तकीको नाच हेर्न पाए हुन्थ्यो नि !

यमराजले अगाडि भने- हे साधु, तिमीले मानिसको कर्मभन्दा पनि कर्म गर्नुको पछाडि लुकेको भावनाको बढ्दा महत्त्व हुन्छ भन्ने ईश्वरको सन्देशलाई जीवनमा बुझ्ने प्रयत्न नै गरेनौ जस्तो छ । त्यसैले तिमीलाई नर्क र यी नर्तकीलाई स्वर्ग दिनु बिल्कुलै न्यायसंगत छ ।

टिप्पणी nayapatrikaofficial @naya_patrika

होल्डिङ सेन्टर केका लागि ?

नयाँ पत्रिकामा होल्डिङ सेन्टर नामका सातवटा आधुनिक दरबार देखेपछि यसका जन्मदाता, खर्चदाता, आदेशदाता, ठेक्कादाता, योजनादातासमेत को थिए भन्ने प्रश्न उठिरहेको छ ।

एउटा सार्वजनिक शौचालय बनाउनुपर्दासमेत राजनीतिक पार्टीबीच मारामार द्वन्द्व हुने देशमा यस्ता ठुल्ठूला बेवारिसे सात दरबार सात ठाउँमा कसरी ठडिए ? आज तिनै बेवारिसे दरबार किन ठुहुरा सन्तानजस्तै बनेका छन् ? महाभूकम्पको दुःखमा सरकारले दिने भनेको तीन लाख लिन गरिब जनताले अनेक झमेला झेल्नुपऱ्यो । तर, कोरोना कहरको मौका छोपेर यसरी सात जिल्लाको सातै सरकारले खुसुक्क बेवारिसे दरबार बनाएर बेवारिसे अवस्थामा छाड्नुको कारण के हो ? शंका किन नगर्ने ?

● **रामहरि बाजे**, विदुर-४, नुवाकोट

टिकटको सास्ती कहिलेसम्म ?

नेपालीको महान् चाड
बडादसैंको समयमा लाखौं
नेपाली आफू बसोवास
गरिरहेको स्थानबाट जन्मघर
फर्किने गर्छन् । त्यस
क्रममा देशभरका यातायात
व्यवसायीले राम्रै कमाइ पनि
गर्छन् । यस समयमा सार्वजनिक
सवारीसाधन खचाखच
भरिन्छन् । त्यसैले, हरेक वर्षको
दसैंमा घर फर्किने यात्रुले टिकट
पाउन निकै बल लगाउनुपर्छ ।
यस वर्ष पनि त्यस्तै देखियो ।
यो बसको टिकटलाई हवाई
टिकटजस्तै अनलाइनबाट
काट्न मिल्ने बनाउन सकिन्न ?

● **अपूर्वा सिग्देल**
क्षेत्रपाटी, काठमाडौं

सरकारको ध्यान कता छ ?

पछिल्लो समय देशभरका
एकपछि अर्को सहकारी
संकटग्रस्त बन्दै गएका र
सर्वसाधारणको निक्षेप हिनामिना
भएका समाचार आई नै रहेका
छन् । यस्ता सहकारीका
सञ्चालकले सर्वसाधारण
जनताले खाई-नखाई जम्मा
गरेको निक्षेपको गम्भीर दुरुपयोग
गर्दा कैयौंको उठिबास नै लाग्ने
अवस्था छ । यसतर्फ सरकारको
ध्यान किन गइरहेको छैन ?
यसमा हामी काम गर्दै छौं,
कारबाही गर्छौं, सर्वसाधारणको
रकम फिर्ता गर्न लगाउँछौं जस्ता
ओठे प्रतिबद्धताले केही हुँदैन ।

● **वन्दना विक**
कौशलटार, भक्तपुर

राष्ट्रसंघले युद्ध रोक्ने कि तमासा हेर्ने ?

विगत तीन दिनदेखि इजराइल र पेलेस्टाइन सीमा क्षेत्रमा मात्र होइन, सीमाभित्रै पनि दुई पक्षबीच भीषण युद्ध भइरहेको छ । दैनिक हजारौं रकेट बर्साइएका छन् । सयौं मानिस दिनहुँ हताहत भइरहेका छन् । अहिलेसम्म झन्डै तीन हजार मानिसको मृत्यु भइसकेको र १०औं हजारभन्दा बढी घाइते भएका समाचार आइरहेका छन् । तैपनि यो युद्ध रोक्न राष्ट्रसंघर शक्तिशाली मुलुकहरूले ठोस पहल गरेको देखिन्न ।

राष्ट्रसंघले युद्ध रोक्न तत्काल ठोस पाइला चाल्ने कि तमासा मात्र हेरिरहने हो ? राष्ट्रसंघको स्थापना कुन उद्देश्यले गरिएको हो ? अहिलेको यक्ष प्रश्न नै यही हो । पेलेस्टाइन-इजराइल युद्धको यो नयाँ प्रकरण कहाँ पुगेर टुंगिने हो, ठेगान छैन । यसले कति क्षति पुऱ्याउँछ, कति जनधनको नोक्सान गर्छ ? त्यो अहिले नै भन्न नसकिए पनि यदि यो युद्ध लम्बिए यसबाट हजारौंको मृत्यु निश्चित छ ।

युद्धमा धेरैले आआफ्नो रोटी सेकाउने गर्छन् । बाह्य मुलुकले आआफ्नो स्वार्थ र हतियार बिक्री गर्ने उद्देश्यले युद्धरत पक्षलाई आआफ्नै तरिकाले सघाउने र उक्साउने पनि गर्छन् । त्यसैको पछिल्लो उदाहरण हो, रसिया-युक्रेन युद्ध । जसका कारण आज हजारौंको मृत्यु र लाखौं विस्थापित हुन पुगेका छन् । त्यसैले, सबैको अभिभावक राष्ट्रसंघले तत्काल यस इजरायल-प्यालेस्टाइन युद्ध रोक्न ठोस पहल गरोस् ।

● **गोपाल देवकोटा**, गोकर्णेश्वर-८, काठमाडौं
gopaldevkota@gmail.com

लैंगिक न्यायले जलवायु न्यायलाई मद्दत गर्छ

जलवायु परिवर्तनले महिलामाथि थप लैंगिक हिंसा बढाउँछ र अवैतनिक घरेलु श्रम गर्ने महिलाले विपत्को समयमा विकराल चुनौती व्यहोर्नुपर्छ



देश / विदेश

● इमेकुलेट अतुहमिज ● बर्टेन्ड बड्रे


कसैलाई पनि पछि नछाड्ने उद्देश्यसाथ यही जुनमा आयोजित 'द पेरिस समिट फर अ न्यु ग्लोबल फाइनेन्सिङ प्याक्ट'मा समावेशी जलवायु पहलकदमी लिइएको थियो । सम्मेलनअघि प्रकाशित संयुक्त विज्ञप्तिमा १३ विश्व नेताले गरिबीविरुद्धको विश्वव्यापी लडाइँलगायत प्रयासलाई जलवायु पहलकदमी सँगसँगै लानुपर्नेमा जोड दिएका थिए । विशेषतः विश्वव्यापी तनाव र बढ्दो ब्याजदर एवं उच्च ऋणस्तरजस्ता समस्या व्यहोरिरहँदा यो पहलकदमी लागू गर्नु एक मुख्य चुनौती हो । र, समावेशितालाई साँच्चै प्राथमिकता दिन र कसैलाई पनि पछि नछोड्ने हो भने नेताहरूले विश्वको आधा जनसंख्या भएका तथा जोखिम रहने समूह महिला र बालिकामा ध्यान केन्द्रित गर्नुपर्छ ।

राष्ट्रसंघीय पाँचौं दिगो विकास लक्ष्य लैंगिक समानता प्रवर्द्धन र महिला तथा बालिका सशक्तीकरण, स्वास्थ्य, शिक्षा, एवं खानेपानीमा पहुँचजस्ता अन्य लक्ष्यसँग अन्योन्याश्रित रूपमा जोडिएको छ । जलवायु परिवर्तनले यी अन्तरसम्बन्धित उद्देश्यलाई जोखिममा पार्छ र सम्भवतः बहुआयामिक क्षति निम्त्याउँछ ।

विकासशील मुलुकमा विशेषतः ग्रामीण क्षेत्रमा महिला र बालिका जलवायु संकटबाट असमान ढंगले प्रभावित छन् । बालिकाले विशेषतः सरदर पाँचजना सदस्य हुने आदिवासी परिवारका लागि पानी र खानाको जोहो गर्ने जिम्मेवारी पाएका हुन्छन् । जलवायु संकट बढ्दै जाँदा यी जिम्मेवारी थप चुनौतीपूर्ण हुन्छन्, अर्थात् बालिकाले पानीका लागि लामो दूरीको यात्रा गर्नुपर्ने हुन्छ । यसले गर्दा बालिका विद्यालय पुग्न ढिला हुने र सफा पानीको अभावका कारण 'महिनावारी स्वास्थ्य' कायम राख्न कठिन हुन्छ । यसले केही बालिकालाई गुणस्तरीय शिक्षाबाट वञ्चित गराउन सक्छ । यसबाहेक जलवायु परिवर्तनले बालविवाहमा वृद्धि ल्याउन सक्छ, किनभने स्रोतका अभाव भएका परिवारले विवाहका लागि सौदाबाजी गर्न सक्छन् । जलवायु परिवर्तनले महिलामाथि थप लैंगिक हिंसा बढाउँछ र अवैतनिक घरेलु श्रम गर्ने महिलाले विपत्को समयमा विकराल चुनौती व्यहोर्नुपर्छ । उदाहरणका लागि युगान्डामा बाढी र खडेरीलगायत जलवायुसम्बद्ध प्रकोपले यी चुनौतीलाई उजागर गर्छ । सीमित विपत् तालिमका कारण पुरुषको तुलनामा महिलाले विपत्तिसँग जुध्न नसकेर बढी ज्यान गुमाउँछन् ।

अफ्रिकी जलवायु सम्मेलनको एक दिनअघि भएको अफ्रिकी युवा जलवायु सम्मेलनले यस मुद्दाको महत्त्वलाई झल्काएको थियो । युवा अफ्रिकी प्रतिनिधिले आफूले सामना गरेका जलवायु चुनौती एवं अनुभव साझा गरेका थिए । अफ्रिका जलवायु शिखर सम्मेलनमा युवा नेतृत्वका संगठनले जलवायु पदयात्रा, सहायक समारोह र प्रेस सम्मेलनजस्ता गतिविधि आयोजना गरेका थिए । यी आयोजना युवा समुदायलाई प्रत्यक्ष असर गर्ने मुद्दामा केन्द्रित थिए, तर यी सबै विषय प्रायः नेताहरूको छलफलमा उपेक्षित बने । अफ्रिकामा बढ्दो प्लास्टिक प्रदूषणजस्ता अत्यावश्यक मुद्दालाई बेवास्ता गर्दै कार्बन बजारमा नेता र अन्तर्राष्ट्रिय संस्थाको जोड देखेर यी युवा छक्क परेका थिए । जलवायुसम्बद्ध प्रकोपका प्रभावसँग लचिलोपन, अनुकूलन, र सहयोगका लागि स्रोत विनियोजन गर्ने अस्पष्ट प्रतिबद्धताबाट पनि युवा निराश थिए ।

प्रत्यक्ष संलग्न व्यक्तिको मत-योगदानविनाको समाधान अपर्याप्त हुन्छ, अर्थात् परिणाम प्रभावित समूहबाहिर पुग्छ । उदाहरणका लागि, कृषिमा महिलाको केन्द्रीय भूमिकाका बाबजुद पुरुषको तुलनामा स्रोत, सेवा र निर्णय पहुँचमा महिलाले असमानताको सामना गर्छन् । स्रोतमा महिलाको पहुँच बढाउनाले महिलाका कमजोरी मात्र निमिट्यान्न हुँदैन, यसले घरेलु एवं सामुदायिक खाद्य सुरक्षा र जलवायु लचिलोपनलाई पनि प्रोत्साहन गर्छ । खाद्य तथा कृषि संगठनले कृषिमा लैंगिक समानता हासिल गर्न सकिए बाली उत्पादनमा २० देखि ३० प्रतिशत वृद्धि हुने अनुमान गरेको छ । महिलाका दक्षता सुधारले सम्भावित रूपमा विश्वव्यापी भोकमरीलाई कम्तीमा १२ देखि १५ प्रतिशतले घटाउन सक्छ र सन् ०५० सम्ममा दुई दशमलव एक गिगाटन कार्बनडाइअक्साइड उत्सर्जनमा कमी ल्याउन सक्छ । त्यसैगरी विश्वभरका वैज्ञानिक र अर्थशास्त्री सम्मिलित परियोजना 'प्रोजेक्ट ड्रडाउन'ले स्वेच्छिक परिवार नियोजन र बालिकाको शिक्षालाई वैश्विक तापमान वृद्धिसँग लड्ने सबैभन्दा प्रभावकारी उपायका रूपमा सूचीबद्ध गरेको छ । शिक्षामा लैंगिक भिन्नताको खाडललाई कम गर्नाले मुलुकलाई जलवायु परिवर्तनसँग अनुकूलन गर्न र यसका प्रतिकूल प्रभावलाई कम गर्न मद्दत गर्न सक्छ । बालिका शिक्षामा हुने लगानीले तिनलाई भविष्यका लागि तयार पार्छ र यसले बालिका एवं महिलाले सामना गरिरहेको विद्यमान असमानतालाई पनि कम गर्छ । त्यसैगरी, विद्यालयका पाठ्यक्रममा जलवायु विषय समावेश गर्नाले बालबालिकामा थप पारिस्थितिक चेतना अंकुरित हुन सक्छ ।



तस्बिर : एलिसन राइट/गेटी इमेजेस

उसो त पेरिस शिखर सम्मेलनको प्रभावबारे विश्लेषण गर्न हतारो हुन्छ, तथापि यसले अफ्रिका जलवायु शिखर सम्मेलन, नयाँदिल्लीमा भएको जी-२० र राष्ट्रसंघको महासभाजस्ता पछिल्ला विश्वव्यापी सम्मेलनलाई विशेष रूपमा एक आकार दिएको छ भन्न सकिन्छ । संयुक्त अरब इमिरेट्समा नोभेम्बरमा हुन गइरहेको राष्ट्रसंघीय जलवायु परिवर्तन सम्मेलन (कोप २८) मा जलवायु परिवर्तनको सामना र विकासका मुद्दा समानान्तर ढंगले गरिनुपर्छ भन्ने विषय कोप २८ मा प्रमुखतासाथ उठ्ने अपेक्षा गरिएको छ ।

यो त सुरुवात मात्रै हो । उदीयमान अर्थतन्त्रमा जलवायु परिवर्तनलाई प्रभावकारी रूपमा सम्बोधन गर्न महिलाको सहभागिता महत्त्वपूर्ण छ । कोप २८ बाट सुरु हुने आगामी अन्तर्राष्ट्रिय शिखर सम्मेलनले सबै तहमा लैंगिक समानतालाई प्राथमिकता दिनुपर्छ र 'कसैलाई पछि नछोड्ने' संकल्पलाई यथार्थमा परिणत गर्नुपर्छ । यद्यपि यस्तो उपाय केही महँगो हुन सक्छ, तर निष्क्रियताको मूल्य अत्यधिक छ ।

(अतुहमिज युगान्डाकी जलवायु एवं लैंगिक अभियन्ता हुन् र बड्रे विश्व बैंकका प्रबन्ध निर्देशक हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

■ हमास-इजरायल युद्ध

इजरायलमा मुठभेड साम्य, गाजापट्टीमा चर्कियो बमबारी

एजेन्सी / इजरायली सेना 'इजरायल डिफेन्स फोर्स(आइडिएफ)'ले मंगलबार बिहान गाजापट्टीसँगको सिमाना पूर्ण रूपमा आफूहरूको नियन्त्रण आएको बताएको छ। हमासले इजरायलभित्र घुसपैठ सुरु गरेको करिब ७२ घन्टापछि सिमानामा इजरायली सेनाले नियन्त्रण पाएको हो। हमास लडाकुले गाजा-इजरायल सीमाका विभिन्न स्थानका तारबार भत्काएर करिब एक हजार इजरायलीलाई मार्दै, सयौँलाई अपहरण गरेर गाजापट्टीतर्फ लगेका छन्। 'सीमा हाम्रो नियन्त्रणमा आएपछि एकजना पनि आतंककारी इजरायल प्रवेश गर्न सकेका छैनन्,' इजरायली सेनाका वरिष्ठ प्रवक्ता रियर एड्मिरल ड्यानियल हगारीले भने।

त्यस्तै इजरायली सेनाले हमासबाट अपहरित मानिसको परिवारलाई औपचारिक रूपमा उनीहरूका प्रियजन गाजामा बन्दी बनाइएकोबारे सूचित गरेको छ। अघिल्लो रात बन्धक बनाइएका सबैको बारेमा जानकारी संकलन गरिएपछि मंगलबार बिहानसम्म ५० परिवारलाई तिनको अपहरित परिवाजनबारे जानकारी गराइसकेको हगारीले बताए। इजरायलमा हमासले गरेको आकस्मिक आक्रमण र त्यसपछिको झडपमा मर्ने इजरायलीको संख्या ९०० नाघेको सेनाले मिडियालाई बताएको छ। २७ सय घाइते भएको र तीमध्ये ५०० लाई गम्भीर चोट लागेर उपचार गरिरहेको सूचना दिइएको छ।

इजरायलले गाजामा गर्ने सम्भावित स्थल आक्रमणका लागि झन्डै तीन लाख रिजर्भ फौज सैन्य सेवामा फर्किएका छन्। सो फौजलाई इजरायलभित्र अझै लुकेको हुन सक्ने हमास लडाकु खोज्न र उत्तरी सिमाना (लेबनान)तर्फबाट हेजबुल्लाले गर्न सक्ने आक्रमण रोक्न पनि प्रयाग गरिनेछ। आइडिएफले अझै पनि सानो संख्यामा हमास लडाकु इजरायली बस्तीमा लुकेको हुन सक्ने अनुमान गरेको छ। आइडिएफका लेफ्टिनेन्ट कर्नल रिचर्ड हेच्टले दक्षिणी इजरायलभित्र घुसपैठ गरेका अधिकांश हमास लडाकु मारिएको बताए। झन्डै एक हजार ५०० हमास लडाकुका शव फेला परेको हेच्टले जानकारी गराएका छन्। मर्ने इजरायलीमा कम्तीमा १२३ सैनिक भएको सेनाले जानकारी गराएको छ। त्यस्तै करिब १३० जनालाई इजरायलबाट अपहरण गरी गाजामा लगिएको र शनिबार



घुसपैठ गर्ने आतंककारीले लगेको अनुमान गरिएको छ। आइडिएफले मंगलबार गाजापट्टीमा २०० भन्दा बढी स्थानमा बमबारी गरेको बताएको छ। तिनमा मस्जिदमा अवस्थित हतियार भण्डारण स्थल र एक अपार्टमेन्ट पनि रहेको उसले बताएको छ। गाजामा हुने इजरायली हमला नरोके बन्धकहरूलाई मार्न सुरु गर्ने हमासको धम्कीका बाबजुद बमबारी रोकेको छैन। गाजामा अहिले जताततै भग्नावशेष देखिने त्यहाँका मिडियाले बताएका छन्। हमास नेतृत्वको गाजाको स्वास्थ्य मन्त्रालयले शनिबारदेखि सुरु भएको इजरायली बमबारीमा गाजापट्टीमा ६८७ प्यालेस्टाइनी मारिएको र अन्य तीन हजार ८०० घाइते भएको बताएको छ। द्वन्द्व सुरु भएदेखि गाजामा एक लाख ८७ हजार ५०० भन्दा बढी मानिस देशका विभिन्न स्थानमा विस्थापित भएको संयुक्त राष्ट्रसंघले बताएको छ। प्यालेस्टिनी शरणार्थी हेर्न गठित संयुक्त राष्ट्रसंघीय एजेन्सी(युएनआरडब्लुए) ले गाजाका विभिन्न स्थानका विद्यालयमा एक लाख ३७ हजारभन्दा बढी मानिसलाई आश्रय दिएर आवश्यक सेवा दिइरहेको छ।

उता इजरायलले युद्ध घोषणा गरेसँगै अमेरिकाले इजरायललाई अत्यावश्यक हतियार र सैन्य उपकरण निकासा गरेको छ। अमेरिकी मिडिया अक्सिओसको एक समाचारका अनुसार इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले बाइडेनसँग फोन गरेर इजरायलसँग गाजामा स्थल आक्रमणको आदेश दिनेबाहेक अरू विकल्प नभएको बताएका छन्। नेतान्याहुको सरकारले गाजा क्षेत्रमा इजरायलबाट जाने खाना, पानी र बिजुली आपूर्ति रोकिसकेको छ।

- टाइम्स अफ इजरायलबाट

लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८०/०६/२४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस लुम्बिनी विकास बैंक लिमिटेडका विभिन्न शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लिखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा विभिन्न मितिमा सूचना प्रकाशित गर्दा समेत ऋणको साँवा ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई विकास बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले विकास बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी विकास बैंकको नियमानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितिपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु २२ (बाइसौं) दिन (बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक बिदा परेमा बिदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउने/खोलिने हुँदा) तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राईटर, धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन। साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राईटर/सञ्चालक, धितो/जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि विकास बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारवाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ।

तपसिल

क.सं	ऋणीको विवरण	धितोको विवरण
१.	**नाम : उमा देवी पौडेल** पतिको नाम : भरत बहादुर पौडेल ससुराको नाम : बल बहादुर पौडेल ठेगाना : बागेश्वरी - १, बाँके हाल : नेपालगंज - १२, बाँके ना.प्र.प.नं. : ६९५ जि.प्र.का. बाँके जारी मिति : २०४६/०२/०४ **शाखा कार्यालय : नेपालगंज**	उमा देवी पौडेलको नाममा मालपोत कार्यालय बाँकेमा दर्ता श्रेस्ता कायम रहेको नेपालगंज - १६, बाँके स्थित कित्ता नं. २९० को क्षेत्रफल २५३.९५ को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
	व्यक्तिगत जमानत दिनेको विवरण	
	१. नाम : सलिना तामाङ (पौडेल) पतिको नाम : रोहित कुमार पौडेल ससुराको नाम : भरत बहादुर पौडेल ठेगाना : बागेश्वरी - २, बाँके हाल : नेपालगंज - १२, बाँके ना.प्र.प.नं. : ०७१०२१/५०५९ जि.प्र.का. बाँके जारी मिति : २०६८/०८/०६	**२. नाम : भरत बहादुर पौडेल** बाबुको नाम : बल बाहदुर पौडेल बाजेको नाम : काशीराम पौडेल ठेगाना : बागेश्वरी - १, बाँके हाल : नेपालगंज - १२, बाँके ना.प्र.प.नं. : ८७०० जि.प्र.का. बाँके जारी मिति : २०३५/०१/०८
	ऋणीको विवरण	**धितोको विवरण**
२.	नेपाल सरकार, वाणिज्य तथा आपूर्ती मन्त्रालय, वाणिज्य तथा आपूर्ती व्यवस्थापन विभागमा मिति २०७१/१२/०४ मा दर्ता नं. १२१४०५/०७१/०७२ अन्तर्गत दर्ता भई ललितपुर जिल्ला, लेले गा.वि.स. वडा नं. ९, रजिष्टर्ड कार्यालय रहेको **टिका भैरव मोटर पार्टस ।**	
३.	पूर्ण मान श्रेष्ठको नाती, हरि गोविन्द श्रेष्ठको छोरा, ललितपुर जिल्ला, छम्पी गा.वि.स. वडा नं. ३ स्थायी वतन भई हाल ललितपुर जिल्ला, गोदावरी न.पा. वडा नं. ६, टिकाभैरव बस्ने ना.प्र.प.नं. २६१५८ को जारी मिति २०६१/०१/१० (जि.प्र.का. ललितपुर) रहेका **राम श्रेष्ठ** **शाखा कार्यालय : लेले, ललितपुर**	
	व्यक्तिगत जमानत दिनेको विवरण	
	१. पूर्ण मान श्रेष्ठको नाती, हरि गोविन्द श्रेष्ठको छोरा, ललितपुर जिल्ला, छम्पी गा.वि.स. वडा नं. ३ स्थायी वतन भई हाल ललितपुर जिल्ला, गोदावरी न.पा. वडा नं. ६, टिकाभैरव बस्ने ना.प्र.प.नं. २६१५८ को जारी मिति २०६१/०१/१० (जि.प्र.का. ललितपुर) रहेका **राम श्रेष्ठ ।**	२. पूर्ण मान श्रेष्ठको नाती, हरि गोविन्द श्रेष्ठको छोरा, ललितपुर जिल्ला, छम्पी गा.वि.स. वडा नं. ३ स्थायी वतन भई हाल ललितपुर जिल्ला, गोदावरी न.पा. वडा नं. ६, टिकाभैरव बस्ने ना.प्र.प.नं. १०३२३३ को जारी मिति २०५६/०९/०५ (जि.प्र.का. ललितपुर) रहेका **श्याम गोविन्द श्रेष्ठ ।**
	३. जगत लाल श्रेष्ठको छोरी, हरि गोविन्द श्रेष्ठको पत्नी, ललितपुर जिल्ला, छम्पी गा.वि.स. वडा नं. ३ स्थायी वतन भई हाल ललितपुर जिल्ला, गोदावरी न.पा. वडा नं. ६, टिकाभैरव बस्ने ना.प्र.प.नं. ५/७५५ को जारी मिति २०४६/०२/०५ (जि.प्र.का. ललितपुर) रहेका **लक्ष्मी श्रेष्ठ**	४. तेज कुमार श्रेष्ठको छोरी, श्याम गोविन्द श्रेष्ठको पत्नी, ललितपुर जिल्ला, कार्यविनायक न.पा. वडा नं. १४ स्थायी वतन भई हाल ललितपुर जिल्ला, गोदावरी न.पा. वडा नं. ६, टिकाभैरव बस्ने ना.प्र.प.नं. २८-०१-७२-००७३ को जारी मिति २०७२/०३/०७ (जि.प्र.का. ललितपुर) रहेका **सन्जु श्रेष्ठ ।**
	५. रुद्र बहादुर श्रेष्ठको छोरी, राम श्रेष्ठको पत्नी ललितपुर जिल्ला, कार्यविनायक न.पा. वडा नं. १४ स्थायी वतन भई हाल ललितपुर जिल्ला, गोदावरी न.पा. वडा नं. ६, टिकाभैरव बस्ने ना.प्र.प.नं. २८-०१-७२-०३९५४ को जारी मिति २०७२/०८/०७ (जि.प्र.का. ललितपुर) रहेका **तारा श्रेष्ठ ।**	
	धितोको विवरण	
	१. लक्ष्मी श्रेष्ठ, श्याम गोविन्द श्रेष्ठ र राम श्रेष्ठको संयुक्त नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता रहेको ललितपुर जिल्ला, लेले गा.वि.स. वडा नं. ९ हाल गोदावरी न.पा. स्थित कि.नं. २०३ को क्षेत्रफल ०-१२-०-० को जग्गा, सो जग्गामा बनेको घर तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। २. श्याम गोविन्द श्रेष्ठको नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता कायम रहेको ललितपुर जिल्ला, लेले गा.वि.स. वडा नं. ९ हाल गोदावरी न.पा. स्थित कि.नं. ९५ र १९७ को क्षेत्रफल क्रमशः ०-१३-०-० र ०-३-०-० रोपनीको जग्गा, सो जग्गामा बनेको घर तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। ३. लुम्बिनी विकास बैंक धनी भई राम श्रेष्ठ ऋणीको नाममा यातायात व्यवस्था कार्यालय बागमतीमा दर्ता रहेको सवारी नं. बा. ४ ख ८८१७ र बा. ५ ख ५८५७ रहेको आइचर भाडा टिपर २ थान।	
	ऋणीको विवरण	
४.	**नाम : ढोलाहीटि फर्मा** दर्ता गर्ने निकाय : नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, औषधि व्यवस्था विभाग, काठमाडौं दर्ता नं. : ३७६०५०४०९३३०२ दर्ता मिति : २०७६/०५/०५ रजिष्टर्ड कार्यालय : ललितपुर -२६, ललितपुर **प्रोप्राइटर : किरण देशार** **शाखा कार्यालय : लेले**	**नाम : किरण देशार** बाबुको नाम : कर्ण बहादुर देशार, बाजेको नाम : पुर्ण बहादुर देशार ठेगाना : चापागाउ -२, ललितपुर हाल : गोदावरी -११, ललितपुर ना.प्र.प.नं. : १७४०३ जि.प्र.का. ललितपुर जारी मिति : २०६०/०३/२४
	व्यक्तिगत जमानत दिनेको विवरण	**धितोको विवरण**
	नाम : गणेश कुमारी देशार पतिको नाम : कर्ण बहादुर देशार ससुराको नाम : पुर्ण बहादुर देशार ठेगाना : चापागाउ -४, ललितपुर हाल : गोदावरी -११, ललितपुर ना.प्र.प.नं. १७६ जि.प्र.का. ललितपुर जारी मिति : २०४४/१०/२२	किरण देशारको नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता श्रेस्ता कायम रहेको चापागाउ -२, ललितपुर स्थित कित्ता नं. ३४८ र ३४७ को क्षेत्रफल क्रमशः ०-३-०-२ र ०-३-०-३ को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

क.सं	ऋणीको विवरण	धितोको विवरण
५.	**नाम : ब्रहमानन्द पासवान किराना पसल** दर्ता गर्ने निकाय : घरेलु तथा साना उद्योग कार्यालय दर्ता न. : ५२३२/०७१/०७२, दर्ता मिति : २०७१/१२/२३ रजिष्टर्ड कार्यालय : तौलिहवा, कपिलवस्तु **प्रोप्राइटर : अमर पासी** **शाखा कार्यालय : गजेहडा**	
	व्यक्तिगत जमानत दिनेको विवरण	
	१. नाम : जग्गु पासी बाबुको नाम : मनगरे पासी बाजेको नाम : डल्लु पासी ठेगाना : बिरपुर - १, कपिलवस्तु हाल : शिवराज - ७, कपिलवस्तु ना.प्र.प.नं. : ८०/४/०६/७५०४३ जि.प्र.का. कपिलवस्तु जारी मिति : २०४५/०१/१३	**२. नाम : सुसिला पासी** पतिको नाम : जग्गु पासी ससुराको नाम: मनगरे पासी ठेगाना : बिरपुर - १, कपिलवस्तु हाल : शिवराज - ७, कपिलवस्तु ना.प्र.प.नं. : ३८०२०६९१४६७१ जि.प्र.का. कपिलवस्तु जारी मिति : २०६९/१२/०८
	३. नाम : पवन कुमार पासी बाबुको नाम : जग्गु पासी बाजेको नाम : मनगरे पासी ठेगाना : बिरपुर - १, कपिलवस्तु हाल : शिवराज - ७, कपिलवस्तु ना.प्र.प.नं. : ३८२०६१/२०९६४ जि.प्र.का. कपिलवस्तु जारी मिति : २०७१/०२/०९	**४. नाम : राम मनोज पासी** बाबुको नाम : जग्गु पासी बाजेको नाम : मनगरे पासी ठेगाना : बिरपुर - १, कपिलवस्तु हाल : शिवराज - ७, कपिलवस्तु ना.प्र.प.नं. : ३८-०२-७६-०३१५३ जि.प्र.का. कपिलवस्तु जारी मिति : २०७६/०८/२४
	धितोको विवरण	
	जग्गु पासीको नाममा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुमा दर्ता कायम रहेको बिरपुर - १ ख, कपिलवस्तु स्थित कित्ता नं. ३७७ को क्षेत्रफल ०-७-०-० को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत	
	ऋणीको विवरण	**धितोको विवरण**
६.	नेपाल सरकार, घरेलु तथा साना उद्योग कार्यालयमा प्राइमेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७३/०६/०४ मा दर्ता नं. ६४५८/०७३ अन्तर्गत दर्ता भएका **पूजा कस्मेटिक पसल** **प्रोप्राईटर/संचालक : मनोज कुमार कुर्मी** **शाखा कार्यालय : गजेहडा**	मनोज कुमार कुर्मिको नाममा मालपोत कार्यालय कपिलवस्तुमा दर्ता रहेको कपिलवस्तु जिल्ला, चनई गा.वि.स. वडा नं. ७ ख र ९ ख को कित्ता नं. ८२० र २०४३ को क्षेत्रफल क्रमशः ०-०-१०-० र ०-०-१०-० (विघा) को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
	व्यक्तिगत जमानत दिनेको विवरण	
	१. गोकुल कुर्मिको नाती, केवल राम कुर्मीको छोरा, कपिलवस्तु जिल्ला, गणेशपुर गा.वि.स. वडा नं. ३ स्थायी वतन भई हाल कृष्णनगर न.पा. वडा नं. ७, कपिलवस्तु बस्ने ना.प्र.प.नं. ३४७० को जारी मिति २०४३/०९/०९ (जि.प्र.का. कपिलवस्तु) रहेका **मुन्नालाल कुर्मी ।**	२. केवल राम कुर्मीको बुहारी, मुन्नालाल कुर्मीको पत्नी, कपिलवस्तु जिल्ला, कृष्णनगर न.पा. वडा नं. ७ बस्ने ना.प्र.प.नं. ३८-०२-७५-०२६५५ को जारी मिति २०७५/०७/२६ (जि.प्र.का. कपिलवस्तु) रहेका **विन्द्रावती कुर्मी ।**
	३. मुन्नालाल कुर्मीको बुहारी, मनोज कुमार कुर्मीको पत्नी, कपिलवस्तु जिल्ला, अजिगरा गा.वि.स. वडा नं. ५ स्थायी वतन भई हाल कृष्णनगर न.पा. वडा नं. ७, कपिलवस्तु बस्ने ना.प्र.प.नं. ३८२०६६/२५७९ को जारी मिति २०६५/०७/०७ (जि.प्र.का. कपिलवस्तु) रहेका **सुमिता देवी कुर्मी ।**	४. केबलराम कुर्मिको नाती, मुन्नालाल कुर्मिको छोरा, कपिलवस्तु जिल्ला, अजिगरा गा.वि.स. वडा नं. ५, स्थायी वतन भई हाल कृष्णनगर न.पा. वडा नं. ७, कपिलवस्त बस्ने ना.प्र.प.नं. ३८२०६६/१५९५ को जारी मिति २०६४/११/०१ (जि.प्र.का. कपिलवस्तु) रहेका **मनोज कुमार कुर्मि ।**
	ऋणीको विवरण	
७.	**नाम : अजिज कृषि फर्म** दर्ता गर्ने निकाय : घरेलु तथा साना उद्योग कार्यालय दर्ता नं. : ५१६३/०७१, दर्ता मिति : २०७१/०५/२९ ठेगाना : तौलिहवा, कपिलवस्तु **प्रोप्राइटर : अहमद अब्दुल रउफ, शाखा कार्यालय : गजेहडा**	
	व्यक्तिगत जमानत दिनेको विवरण	
	१. नाम : अहमद अब्दुल रउफ बाबुको नाम : सौकत अली मिया, बाजेको नाम : हिकमत अली ठेगाना : लालमटिया - ३, दाङ हाल : शिवराज - ८, विसुनपुर, कपिलवस्तु ना.प्र.प.नं. : २१४८२/७२३, जि.प्र.का. दाङ, जारी मितिः २०४५/०२/१७	**२. नाम : अजीज खान** बाबुको नाम : अहमद अब्दुल रउफ बाजेको नाम : सौकत अली मिया स्थायी : विसुनपुर - २, कपिलवस्तु हाल : शिवराज - ८, विसुनपुर, कपिलवस्तु ना.प्र.प.नं. : ३८-०२-७७-०१३६२ जि.प्र.का. कपिलवस्तु जारी मिति : २०७७/०८/०९
	३. नाम : अनुर खान बाबुको नाम : अहमद अब्दुल रउफ बाजेको नाम : सौकत अली मिया स्थायी : विसुनपुर - २, कपिलवस्तु हाल : शिवराज - ८, विसुनपुर, कपिलवस्तु ना.प्र.प.नं. : ३८२०८०/२९१५९ जि.प्र.का. कपिलवस्तु जारी मिति : २०७२/१०/१०	**४. नाम : अतहर खान** बाबुको नाम : अहमद अब्दुल रउफ बाजेको नाम : सौकत अली मिया स्थायी : विसुनपुर - २, कपिलवस्तु हाल : शिवराज - ८, विसुनपुर, कपिलवस्तु ना.प्र.प.नं. : ३८२०६२/१६३७३ जि.प्र.का. कपिलवस्तु जारी मिति : २०७०/०३/०३
	५. नाम : शाहिदा खातुन पतिको नाम : अहमद अब्दुल रउफ, ससुराको नाम : सौकत अली मिया स्थायी : विसुनपुर - २, कपिलवस्तु, हाल : शिवराज - ८, विसुनपुर, कपिलवस्तु ना.प्र.प.नं : २७५९, जि.प्र.का. कपिलवस्तु, जारी मिति : २०५६/१२/१५	
	धितोको विवरण	
	शाहिदा खातुनको नाममा मालपोत कार्यालय चन्द्रौटा, कपिलवस्तुमा दर्ता रहेको विसुनपुर - २, कपिलवस्तु स्थित कित्ता नं. ४२८ र ४३३ को क्षेत्रफल क्रमशः ०-०-१८ र ०-२-९ को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।	

क.सं	ऋणीको विवरण	धितोको विवरण
८.	**नाम : इकरा दाना सप्लायर्स** दर्ता गर्ने निकाय : घरेलु तथा साना उद्योग कार्यालय दर्ता नं. : १९०५/०६७, दर्ता मिति : २०६७/०९/१३ रजिष्टर्ड कार्यालय : तौलिहवा, कपिलवस्तु **प्रोप्राइटर : तुफैल आलम खाँ** **शाखा कार्यालय : गजेहडा**	
	व्यक्तिगत जमानत दिनेको विवरण	
	१. नाम : तुफैल आलम खाँ बाबुको नाम : हविबुर रहमान बाजेको नाम : इशु खाँ ठेगाना : कृष्णनगर - ९,, कपिलवस्तु हाल : कृष्णनगर - ३, कपिलवस्तु ना.प्र.प.नं. : १३८३५, जि.प्र.का. कपिलवस्तु जारी मिति : २०५३/०८/१९	**१. नाम : सवनम खातुन** पतिको नाम : तुफैल आलम खाँ ससुराको नाम : हविबुर रहमान ठेगाना : कृष्णनगर - ९,, कपिलवस्तु हाल : कृष्णनगर - ३, कपिलवस्तु ना.प्र.प.नं. : ६३१९६, जि.प्र.का. कपिलवस्तु जारी मिति : २०५९/०८/०४
	धितोको विवरण	
	सवनम खातुनको नाममा मालपोत कार्यालय चन्द्रौटा, कपिलवस्तुमा दर्ता कायम रहेको झण्डेनगर - ९, कपिलवस्तु स्थित कित्ता नं. ४२९ को क्षेत्रफल ०-१-१३-० को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।	
	ऋणीको विवरण	
९.	**नाम : प्रियान्सु ट्रेड एण्ड सप्लायर्स** दर्ता गर्ने निकाय : उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय दर्ता नं. ५०७०, दर्ता मिति : २०७१/०२/०५ ठेगाना : तौलिहवा, कपिलवस्तु **संचालक/शेयरधनीहरु/प्रोप्राइटर : राजेन्द्र प्र. चौधरी** **शाखा कार्यालय : गजेहडा**	
	व्यक्तिगत जमानत दिनेको विवरण	
	१. नाम : राजेन्द्र प्र. चौधरी बाबुको नाम : डलेश्वर कुर्मी, बाजेको नाम : सोमाई कुर्मी ठेगाना : बिरपुर - २, कपिलवस्तु, हाल : शिवराज - ६, कपिलवस्तु ना.प्र.प.नं. : ६९१६, जि.प्र.का. कपिलवस्तु, जारी मिति : २०६०/०२/१८	**२. नाम : सुरेन्द्र चौधरी** बाबुको नाम : डलेश्वर कुर्मी बाजेको नाम : सोमाई कुर्मी ठेगाना : शिवराज - ६, कपिलवस्तु ना.प्र.प.नं. : ४-०६-१२९६७ जि.प्र.का. कपिलवस्तु जारी मिति : २०६३/०४/१८
	३. नाम : सोनौला देवी चौधरी पतिको नाम : डलेश्वर कुर्मी ससुराको नाम : सोमाई कुर्मी ठेगाना : शिवराज - ६, कपिलवस्तु ना.प्र.प.नं. : ३८०२०६६७०१८५४ जि.प्र.का. कपिलवस्तु जारी मिति : २०६७/०५/१४	**४. नाम : जीतेन्द्र चौधरी** बाबुको नाम : डलेश्वर कुर्मी बाजेको नाम : सोमाई कुर्मी ठेगाना : शिवराज - ६, कपिलवस्तु ना.प्र.प.नं. : ३८-०२-७७-००४४१ जि.प्र.का. कपिलवस्तु जारी मिति : २०७७/०६/११
	धितोको विवरण	
	सोनौला देवी चौधरीको नाममा मालपोत कार्यालय चन्द्रौटा, कपिलवस्तुमा दर्ता रहेको भुलबारी - ५, कपिलवस्तु स्थित कित्ता नं. २१७ को क्षेत्रफल ०-०-८-० तथा बिरपुर, कपिलवस्तु (सिट न. ३ क) स्थित कित्ता नं. ५०७, १२११ र १२१३ को क्षेत्रफल क्रमशः ०-४-३, ०-१-१४.५ र ०-१-० को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।	
	ऋणीको विवरण	
१०.	**नाम : अहमद गल्ला भण्डार** दर्ता गर्ने निकाय : वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय दर्ता नं. : २५२६४, दर्ता मिति : २०६७/०६/२० रजिष्टर्ड कार्यालय : भैरहवा, रुपन्देही **प्रोप्राइटर : अहमद मुसलमान, शाखा कार्यालय : गजेहडा**	
	व्यक्तिगत जमानत दिनेको विवरण	
	१. नाम : अहमद मुसलमान बाबुको नाम : नेवासे अलि बाजेको नाम : सोहरत अलि मुसलमान ठेगाना : साडी - ६, रुपन्देही हाल : गैडहवा - १, रुपन्देही ना.प्र.प.नं. : ६८९, जि.प्र.का. रुपन्देही जारी मिति : २०४६/०१/२२	**२. नाम : समिउल्लाह मुसलमान** बाबुको नाम : अहमद मुसलमान बाजेको नाम : नेवासे अलि ठेगाना : साडी - ६, रुपन्देही हाल : गैडहवा - १, रुपन्देही ना.प्र.प.नं. : ३७-०१-७१-०४६८० जि.प्र.का. रुपन्देही जारी मिति : २०७१/०५/१६
	३. नाम : अलिमुन निसा मुसलमान पतिको नाम : अहमद मुसलमान, ससुराको नाम : नेवासे अलि ठेगाना : साडी - ६, रुपन्देही, हाल : गैडहवा - १, रुपन्देही ना.प्र.प.नं. : ३७१०२९/७९५७, जि.प्र.का. रुपन्देही, जारी मिति : २०६५/१०/२१	
	धितोको विवरण	
	अहमद मुसलमानको नाममा मालपोत कार्यालय भैराहवा, रुपन्देहीमा दर्ता कायम रहेको साडी - ६, रुपन्देही स्थित कित्ता नं. ८६५, ५७६ र ७२ को क्षेत्रफल क्रमशः ०-१-९, ०-१-५ र ०-२-१६ को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।	
	ऋणीको विवरण	**धितोको विवरण**
११.	वद्री थारुको नाति, उदित थारुको छोरा, कपिलवस्तु जिल्ला, हथौसा गा.वि.स. वडा नं. ८, स्थायी वतन भई हाल कपिलवस्तु जिल्ला, वाणगंगा न.पा. वडा नं. ११ बस्ने न.प्र.प.नं. ३२८ को जारी मिति २०४५/०२/१९ (जि.प्र.का. कपिलवस्तु) रहेका **भिखु थारु** **शाखा कार्यालय : गजेहडा**	भिखु थारुको नाममा मालपोत कार्यालय कपिलवस्तुमा दर्ता रहेको कपिलवस्तु जिल्ला, हथौसा गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ८२ र ८८ को क्षेत्रफल क्रमशः ९० र २७६ व.मि. को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
	व्यक्तिगत जमानत दिनेको विवरण	
	१. उदित थारुको नाती, भिखु थारुको छोरा, कपिलवस्तु जिल्ला, हथौसा गा.वि.स. वडा नं. ८ स्थायी वतन भई हाल कपिलवस्तु जिल्ला, वाणगंगा न.पा. वडा नं. ११ बस्ने ना.प्र.प.नं. ३८/०१/०६८/१७९९७ को जारी मिति २०६८/०९/२० (जि.प्र.का. कपिलवस्तु) रहेका **विजय थारु**	२. उदित थारुको बुहारी, भिखु थारुको पत्नी, कपिलवस्तु जिल्ला, हथौसा गा.वि.स. वडा नं. ८ स्थायी वतन भई हाल कपिलवस्तु जिल्ला, वाणगंगा न.पा. वडा नं. ११ बस्ने ना.प्र.प.नं. २३६ को जारी मिति २०४६/०३/२० (जि.प्र.का. कपिलवस्तु) रहेका **कमली थरुनी ।**

क.सं	ऋणीको विवरण	धितोको विवरण
१२.	**नाम : युवराज पोखेल** बाबुको नाम : लालुराम पोखेल बाजेको नाम : रोमनाथ पोखेल ठेगाना : कोपवा - ७, कपिलवस्तु हाल : बाणगंगा - ५, कपिलवस्तु ना.प्र.प.नं. : २-०९-४८५२९, जि.प्र.का. कपिलवस्तु जारी मिति : २०६०/०८/०१ **शाखा कार्यालय : गजेहडा**	लालुराम पोखेलको नाममा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुमा दर्ता रहेको कोपवा - ७ क, कपिलवस्तु स्थित कित्ता नं. ११८६ को क्षेत्रफल ०-०-१६ को जग्गा र सो जग्ग

अर्थतन्त्र चलायमान हुन बजारमा माग सिर्जना हुनुपर्छ

कोभिड महामारीपछि उत्पन्न मन्दीका कारण अहिले समग्र अर्थतन्त्र नै सुस्त बनेको छ। अटोमोबाइल बजार झन् धेरै प्रभावित छ। पछिल्लो समय अवसर खोज्दै बिदेसिने नेपालीको लर्को देखिन्छ। निजी क्षेत्रमा निराशा छाएको छ। अर्थतन्त्रमा मन्दीको असर, अटोमोबाइलको बजार अवस्था, नेपालमा बजाजको अढाई दशक लामो यात्रालगायत विषयमा गोल्छा ग्रुपका निर्देशक **अभिमन्यु गोल्छा**सँग नयाँ पत्रिकाका **नवीन अर्याल**ले गरेको कुराकानी :



अर्थ-वार्ता

● **अभिमन्यु गोल्छा**, निर्देशक, गोल्छा समूह

> यति खराब स्थिति यसअघि भोगेको वा महसुस गरेकै थिएनौं। जबसम्म बजारमा माग सिर्जना हुँदैन, अर्थतन्त्रले पनि गति लिने देखिन्न।

> मन्दीले दुईपांग्रेको व्यापार ८० प्रतिशतसम्म घटेको थियो, जुन रिकभरी हुँदै ५० प्रतिशतसम्म ब्याक भएको छ।

कोभिडले थलिएको अर्थतन्त्र तंग्रिन नपाउँदै फेरि मन्दीको मारमा पऱ्यो। बजारमा माग घटेपछि आर्थिक गतिविधि सुस्त छन्। अटोमोबाइलको बजार कस्तो छ ?

अहिले अटोमोबाइलको बजार अत्यन्तै शिथिल छ। मन्दी लम्बिँदा अधिकांश व्यवसाय तंग्रिन सकेको छैन। यति खराब स्थिति महसुस गरिएकै थिएन। भूकम्प र नाकाबन्दीमा पनि बजार थलिएको थियो, तर केही समयमै लयमा फर्किएको। कोभिड महामारीले थला परेको बजार पनि तंग्रिन थालिसकेको थियो। तर, मन्दीले लामै समय प्रभावित गऱ्यो। यदि मन्दी सिर्जना हुँदैनथ्यो भने कोभिडपछि अर्थतन्त्र लयमा फर्किसकेको हुन्थ्यो।

बीचमा विदेशी मुद्रा सञ्चिती घटेको भन्दै सवारीसाधन आयातमै रोक लगाइयो। यसबीचमा मन्दीले धेरै सोरुम तथा सर्भिस सेन्टर नै बन्द भए। व्यवसायी पनि पलायन भए। मलाई लाग्छ, त्यो समस्या अहिले समाधान भइसकेको छ। बैंकमा तरलता बढ्दै छ, ब्याजदर घट्दै छ। बैंकले सस्तो ब्याजदरका कर्जा योजना ल्याउन थालेका छन्। तर पनि अटोमोबाइल बजार सोचेजति लयमा फर्किन सकेको छैन। चारपांग्रे इभीमा राम्रै आकर्षण देखिन थालेको छ। अब दसैं-तिहारले समग्र बजारलाई लयमा फर्काउने अपेक्षा छ।

कोभिडलगत्तै दुईपांग्रेको व्यापार ह्वात्तै बढेको थियो। तर, अहिले मोटरसाइकल व्यापार सुस्ताएको देखिन्छ नि !

एउटा कारण महामन्दी नै हो। अर्को कारण धेरै मान्छे बिदेसिनु हो। अहिले मोटरसाइकल चढ्ने वर्ग धमाधम पलायन भइरहेको छ। विद्यार्थी भिसामा होस् वा वर्किङ भिसामा, पछिल्लो समय नेपालबाट बिदेसिनेको लर्को नै देखिन्छ। प्लस टु पास गर्नेबित्तिकै पढ्न विदेश जानुपर्छ भन्ने ट्रेन्ड देखियो। कोभिड र मन्दीले व्यापार व्यवसाय चौपट हुनेहरू पनि बिदेसिए। अवसरको खोजी गर्दै बिदेसिनेहरू बढ्दा समग्रमा बजार माग नै घटेको मेरो बुझाइ छ।

अब देशमा अवसर सिर्जना गर्नुपर्छ। युवालाई देशप्रति आशा एवं विश्वास जगाउनुपर्छ। नत्र बिदेसिने क्रम रोकिनेछैन। नेपालमा स्टार्टअप फस्टाउन सकेन, जसकारण स्वदेशमै केही गर्नुपर्छ भन्ने युवा उद्यमीहरू पनि बाहिरिन थाले। अहिले आमनागरिकमा 'धेरै निराशा' देखिन्छ। मान्छेमा देशप्रति फ्रस्टेसन आउन दिनुहुँदैन। हाम्रो देश रेमिट्यान्सले चलेको छ। वैदेशिक रोजगारीमा जाने रोक्ने भन्ने पनि होइन। तर, अहिले जुन रेसियोमा बढेको छ, त्यसलाई रोक्नुपर्छ। विदेशमा पढेर फर्किने वातावरण बनाउनुपर्छ।

नेपालमा 'पावर सेगमेन्ट'का बाइक किन्ने १२ पास गर्ने युवाहरू हुन्। मोटरसाइकल चढ्ने विद्यार्थी, कर्मचारी, व्यापारी र युवा हुन्। नेपालमा मोटरसाइकलको व्यापार बढाउन पनि विदेशबाट पठाउने रेमिट्यान्सको भूमिका ठूलो रहेको नकार्न सकिँदैन। तर, अहिले पढ्न र रोजगारी गर्न बाहिरिनेहरू बढ्दा फेरि मोटरसाइकल बिक्री घटेको छ। पछिल्लो समय अटोको बजार पनि 'बाउन्स ब्याक' हुँदै छ। यहीबीचमा ८० प्रतिशतसम्म घटेको दुईपांग्रेको व्यापार अहिले बढेर ५० प्रतिशतमा फर्किसकेको छ।

मन्दीकै बीचमा आयोजना गरिएको 'नाडा अटो सो'ले अटोमोबाइल क्षेत्रमा कत्तिको आशा जगाउने काम गऱ्यो ?

नाडा अटो सो उपयुक्त समयमा आयोजना भयो। दर्शक पनि सोचेभन्दा धेरै आउनुभयो। अझ इभी फोर ह्विलरका लागि अटो सो झनै लाभदायक भयो। नाडामा आइसी इन्जिनभन्दा विद्युतीय कारमा धेरै चासो देखिन्थ्यो। दुईपांग्रेका स्टलले पनि दर्शक तानेका थिए। नाडामा देखिएको भिडले पक्कै पनि अटोमोबाइल क्षेत्रलाई बुस्ट गर्न सहयोग गर्नेछ। नाडाले थला परेको मार्केटमा आशा जगाउने काम गरेको छ।

बजाज नेपाल भित्रिएको २५ वर्ष पूरा भएको छ। र, देशकै अग्रणी दुईपांग्रे ब्रान्डका रूपमा पनि स्थापित भयो। अहिले अटोमोबाइल बजारमा बजाजको उपस्थिति कुन स्थानमा छ ?

नेपालमा सन् १९९८ मा बजाज भित्र्याएका हौं। अहिले मोटरसाइकल सेगमेन्टमा बजाजको हिस्सा ४२-४३ प्रतिशत छ। बजाज यसरी सफल हुनुको मुख्य कारण उत्कृष्ट 'प्रडक्ट' हो। पल्सर सेगमेन्ट निकै लोकप्रिय बन्यो। उत्कृष्ट प्रडक्ट, दर्जनभन्दा बढी भेराइटी र बिक्रीपछिको उत्कृष्ट सेवाकै कारण बजाज पहिलो रोजाइको बाइक बनेको हो। प्रडक्ट मात्र राम्रो भएर पनि पुग्दैन, बिक्रीपछिको सेवा पनि उत्तिकै राम्रो हुनुपर्छ। त्यसैले सुरुदेखि नै पूर्वाधारमा धेरै खर्च गऱ्यौं। आज देशैभर बजाजको सोरुम र सर्भिस सेन्टर देख्नुहुन्छ। गाउँगाउँमा बजाजको लोगो देख्न पाइन्छ।

बजाजका सोरुम र वर्कसप छिर्नेबित्तिकै फरक अनुभूति गर्नुहुन्छ। सर्भिस सेन्टरहरू अत्याधुनिक प्रविधियुक्त छन्। हामीले कम्पनीको जेन्युइन पार्टपुर्जा महँगो हुन्छ, लोकल पार्टपुर्जा सस्तो हुन्छ भन्ने उपभोक्ताको बुझाइलाई गलत साबित गऱ्यौं। हामीले जेन्युइन पार्टपुर्जा नै सुपथ मूल्यमा उपलब्ध गराऱ्यौं। बजाजका करिब डेढ दर्जन भेरियन्ट छन्, जुन सुपथ मूल्यमा ग्राहकले चढ्न पाउनुभएको छ। जसकारण बजाज देशकै अब्बल ब्रान्ड साबित भयो।

अहिले बजाजसँग कस्ता-कस्ता बाइक उपलब्ध छन् ? नेपालमा बजाजको पल्सर सिरिज लोकप्रिय हुनुको राज के हो ?

सुरुवातमा कावासाकी बजाज हुन्थ्यो। कावासाकी बजाज 'फोरएस च्याम्पियन' नेपालीमाझ लोकप्रिय बन्यो। पछि क्यालिबरले बजार लियो। त्यसवेला स्कुटर पनि थियो। जब सन् २००२ मा पल्सर सिरिज सार्वजनिक भयो, बजाजका लागि स्वर्णिम दिन सुरु भए। बजाजका लागि पल्सर 'गेम चेन्जर' नै बन्यो। सुरुमा पल्सर १५० र पल्सर १८० लन्च गरिएको थियो। अहिले आधा दर्जनभन्दा बढी पल्सरकै भेरियन्ट छन्। एभेन्जर र डोमिनारले पनि राम्रै बजार पायो। 'प्लाटिना' राम्रो माइलेज दिने बाइक हो, जुन गाउँगाउँसम्म पनि लोकप्रिय बन्यो। ग्राहकले डिस्कभर पनि अत्यधिक रुचाए।

मलाई लाग्छ, पल्सरले पूरै मोटरसाइकल उद्योगको डाइनामिक नै चेन्ज गरेको थियो। त्यसअघि मोटरसाइकल एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याउने 'प्योर युटिलिटी' थियो। पल्सरले रोमान्स र एडभेन्चर पनि थपिदियो। आजका युवाले अलिअलि स्पोर्टी र अलिअलि पावरफुल मोटरसाइकल खोज्छन्, त्यो ट्रेन्ड नै पल्सरले बसाएको हो। पल्सर-२२० सुपथ मूल्यमा स्पोर्टी बाइक खोज्नेलाई गतिलो विकल्प बन्यो। माइलेज पनि दिने र पावरफुल पनि। गाउँका दूरदराजसम्म पल्सर-२२० कुदेको भेटिन्छ। पल्सर ग्राहकको माग र अपेक्षाबमोजिम परिमार्जन पनि हुँदै गयो। यो सबै वर्ग, उमेरका लागि ठीक साबित भयो। जसले गर्दा ग्राहकको मनमा बसिरहन सक्यो।

पल्सर नेपालको टेरेनका लागि पर्फेक्ट बाइक हो। पहाडी भेगमा पावर चाहिन्छ, त्यो पल्सरमा छ। यो सस्तो पनि छ। आकर्षक लुक्स पनि छ। १५० सिसीमा पल्सरजत्तिको अफर्डेबल अरू छैनन्। २२० मा पनि बजाज मात्र होला। अरू सेगमेन्टमा पनि हाम्रो मूल्यसँग कसैले पनि प्रतिस्पर्धा गर्दैनन्। बजाजले बेस्ट मूल्य दिएको हुँदा सबैको रोजाइमा पर्दै आएको छ। पल्सरको रिसेल भ्यालु पनि राम्रो छ। हरेक रिसेल सोरुममा सबैभन्दा अगाडि र सबैभन्दा धेरै पल्सर देखिन्छ। यसले पनि बजाजको रिसेल भ्यालु कति छ भनेर देखाउँछ।

हाम्रो आफ्नै 'हुलास फिन सर्भिस प्राइलि' फाइनान्स कम्पनी छ। जसले शून्य प्रतिशत ब्याजदरमै फाइनान्स सुविधा दिएको छ। ५० प्रतिशत डाउन पेमेन्ट गरेमा शून्य प्रतिशत ब्याजमै फाइनान्सको सुविधा पाइन्छ। तर, न्यूनतम २५ प्रतिशत डाउन पेमेन्ट गरेमा फाइनान्सको सुविधा लिँदा ब्याज तिर्नुपर्ने हुन्छ। यहाँ विनाझन्झट तत्कालै सेवा पाइन्छ।

पल्सरका धेरै रेन्ज छन्। १२५ देखि २२० सिसीसम्म १० वटा भेरियन्ट छन्। भर्खर एन सिरिज पनि बजारमा आएको छ। एनएस सिरिज युवालाई टार्गेट गरेर ल्याइएको हो। हरेक खालका ग्राहकलाई समेट्ने गरी पल्सरका भेरियन्ट उपलब्ध छन्। डोमिनार फोर हन्ड्रेड प्रिमियम मोडेल हो। बजाजका सबै गरी १७ मोडेल छन्। यो हाम्रो सबैभन्दा बलियो पक्ष हो।

अहिलेसम्म कतिवटा बजाज बाइक बिक्री भयो ?

अढाई दशकको दौरानमा नेपालमा आठ लाख बजाज बाइक बिक्री भए। जसमा ६५-७० प्रतिशत हिस्सा पल्सरको होला।

थ्रिएस सुविधासहित देशभर बजाजको बलियो नेटवर्क रहेको बताउनुभयो। अहिले कति डिलर र सर्भिस सेन्टर पुऱ्याउनुभयो ?

बजाजका देशभर सेल्स, सर्भिस र स्पेयर्स (थ्रिएस) सुविधायुक्त डिलर एक सय १० पुगेको छ। सहरी क्षेत्रमा जतातै बजाजको नेटवर्क छ। एक सय ८६ अथोराइज्ड सर्भिस सेन्टर छन्, जहाँ सर्भिस र स्पेयर्स सुविधा उपलब्ध छ। बजाज चढेर लामो दूरी वा दूरदराजमा पुग्दा पनि कहिल्यै चिन्ता लिनुपर्दैन। किनभने, हाम्रो सर्भिस सेन्टर जहाँतहीं छन्। राजमार्गमा हरेक २५-३० किलोमिटर दूरीमा सर्भिस सेन्टर वा आउटलेट भेटिन्छन्। त्यहाँ बजाजको जेन्युइन पार्टपुर्जा पाइन्छन्।

जोमसोममा पनि बजाजको सोरुम छ। लोमान्थाङ राइडमा जानेलाई टार्गेट गरेर त्यहाँ वर्कसप पनि खोलिएको छ। जुम्ला, हुम्लामा पनि थ्रिएस सुविधायुक्त सेवा उपलब्ध छ। हरेक दुर्गम क्षेत्रमा हाम्रो सर्भिस सेन्टर छ।

पछिल्लो समय स्कुटरमा बढी क्रेज देखिन थालेको छ। तर, बजाजले स्कुटर ल्याउन सकेन, किन ?

स्कुटर भइदिएको भए धेरै राम्रो हुन्थ्यो। तर, हामीसँग स्कुटर नहुनाले नै मोटरसाइकलमा यति धेरै फोकस हुन सकिएको हो। बजाजलाई नम्बर वान बनाइरहन सक्यौं। स्कुटर पनि भइदिएको भए आज पल्सर यति धेरै सक्सेस नहुन पनि सक्थ्यो। हाम्रो पूरै नेटवर्क नै पल्सरको ब्रान्ड बिल्डिङमा लाग्न पायो। अब हाम्रो पनि इलेक्ट्रिक स्कुटर चेतक आउँदै छ। यसले पक्कै मार्केट बढाउला। ग्राहक इभीमा आकर्षित हुन पनि थालेका छन्। तर, अझै चारपांग्रे इभीमा जति दुईपांग्रेमा आकर्षण देखिन्न। दुईपांग्रे इभीमा ह्विम आउन अझै बाँकी छ। फोर ह्विलरतर्फ इभी र आइसी इन्जिनमा करको ग्याप जति धेरै छ, टु ह्विलरमा त्यति छैन। त्यसैले मूल्यमा धेरै फरक पाउनुहुन्न। हाम्रो पनि इभी स्कुटर आउँदै छ।

अझै टु ह्विलरमा कुनै इभी ब्रान्डले विश्वासिलो वातावरण बनाउन सकेको छैन। चार्जिङ पूर्वाधारमा ठूलो लगानी गर्नुपर्छ। आफ्टर सेल्स सर्भिस, रिसेल भ्यालु, ब्याट्रीको स्टाटसले भविष्य निर्धारण गर्नुपर्छ।

बजाज बाइक स्वदेशमै एसेम्बल हुन थालेको छ। नेपालमै एसेम्बल गर्दाको फाइदा के हुने रहेछ ?

हामीले देशमै पहिलो दुईपाग्रे एसेम्बली प्लान्ट सञ्चालनमा ल्यायौं, जुन देशकै लागि पनि गर्वको विषय हो। प्लान्टमा दुई सयजनाले रोजगारी पाएका छन्, जसमध्ये डेढ सय इन्जिनियर मात्र कार्यरत छन्। यो सिकेडी एसेम्बली प्लान्ट हो। यसले बजाजको बिजनेसमा स्टेबिलिटी ल्याएको छ भने रोजगारी सिर्जना गरेर देशका लागि पनि योगदान दिएको छ। हामीले प्लान्ट सुरु गरेपछि अरू पनि धमाधम आइरहेका छन्।

नेपालमा एसेम्बल भएको भन्नेबित्तिकै नाक खुम्च्याउने जमात पनि थियो होला। कसरी विश्वास दिलाउनुभयो ?


सुरुमा त्यस्तो पनि थियो। गुणस्तर नहोला कि भन्ने डर देखिन्थ्यो। हामीले बाइक उत्पादन गरेको होइन, एसेम्बल गर्ने हो। सबै टेस्टेड पार्टपुर्जा आयात गरिन्छ। हामी सेफ्टीमा कुनै सम्झौता गर्दैनौं। हामीले गुणस्तरीय उत्पादन बनाएर उपभोक्ताको विश्वास जित्यौं।

एसेम्बल उद्योगलाई लोकलाइज गर्नेतर्फ के सोचिरहनुभएको छ ?

त्यो नेक्स स्टेप हो। सबै पार्टपुर्जा ल्याएर जडान गर्दा धेरै फाइदा हुन्न। त्यही भएर एसेम्बल उद्योगीहरू पनि छलफलमा छौं। दुई-तीन कम्पनीलाई पार्टपुर्जा आपूर्ति गर्ने गरी सपोर्टेड उद्योग खोल्ने हो कि भन्ने छलफल गर्दै छौं। अहिले मन्दीका कारण अगाडि बढ्न नसकेको हो। मन्दी हटेर बजार चलायमान हुनेबित्तिकै यसतर्फ पनि ध्यान दिनेछौं। स्वदेशमै टायर, सिट, पेन्ट सप, प्लास्टिक मोडलिङ, वायर, स्ट्यान्ड, ह्यान्डिल, लेगगार्ड, ब्याट्री यहीं उत्पादन गर्न सकिन्छ। टायर, ब्याट्रीलगायत यहीं उत्पादन पनि सुरु भइसकेका छन्। यी सबै स्वदेशमै उत्पादन गर्न सकेमा २० प्रतिशतसम्म भ्यालु एडिसन गर्न सकिन्छ।

बेथितिले घेरिएको स्थानीय सरकार

आफूनिकटकालाई नियुक्ति, बजेट निर्माणमा समेत अनियमितता, चरम भ्रष्टाचारजस्ता कारणले स्थानीय तहले गति लिन सकेको छैन



अर्थ संवाद

● गोविन्द मरासिनी

संविधानले स्थानीय, प्रदेश र संघ गरी तीन तहको सरकार निर्माण गऱ्यो। जनताका आमगुनासा र समस्यालाई स्थानीयस्तरमै समाधान गर्न स्थानीय तहको सरकार प्रभावकारी हुने अपेक्षाअनुरूप स्थानीय तहको सरकार निर्माण गरिएको हो। केन्द्रीय सरकारबाट जनताका सम्पूर्ण जनचासोलाई नियाल्न नसकिने हुँदा स्थानीय सरकारले स्थानीयस्तरमा र प्रदेश सरकारले प्रदेशस्तरमा जनतालाई सेवा प्रवाह गर्न प्रभावकारी हुने हुँदा तीन तहको सरकार बनाइयो। तीन तहको सरकार निर्माण भइसकेपश्चात् ०७४ र ०७९ मा गरी दुई कार्यकाल स्थानीय तहको निर्वाचन सम्पन्न भइसकेको छ।

संघीय शासन प्रणाली स्थापित भइसकेपछि आफ्नो परम्परागत जीवनशैली बदलिने आशामा आमजनता थिए। सरकारद्वारा आफ्ना समस्याको सम्बोधनको अपेक्षासहित सुशासनको स्थापना र भ्रष्टाचार अन्त्यको सपना देखेका थिए।

जनताको सबैभन्दा नजिकको सरकारका रूपमा रहेको स्थानीय तहले सेवा प्रवाहमा थोरै राम्रा काम गरेको भए पनि बेथिति झनै बढ्दै गएको देखिएको छ। जनताको जनभावना बुझेर उनीहरूका समस्या छिटो र सहज ढंगबाट कार्यसम्पादन गर्नुपर्ने, कर न्यून मात्र असुल्नुपर्ने, विकासका काम पारदर्शी र प्रभावकारी हुनुपर्नेलगायतका विविध पक्षमा अझै पनि कतिपय काम हुन सकेका छैनन्। स्थानीयस्तरमा हुने कतिपय काममा संघ, प्रदेश र स्थानीय तीनवटै तहमा समन्वयको अभाव अर्को जटिल चुनौती बनेको छ।

स्थानीय तहमा राजनीतिक प्रतिशोध, आर्थिक भार पर्ने गरी आफूनिकटकालाई नियुक्ति, बजेट निर्माणमा समेत अनियमितता, चरम भ्रष्टाचार, प्राकृतिक स्रोत साधनको दोहन, बेरुजु र स्वेच्छाचारी ढंगबाट खर्चलगायतका बेथितिले पनि स्थानीय तहले गति लिन सकेको छैन। यस्तै कानुनमै नभएको बैठक भत्ता लिने, आफ्नै सुविधाप्रति केन्द्रित हुने, पटक-पटक विदेश भ्रमण तथा स्वदेशमा नै लगातार भ्रमणका नाममा लाखौं खर्चने प्रवृत्तिले जनतालाई राहत दिने भनेर स्थापना भएको सरकारले जनतालाई चर्को करको मारमा पारिरहेको छ। जसका कारण जाने-बुझेका र केही गर्छौं भन्ने भावना भएका युवापिँढी निराश बनेर बिदेसिन बाध्य छन्।

युवालाई गाउँमै टिकाउन सहुलियतपूर्ण कर्जा दिनुको साटो जनप्रतिनिधि भएपश्चात् कतिपयले स्थानीय जनप्रतिनिधिलाई भेट्नै नपाउँदा उनीहरू निराश हुनु स्वाभाविक पनि हो। स्थानीय तहमा शिक्षा, स्वास्थ्य, विद्युत्, सडक, खानेपानीलगायतका फरक-फरक शीर्षकमा आफूखुसी खर्च गर्ने कार्यले पनि स्थानीय तहमा विकृति बढेर गएको छ। स्थानीय सरकारले विभिन्न सामग्री खरिद गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावलीलाई समेत बेवास्ता गर्दै आफूनिकटका व्यक्तिलाई मिलाएर रकम पोस्ने गरेको देखिन्छ।



> जनभावना बुझेर उनीहरूका समस्या छिटो र सहज ढंगबाट कार्यसम्पादन गर्नुपर्ने, कर न्यून मात्र असुल्नुपर्ने, विकासका काम पारदर्शी र प्रभावकारी हुनुपर्नेलगायतका विविध पक्षमा अझै पनि कतिपय काम हुन सकेका छैनन्

स्थानीय तहमा चरम भ्रष्टाचार छ भन्ने कुरा अख्तियारकै प्रतिवेदनले समेत देखाएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३२औं वार्षिक प्रतिवेदनअनुसार गत आर्थिक वर्ष ०७८/७९ मा परेका भ्रष्टाचारका कुल उजुरीमध्ये ३३.१ प्रतिशत स्थानीय तहसँग सम्बन्धित छन्। आयोगले सार्वजनिक गरेको प्रतिवेदनअनुसार गत आवमा परेका २४ हजार तीन सय ३१ उजुरीमध्ये एकतिहाइ उजुरी स्थानीय तहसँग सम्बन्धित रहेको प्रतिवेदनमा उल्लेख छ। त्यति मात्र होइन, स्थानीय तहमा भ्रष्टाचार छ भन्ने तथ्यलाई आयोगले दायर गरेको मुद्दाले पनि पुष्टि गर्छ । गत आवमा आयोगले एक सय ५१ जना निर्वाचित/मनोनीत पदाधिकारीविरुद्ध मुद्दा दायर गरेको थियो। त्यसमा अधिकांश स्थानीय तहका थिए।

जिल्ला सदरमुकाममम्म धाएर गर्नुपर्ने काम स्थानीय सरकारबाट हुनु सकारात्मक पक्ष हो। यसले जनतालाई केही हदसम्म सहज भएको छ। सेवा प्रवाहमा स्थानीय सरकारले राम्रो पनि गरेको छ। जे-जति सकारात्मक र राम्रा कार्य स्थानीय सरकारले गरेका छन्, त्योभन्दा बढी नकारात्मक र गलत संस्कारको विकास भएको छ। जसले स्थानीय सरकारका प्रतिनिधिहरूमाथि प्रश्न उब्जिएको छ।

स्थानीय सरकारका जनप्रतिनिधिहरूको योग्यताका कारणसमेत कतिपय स्थानीय तहमा बेथिति मौलाउँदो छ। जनप्रतिनिधि योग्य र दक्ष नहुनु र सल्लाहकार चयनमा पनि नातावाद हावी हुँदा योग्यले अवसर पाएका छैनन्। जसका कारण त्यहाँ नियुक्त हुने प्रशासकीय अधिकृतले आफूखुसी निर्णय गर्छन्। यसरी गरेका निर्णयको जनप्रतिनिधिले कुनै पत्तो नै पाउँदैनन्। प्रशासन सेवाका कर्मचारीलाई स्थानीय तहको प्रशासकीय अधिकृत बनाउनुपर्ने प्रावधान रहे तापनि पहुँचको भरमा अन्य सेवाका कर्मचारीलाई प्रमुख बनाउँदा पनि बेथितिलाई थप प्रश्रय मिलेको छ।

स्थानीयस्तरमा प्रशासकीय अधिकृतले जनप्रतिनिधिले भनेको नमान्ने, पालिका प्रमुख र उपप्रमुखको आन्तरिक झगडा, आफूले रोजेका कर्मचारीलाई मात्र प्रशासकीय अधिकृत बनाउन खोज्नुलगायतका विविध समस्याले स्थानीयस्तरमा बेथितिको चाङ लागेको छ। अर्कोतिर, प्रशासकीय अधिकृतले मनपरी गर्ने, जनप्रतिनिधिसँग अटेरी गर्ने, गर्नुपर्ने समन्वय नगर्ने गर्दा स्थानीय तहको अधिकृत र लेखा अधिकृतको सरुवा सहमति लिनका लागि महिनौंसम्म केन्द्रीय सरकारमा धाउनुपर्ने बाध्यतासमेत छ।

हालै आन्दोलित शिक्षकले स्थानीय तहको बेथितिका बारेमा चर्को नारा लगाए। प्रस्तावित विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८० मा शिक्षकको सरुवा र कार्यसम्पादन मूल्यांकनको अधिकार पालिका तहमा दिने प्रस्ताव गरिएको छ। यसले स्थानीय तहलाई अधिकार दिँदा शिक्षकको सरुवा र आन्तरिक मूल्यांकनमा जनप्रतिनिधिको एकाधिकार देखिने प्रस्ट छ।

यस्तै, विभिन्न स्थानीय चाडपर्व तथा अवसरमा स्थानीय सरकारले दिने गरेका सार्वजनिक बिदामा चरम बेथिति छ। हालसालै काभ्रेको मण्डनदेउपुर नगरपालिकाले दिएको 'थकाइ बिदा'ले सामाजिक सञ्जालमा चर्चा पायो। नेपालको संविधान-२०७२ र स्थानीय सरकार सञ्चालन ऐन-२०७४ मा स्थानीय तहको काम, कर्तव्य र अधिकारअन्तर्गत सार्वजनिक बिदा दिन पाउने वा नपाउने भन्ने विषयमा कुनै प्रावधान उल्लेख गरिएको छैन। तर पनि स्थानीय तहका जनप्रतिनिधिले राजनीतिक स्वार्थका लागि पार्टीका कार्यक्रम, पारिवारिक विषयलगायतमा पनि सजिलै सार्वजनिक बिदा दिने गरेका छन्।

स्थानीय सरकारले सबै बेथिति मात्र सिर्जना गऱ्यो भन्न खोजेको होइन। कतिपय स्थानीय तहका मुद्दा, स्थानीय जनसरोकारका विषय, विकास निर्माणका कार्यमा पहुँच, जनताका अत्यावश्यक कागजपत्र प्रमाणित भने भएका छन्। तर, स्थानीय सरकार स्थापनाको ७ वर्षे कार्यकालमा केही काममा सहजता भए पनि स्थानीयस्तरबाट हुनुपर्ने धेरै काम अझै पनि प्रदेश र संघस्तरमै धाउनुपर्ने बाध्यता छ। जब स्थानीय तहको सरकारको अवधारणा अगाडि बढाइएको थियो, 'गाउँगाउँमा सिंहदरबार' भन्ने आकर्षक नारासहित अब आमनागरिकले आफ्ना कामका निम्ति संघीय राजधानी काठमाडौंको सिंहदरबार धाइरहनुनपर्ने चर्चा थियो। तर, अझै पनि सामान्य कागजपत्र, सामान्य जग्गा पास, लिएका कागजपत्रको नवीकरणलगायतका सामान्य कागजपत्रका लागि समेत ठूलो रकम खर्चेर मानिसहरू केन्द्रमा आउन बाध्य छन्।

वैदेशिक रोजगारीमा जानेहरूका लागि स्थानीय तहबाटै श्रम स्वीकृत भनिए तापनि कतिपय स्थानीय तहले यो अझसम्म सुरु गरेका छैनन्। स्थानीय सरकारलाई थप सबल, समृद्ध, चरम राजनीति र भ्रष्टचारबाट मुक्त, आफन्तवादको अन्त्य गर्न सके मात्र जनताले सुलभ र सहज तरिकाले सेवा पाउनेछन्।

अर्थ पत्रिका
नयाँ पत्रिका
बुधबार २४ असोज ०८०

रातभर जाग्राम बस्दा पनि टिकट पाउन मुस्किल

अनलाइनको जमानामा अग्रिम टिकट बुकिङ गर्न सर्वसाधारण १५ घन्टासम्म लाइनमा बस्न बाध्य, यात्रुले सास्ती खेपेपछि बस थप्ने तयारी

मिलन विश्वकर्मा/नयाँ पत्रिका

दसैँमा हुने यात्रुको चापलाई लक्षित गर्दै सोमबारदेखि सार्वजनिक यातायातको अग्रिम टिकट खुला गरिएको छ। बुकिङ खुला भएसँगै बसपार्कमा अग्रिम टिकट काट्ने सर्वसाधारणको उच्च भिड छ। तर, व्यवस्थापन गर्न नसक्दा घन्टौं लाइनमा बसेर पनि टिकट पाउन नसकेको सर्वसाधारण बताउँछन्। बुकिङ खुला गरेको पहिलो दुई दिन (सोमबार र मंगलबार) नै अधिकांश यात्रुले टिकट पाउन नसके पनि ५ कात्तिकसम्मका लागि बुक भइसकेका छन्। व्यवसायीहरूले पहुँचवालाका लागि सिट कब्जा गर्दा पनि सर्वसाधारणहरू मर्कामा परेका हुन्।

यातायात व्यवसायीहरूले अग्रिम टिकट बुकिङ गर्न बिहान ६ बजेदेखि साँझ ६ बजेसम्म काउन्टर खुला गर्ने बताएका छन्। तर, सर्वसाधारणहरू टिकट काट्न अघिल्लो दिन रातिदेखि नै लाइनमा बस्न बाध्य छन्। राति ९ बजेदेखि नै टिकट बुकिङका लागि बसपार्कमा लाइन बस्दा भोलिपल्ट पालो आएपछि पनि टिकट पाउन सकेका छैनन्।

धनगढीका सन्दीप सिंह सोमबार राति ११ बजे नै अग्रिम टिकट बुकिङका लागि बसपार्क गएर लाइनमा बसेका थिए। यसैगरी, बझाङका धनराज भारती मंगलबार बिहान ३ बजे नै बसपार्क पुगेका थिए। तर, मंगलबार साँझ ५ बजेपछि मात्रै आफ्नो पालो आएर उनीहरूले टिकट पाए। यातायात व्यवसायीहरूले अनलाइन बुकिङलाई बेवास्ता गरेका कारण टिकट पाउन १५ घन्टाभन्दा बढी लाइनमा बस्न बाध्य भएको उनीहरूको गुनासो छ।

मंगलबार राति १० बजे बसपार्कमा भेटिए बझाङका ज्योतिप्रकाश ओली। उनी दसैँमा घर फर्कन बुधबार टिकट पाउने झिनो आशा व्यक्त गर्दै भने, 'आज रातिभरि लाइन लाग्ने हो, भोलि कसो टिकट नपाइएला ?' अग्रिम टिकट बुकिङका लागि अधिकांश यात्रु अघिल्लो दिनै रातिको खाना खाएर ९ बजेदेखि बसपार्कमा लाइन बस्ने गरेको पश्चिम नेपाल बस व्यवसायी प्रालिका शाखा प्रमुख डिल्लीराज भुसालले स्वीकार गरे।

विश्वमै प्रविधिले ठूलो फड्को मारिरहेको समयमा नेपालका पनि धेरै क्षेत्रमा प्रविधिको विकास द्रुत भइरहेको छ। हवाई क्षेत्र, मुभीको टिकट, बिजुली, खानेपानीलगायतका धेरै लाइन बसेर भुक्तानी गर्नुपर्ने स्थान अनलाइनको प्रयोगले निकै सहज र समयको बचत गराइदिएको छ।

तर, सार्वजनिक यातायात पूर्ण डिजिटल प्रविधिमा नजाँदा हजारौँ यात्रु रात र दिन गरेर घन्टौंसम्म लाइनमा



मंगलबार राति ९ बजेदेखि टिकट लिन गोंगबु बसपार्कमा लाइनमा बसेका यात्रु, उनीहरू बसपार्कमै जाग्राम बसेर बुधबार बिहान ६ बजे काउन्टर खुलेपछि छिटो पालो आउने आसमा छन्।

बस्न बाध्य छन्। प्रविधिको जमनामा समेत लाइनमा बसेर टिकट काट्नुपर्ने अवस्था आउनु लजास्पद रहेको टीकापुरका कमल साउद बताउँछन्। उनले भने, 'दसैँका बेला यात्रुको चाप हुनु स्वाभाविक हो। तर, त्यसलाई व्यवस्थापन गर्न उचित प्रणाली बनाउन नसक्दा सबैले दुःख पाउनुपरेको छ।' यद्यपि, केही

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

कम्पनीहरूले अनलाइन टिकट बुकिङ पनि खुलाएका छन्। अनलाइनमार्फत खुलेका अधिकांश टिकट बिक्री भइरहेका छन्। तर, यसलाई पूर्ण रूपमा सञ्चालनमा ल्याउन नसकेको राष्ट्रिय यातायात व्यवसायी महासंघका अध्यक्ष विजयबहादुर स्वाँरले बताए।

पश्चिम नेपाल यातायात प्रालिका शाखा प्रमुख भुसालले पनि आफ्नो सेवालाई पूर्ण रूपमा डिजिटलाइज गर्न नसकेको बताए। 'हामीले आंशिक रूपमा अनलाइनमार्फत टिकट बुकिङ सुविधा पनि राखेका छौं। त्यस्तो टिकट बिक्री भइरहेको छ,' उनले भने, 'तर, यो क्षेत्रमा अधिकांश पुराना पुस्ता छन्, जो अझै प्रविधिमा अभ्यस्त भइसकेका छैनन्। साथै, सबै यात्रु अनलाइनकै पहुँचमा हुन्छन् भन्ने पनि होइन। त्यसले पनि पूर्ण रूपमा अनलाइनमा जान सकिएको छैन। यसका लागि अझै केही वर्ष लाग्छ।'

■ अर्को वर्षदेखि पूर्ण अनलाइन : महासंघ

राष्ट्रिय यातायात व्यवसायी महासंघले अर्को वर्षदेखि पूर्ण रूपमा अनलाइन टिकेटिङको सुविधा सुरु गर्ने दाबी गरेको छ। महासंघको नेतृत्वमा अहिले 'मेरो यात्रा' नामक सफ्टवेयर (एप) बनाउने काम भइरहेको महासंघका अध्यक्ष स्वाँरले बताए। त्यो तयार भएपछि सार्वजनिक यातायातलाई पूर्ण रूपमा डिजिटलाइजेसन गर्न सकिने उनको भनाइ छ। 'त्यसमा महासंघअन्तर्गतका गाडीको विवरण, उनीहरूको लोकेसन (जिपिएस)लगायत विवरण हुन्छ,' उनले भने, 'त्यसबाटै सार्वजनिक यातायातको टिकट काट्ने सुविधा हुन्छ।' अनलाइन टिकेटिङमा भुक्तानीलाई सहज बनाउन प्रभु पेसँग समझदारीसमेत गरिसकेको महासंघको भनाइ छ।

■ यसकारण बढ्यो चाप

दसैँमा काठमाडौंबाट लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश जाने यात्रुहरूको चाप उच्च देखिएको छ। अग्रिम टिकट बुकिङ गर्न गोंगबु बसपार्कमा पनि सोही प्रदेशका यात्रुहरूको भिड बढी छ। यसपालि सुदूरपश्चिम प्रदेशलगायतका निकायले विभिन्न पदमा कर्मचारी माग गर्दै लोकसेवा आयोगमार्फत विज्ञापन निकालेको छ। सोही कारण पनि उक्त प्रदेशहरूबाट थुप्रै व्यक्तिहरू लोकसेवाको तयारी गर्न काठमाडौं आएका छन्। उनीहरू फर्कंदा पनि यात्रुहरूलाई टिकट पाउन मुस्किल भएको महासंघका अध्यक्ष स्वाँरले बताए। दसैँ मनाउन काठमाडौंबाट १८ लाख हाराहारीमा यात्रु बाहिरिने व्यवसायीहरू बताउँछन्। अधिकांशले सार्वजनिक यातायात प्रयोग गर्ने हुँदा चाप हुनु स्वाभाविक हो। तर, यसपालि यात्रुको चाप अस्वाभाविक बढेको महासंघका अध्यक्ष स्वाँरले बताए। अहिले लोकसेवाको तयारी गर्न आउने, स्थानीय तहका कर्मचारीहरूको आन्दोलनलगायतका कारण काठमाडौंमा बाहिरी जिल्लाका व्यक्तिको चाप थप बढेको छ। उनीहरू पनि दसैँ मनाउन घर जाने तयारीमा छन्। यसैगरी, यसपालि गोंगबु बसपार्कदेखि मात्रै लामो दूरीका गाडी छुट्न पाउने नीति छ। अहिले वर्षपार्कबाट मात्रै अग्रिम टिकट काट्न सकिन्छ। त्यसले गर्दा पनि भिडभाड बढेको स्वाँरको भनाइ छ।

■ गाडी थप गर्ने तयारी

अस्वाभाविक रूपमा यात्रुको संख्या बढी हुने देखिएपछि महासंघे गाडी थप्ने तयारी गरेको छ। महासंघका अध्यक्ष स्वाँरले वैकल्पिक माध्यमबाट गाडी थप्ने बताए। 'हामीले यो स्तरमा यात्रुको संख्या बढ्छजस्तो लागेकै थिएन। त्यसैले टिकट पाउन गाह्रो भएको हो। यद्यपि, यसमा हाम्रो ध्यान गएको छ। यात्रुको संख्या कम हुने रुटको सवारीसाधन ल्याएर, नयाँ गाडी थपेरलगायतका माध्यमबाट मागअनुसार गाडी व्यवस्थापन गर्छौं,' उनले भने, 'आशा छ, ढिलै भए पनि यात्रुहरूले टिकट पाउनेछन्। उनीहरूलाई दसैँमा गन्तव्यसम्म पऱ्याउने विषयमा हामी प्रतिबद्ध छौं।'

■ २६ गतेबाटै रुट परमिट खुला

यात्रुको चाप उच्च देखिएपछि सरकारले असोज २६ गतेबाटै सार्वजनिक यातायातको रुट परमिट खुला गर्ने निर्णय गरेको छ। व्यवसायी, यातायात व्यवस्था विभागलगायतका निकायबीच मंगलबार भएको बैठकले यस्तो निर्णय गरेको हो। योसँगै २६ असोजदेखि सार्वजनिक गाडीहरू जुनसुकै रुट (ठाउँ)मा पनि गुड्न पाउनेछन्।

खाद्यान्न किन्न पनि लाइन



साल्ट ट्रेडिङले कालिमाटीमा सञ्चालन गरेको सुपथ मूल्य पसलमा उपभोक्ताको भिड

अजित अधिकारी/नयाँ पत्रिका

दसैँका लागि आइतबारबाट सञ्चालित सुपथ मूल्य पसलमा खाद्यान्न किन्न उपभोक्ताहरू लामो लाइन बस्नुपरेको छ। मंगलबार दिउँसो कालिमाटीस्थित साल्ट ट्रेडिङ कर्पोरेसनको बिक्री केन्द्रमा उपभोक्ताको भिड बढेपछि दुईतर्फी लाइन लगाइएको थियो। त्यस्तै, तीनवटा बिलिङ काउन्टर बढाएर दिउँसो २ बजेबाट पाँचवटा बिलिङ काउन्टर राख्नुपरेको कर्पोरेसनकी प्रमुख कार्यकारी अधिकृत उर्मिला श्रेष्ठले जानकारी दिइन्। 'बुधबारबाट थप एउटा बिलिङ काउन्टर आउँछ। त्यसपछि ६ ठाउँबाट बिल गरेर खाद्यान्न बिक्रीको व्यवस्थापन हुनेछ,' उनले भनिन्। भिड बढेपछि कर्पोरेसनले साँझ साढे ५ बजेपछि गेट बन्द गरेर उपभोक्तालाई रोक्नुपरेको थियो।

सुपथ पसलमा दिउँसो पुगेकी बाफलकी भगती भुसालले करिब एक घन्टा लाइन बसेर दुई किलो चिनी पाएको बताइन्। बाफल क्षेत्रमा चिनी नपाइएकाले कालिमाटीमा तरकारी किन्न आएका वेला सुपथ पसल छिरेको, तर सास्ती खेप्नुपरेको उनले गुनासो गरिन्। 'यत्रो बाटो गरेर आउँदा पनि दुई किलो मात्रै चिनी पाएँ। झन्डै एक घन्टा लाइन लाग्नुपऱ्यो,' उनले भनिन्।

सुन्धाराका होटेल व्यवसायी हरि पौडेल मंगलबार दिउँसो ४ बजेतिर कालिमाटीस्थित साल्ट ट्रेडिङकै सुपथ पसलबाट चार पोका चुन र एक पोका चिनी हातमा लिँदै बाहिरिएको अवस्थामा भेटिए। उनले भने, 'म त होटेल व्यवसायी हुँ। ग्राहकलाई चिया नै छैन भन्नुपर्ने अवस्था आएपछि चिनी लिन यत्रो बाटो धाएर आएको हुँ।'

एकजनालाई दुई किलो मात्रै चिनी दिनेबारे थाहा पाएका उनले अर्को एकजना पनि साथमै लिएर आएका थिए। कलंकी (लामपाटी)मा प्रतिकिलो चिनी एक सय ५० देखि एक सय ७० रुपैयाँ पुगेको छ। सो क्षेत्रका बासिन्दा नवराज तामाङले कालिमाटीमा प्रतिकिलो ९७ रुपैयाँमा चिनी पाइने थाहा पाएपछि मंगलबार दिउँसो सुपथ पसल आएका थिए। उनले करिब आधा घन्टा लाइन लागेर दुई किलो चिनी मात्रै लिएर फर्केको बताए।

साल्ट ट्रेडिङले सञ्चालन गरेको सुपथ पसलमा आउने सबै उपभोक्ताले चिनी लैजाने गरेको महाप्रबन्धक उर्मिला श्रेष्ठले जानकारी दिइन्। 'यहाँ आउने सबै उपभोक्ताले चिनी लैजाने गरेका छन्। अरू खाद्यान्न भने आवश्यकताअनुसार लगेको पाइन्छ,' उनले भने। चिनी मात्र लैजाने उपभोक्ताको भिड बढे पनि मंगलबार दिउँसादेखि चिनीको मात्रै बिक्री गर्ने गरी दुईवटा बिलिङ काउन्टर राखेर सेवा दिन थालेको उनले बताइन्। साल्ट ट्रेडिङको तुलनामा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको सुपथ पसलमा भने कम भिड छ। यद्यपि, यहाँ पनि लाइन नलागी सजिलै खाद्यान्न खरिद गर्न पाइँदैन।

मध्यपूर्वी देशमा एनआरएन चुनावको रौनक

अधिकांश उम्मेदवार सात सय मत रहेको मध्यपूर्वी देशमा केन्द्रित

मुना कुँवर/नयाँ पत्रिका

गैरआवासीय नेपाली संघको ११औँ महाधिवेशन नजिकिँदै गर्दा मध्यपूर्वी देशहरूमा चुनावी महोला तातेको छ। संघको १७ देखि १९ अक्टोबरका लागि तय भएको चुनावी महाधिवेशनको प्रचारप्रसारका लागि उम्मेदवारहरू मध्यूर्वका विभिन्न मुलुकमा अहिले व्यस्त छन्।

संघको धेरै मतदाता भएको क्षेत्रमध्ये मध्यपूर्व दोस्रोमा पर्छ। मध्यपूर्वमा सात सय भोट छन्। त्यसैले पनि मध्यपूर्व उम्मेदवारहरूको आकर्षणको केन्द्र बनेको छ।

संघको आगामी कार्यकालको अध्यक्षको दाबेदारमध्ये राजेन्द्रकुमार शर्मा (आरके) आफैँ मध्यपूर्वी देश कतारबाट प्रतिनिधित्व गरिरहेका छन्। आगामी निर्वाचनमा कतारबाट मात्रै १४ बढी उम्मेदवार छन्। कतारमा मात्रै दुई सय पाँच भोट रहेको संघले जनाएको छ। यो संख्या अमेरिका र अस्ट्रेलियापछि तेस्रो धेरै हो।

अध्यक्षका उम्मेदवार शर्माले युनाइटेड अरब इमिरेट्स (युएई) साउदी अरब, ओमान, बहराइन र कुवेतका राष्ट्रिय समन्वय परिषद्का सदस्यहरूसँग भेटघाट गरिसकेको जनाएका छन्। त्यस्तै, अध्यक्षका अर्का उम्मेदवार डा. बद्री केसी पनि मध्यपूर्वका सबै मुलुक पुगिसकेका छन्। केसी रसियामा

> अध्यक्षमा उम्मेदवारी घोषणा गरेका राजेन्द्रकुमार शर्मा, डा. बद्री केसी, महेश श्रेष्ठ, रविना थापा र विनय अधिकारीले प्रचार-प्रसार तीव्र पारेका छन्।
>
> दुई सय पाँच मत रहेको कतारबाट मात्रै १४ उम्मेदवार

बस्छन्। अध्यक्षका उम्मेदवारमध्येका एक महेश श्रेष्ठले पनि मध्यपूर्वका विभिन्न देश पुगेर प्रचारप्रसार गरी फर्किसकेको बताएका छन्। हाल एनआरएनए उपाध्यक्ष रहेका श्रेष्ठ जापानमा बस्छन्। अध्यक्षका थप उम्मेदवारहरू रबिना थापा र विनय अधिकारी पनि प्रचार-प्रसारमा क्रियाशील छन्।

अध्यक्षहरूको भ्रमणपछि अहिले उपाध्यक्षका उम्मेदवारहरू मध्यपूर्वको भ्रमणमा निस्किएका छन्। जापानबाट नै उपाध्यक्षको उम्मेदवारी दिएका रोबिन शेरचन यतिवेला मध्यपूर्वको भ्रमणमा छन्।

संघको आगामी निर्वाचनमा मध्यपूर्व क्षेत्रबाट मात्रै तीन दर्जनभन्दा बढीले विभिन्न पदमा उम्मेदवारी दिएका छन्। एनआएनएको कार्यसमितिमा हाल कतारबाटै उपाध्यक्ष रहेको अवस्थामा आगामी निर्वाचनमा पनि कतारनिवासी राज रेग्मीले संघको उपाध्यक्षमा उम्मेदवारी दिएका छन्। कतारबाट मात्रै प्रबिन गुरुङले उपमहासचिव, होमनाथ शर्माले सचिव, मोहम्मद मुक्तदा मुसलमान सहकोषाध्यक्ष पद्मा उम्मेदवारी दिएका छन्। मुसलमान संघको कतार च्याप्टरका निर्वमान अध्यक्ष हुन्।

त्यस्तै, केबी हमालले मध्यपूर्व उपसंयोजक, अब्बदुल बासिदले युवा उपाध्यक्ष र डेकबहादुर भारती (सुमन)ले युवा संयोजकमा उम्मेदवारी दिएका छन्। आइसिसी सदस्य रामु रेग्मीले पनि युवा संयोजकमा उम्मेदवारी दिएका छन्।

आइसिसी सदस्यका लागि कतारबाट निर्विरोध दीपजंगशाह ठकुरी, तेज कटुवाल, प्रेमबहादुर चलाउने, श्रीकृष्ण भट्टराई, दुर्गाप्रसाद प्याकुरेल र विक्रम कार्की गरी ६ सदस्य चयन भइसकेका छन्।

युएइबाट ठाकुरप्रसाद दुगानाले कोषाध्यक्ष, मनोजकुमार श्रेष्ठ गोर्खालीले सचिव र रमेश श्रेष्ठले मध्यपूर्व संयोजक पदमा उम्मेदवारी दिएका छन्। साउदी अरबबाट राजेन्द्र अर्यालले क्षेत्रीय संयोजकमा र यसमिन बेगमले उपाध्यक्षमा दोहोऱ्याउने गरी उम्मेदवारी घोषणा गरेका छन्। मलेसियाबाट खगेन्द्र न्यौपानले उपाध्यक्षमा उम्मेदवारी दिएका छन्।

निर्वाचनलाई बिवादरहित र भड्किलो हुनबाट जोगाउन यसपटकदेखि अनलाइन भोटिङको सुरुवात गर्न लागिएको छ। महाधिवेशनका लागि चयन भएका प्रतिनिधिले काठमाडौंमा नै आएर भौतिक रूपमा नै निर्वाचनमा सहभागी हुन सक्नेछन् भने आफू रहेको मुलुकबाट नै अनलाइनमार्फत पनि भोट दिन सक्ने व्यवस्था रहेको संघले जनाएको छ।

अनलाइनबाट नै निर्वाचनमा सहभागी हुन सक्ने भएपछि यसपटक जहाजको टिकट नै काटेर भोटर ओसार्ने प्रवृत्तिको अन्त्य भएको संघको दाबी छ। यस्तो व्यवस्थाका कारण आगामी निर्वाचन निष्पक्ष र पारदर्शी हुने संघका अध्यक्षका दाबेदार तथा हालको आइसिसी उपाध्यक्ष राजेन्द्रकुमार शर्माले दाबी गरे।

विकासको दुरवस्था : सवा तीन करोड विनियोजन भएको पुलमा दुई वर्षसम्म आधा पिलर मात्रै निर्माण



दैलेखमा **विष्णु शर्मा**

निर्माण कम्पनीले पुल निर्माण अलपत्र पारे पनि दैलेख महाबु गाउँपालिकाका स्थानीयहरू निराश भएका छन्। दैलेखको दुर्गम मानिएको महाबु गाउँपालिका ४ र ५ का बासिन्दाहरू पक्की पुलबाट सहज यात्रा होला भन्ने आशामा थिए।

तर, पुल निर्माणमा ढिलाइ भएका कारण महाबु गाउँपालिकाको वडा नं ५ कांशीकाँध र वडा नं ४ कार्पी खोलाका बासिन्दाहरू बिरामी पर्दा स्वास्थ्य संस्थामा जान पनि नसक्ने अवस्थामा छन्। प्रदेश सरकारअन्तर्गत पूर्वाधार विकास कार्यालय दैलेखले ठेक्कामार्फत पक्की पुल निर्माणको जिम्मेवारी स्वर्गद्वारी निर्माण सेवालाई दिएको छ। जिम्मेवारी लिएको दुई वर्षसम्म पनि काम नभए पनि किसानहरूले उत्पादन गरेको तरकारीसमेत बिक्री हुन नसकेको महाबु गाउँपालिका वडा नं ४ का वडाध्यक्ष रामबहादुर शाहीले बताए। तीन करोड २५ लाख लागतमा निर्माण गर्नुपर्ने पक्की पुलको हालसम्म एउटा मात्र पिलर खडा गरिएको छ। पूर्वाधार विकास कार्यालयले समयमै काम सक्न निर्माण जिम्मा लिएका कुलबहादुर वलीलाई ६ पटक पत्र पठाइसकेको छ। अब अन्तिमपटक म्याद थपको तयारी गरिएको र अब पनि काम नगरे कालोसूचीमा राख्न सिफारिस गरिने पूर्वाधारका इन्जिनियर पारस डाँगीले बताए।

द्वन्द्वकालदेखि सास्ती भोगेका जनताहरू पक्की पुल बनेपछि सहज यात्रा गर्ने आसमा थिए। तर, अहिले निराश भएको स्थानीय बासिन्दा एवं पत्रकार नवीन रिजालले गुनासो गरे। उनले भने, 'महाबु क्षेत्रमा सडकको काम प्रभावकारी छैन, स्वास्थ्य भवन पनि उस्तै हालतमा छ, पक्की पुलहरू बन्न सकेका छैनन्।' निर्माण कम्पनीहरूले जनताको आवश्यकता महसुस नगरे जनता आन्दोलनमा उत्रने उनको भनाइ छ। दुर्गमा गाउँमा बिजुली पुऱ्याउने भन्दै लगिएका बत्तीका पोलहरू बाटोमा लथालिंग अवस्थामा छन्। निर्माण कम्पनीले भनेको समयमा काम नगरिदिएका कारण राज्यको करोडौँ विकासको रकम सदुपयोग हुन सकेको छैन।

ग्लोबल आइएमई बैंक लिमिटेडको

तपसिलमा उल्लिखित ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/०६/२४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

उपरोक्त सम्बन्धमा, तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नु भएको ऋण कर्जाको बैंकसंग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसंग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासंग सम्बन्धित तपाईहरु सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपाई तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी आफूले लिएको कर्जाको सम्पूर्ण सांवा, ब्याज, पेनाल ब्याज, अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसंग भए गरेको सम्झौता तथा लिखत अनुसार कारवाही गरी धितोमा रहेको सुरक्षण लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिनुका साथै ऋणी, संचालक, तथा जमानीकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ। साथै सुरक्षण बापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानून तथा कर्जा संझौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, संचालक, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

गुलरीया शाखा, बर्दिया

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय बर्दियामा प्रा.फ.र.नं. ८/२१७६/०७२/०७३ अन्तर्गत मिति २०७२/०४/०६ मा दर्ता कायम भएको **नुरी इटा उद्योग** फर्म दर्ता ठेगाना : मोहम्मदपुर - ६, बर्दिया स्थायी लेखा नं. ३०५५७७७५७, मिति २०७२/०४/११ **प्रोपराइटर : नइमुद्दीन खाँ** ना.प्र.नं. २/३५६१ जारी मिति २०५३/०५/२१ जि.प्र.का. बर्दिया बाबुको नाम : असगर खाँ बाजेको नाम : अफजल खाँ स्थायी ठेगाना : मोहम्मदपुर - ६, बर्दिया **कर्जा शिर्षक : सवारी साधन कर्जा**	**फातमा खाँ** ना.प्र.नं. ३८८२५ जारी मिति २०६३/०८/२४ जि.प्र.का. बर्दिया बाबुको नाम : नुर महम्मद खाँ पतिको नाम : नइमुद्दीन खाँ ससुराको नाम : असगर खाँ स्थायी ठेगाना : मोहम्मदपुर - ६, बर्दिया

नारायणगढ शाखा, चितवन

ऋणीको विवरण

प्रदेश सरकार, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय प्रदेश नं. ३, भरतपुर, चितवनमा प्रा.फ.र.नं. १५४१/०७५/०७६ अन्तर्गत मिति २०७६/०३/२५ मा दर्ता कायम भएको **वेभ इम्पोरियम**
फर्म दर्ता ठेगाना : भरतपुर म.न.पा. - १०, चितवन
स्थायी लेखा नं. ६१०८८९१७०, मिति २०७६/०४/०३
प्रोप्राइटर : दुर्गा बस्नेत
ना.प्र.नं. ३५१०२५/५१८६ जारी मिति २०६८/०८/२८ जि.प्र.का. चितवन
बाबुको नाम : दिलिप कुमार बस्नेत
पतिको नाम : अविनाश अधिकारी
ससुराको नाम : सोमनाथ अधिकारी
स्थायी ठेगाना : भरतपुर म.न.पा. - २, चितवन
कर्जा शिर्षक : ओभरड्राफ्ट, डिमाण्ड तथा अल्पकालिन कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

सोमनाथ अधिकारी ना.प्र.नं. ३५/५७४९३ जारी मिति २०५९/०५/२३ जि.प्र.का. चितवन बाबुको नाम : जगन्नाथ अधिकारी बाजेको नाम : सर्दाखर अधिकारी स्थायी ठेगाना : भरतपुर म.न.पा. - १२, चितवन	**अविनाश अधिकारी** ना.प्र.नं. ०४७५२६ जारी मिति २०६६/७/१३ जि.प्र.का. चितवन बाबुको नाम : सोमनाथ अधिकारी बाजेको नाम : जगन्नाथ अधिकारी स्थायी ठेगाना : भरतपुर म.न.पा - १२, चितवन

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

चार महिनापछि नेप्से पुनः १८ सय विन्दुमा

राष्ट्र बैंकले सेयर कर्जा संशोधन गरेको तीन दिनयता नेप्से ६७ दशमलव ३१ अंकले घट्यो, मंगलबार कारोबारमा आएका १३ वटै समूहका सूचकमा गिरावट

नयाँ पत्रिका

चार महिनापछि सेयर बजार पुनः १८ सय विन्दुमा झरेको छ। मंगलबार नेप्से परिसूचक १९ दशमलव ०६ अंकले घटेर एक हजार आठ सय ८९ दशमलव ५९ विन्दुमा आइपुगेको हो।

यसअघि १८ जेठमा नेप्से सूचकांक एक हजार आठ सय ६६ दशमलव ३४ विन्दुमा थियो। सेयर कर्जामा लगाउँदै आएको १२ करोड रुपैयाँसम्मको सीमालाई हटाउनुपर्ने मागलाई राष्ट्र बैंकले गत बिहीबार एकीकृत निर्देशन जारी गर्दै व्यक्तिगत लगानीकर्ताको हकमा १५ करोड रुपैयाँ र संस्थागत लगानीकर्ताको हकमा २० करोड रुपैयाँ हुने गरी सीमा बढाएको थियो।

सेयर लगानीकर्ताको मागलाई केही हदसम्म सम्बोधन गर्ने गरी राष्ट्र बैंकले कर्जाको सीमा बढाउँदा पनि बजार भने निरन्तर घटेको छ। राष्ट्र बैंकले सेयर कर्जा सीमा बढाउने गरी निर्देशन गरेयताको तीन दिनमा ६७ दशमलव ३१ अंकले नेप्से घटिसकेको छ।

कारोबारमा आएका १३ वटै समूहका सूचक घटेका छन्। सर्वाधिक घट्नेमा जलविद्युत् समूहको १ दशमलव ७९ प्रतिशतले घटेको छ भने नीर्जीवन बिमा समूह, होटेल तथा पर्यटन समूह, फाइनान्स समूह र विकास बैंक समूहको सूचक १ प्रतिशतभन्दा बढीले घटेका छन्।

वहारीहाइड्रो पावर कम्पनी र रवा इनर्जी डेभलपमेन्ट कम्पनीले पाँच दशमलव ४८ प्रतिशतदेखि सात दशमलव ६४ प्रतिशतसम्मले घटेको छ।

त्यस्तै, घटेको बजारमा पनि अपर लोहोरे खोला हाइड्रोपावर कम्पनीको ५ दशमलव ८६ प्रतिशतले बढेको छ भने इन्फिटी लघुवित्त वित्तीय संस्थाको सेयर मूल्य ४ दशमलव १९ प्रतिशतले बढेको छ।

मंगलबार ४२ लाख ८७ हजार कित्ता सेयर किनबेच हुँदा एक अर्ब २८ करोड ३१ लाख रुपैयाँको कारोबार भएको छ। सर्वाधिक सेयर किनबेच सानिमा जेआइसी इन्स्योरेन्सको २० करोड ३७ लाख रुपैयाँको कारोबार भएको छ भने दोस्रो ठूलो कारोबार नबिल बैंकको तीन करोड ४४ लाख रुपैयाँको कारोबार भएको छ।

चिरख्वा हाइड्रोपावरको आइपिओ खुला

काठमाडौं/ चिरख्वा हाइड्रोपावर लिमिटेडले मंगलबारदेखि सर्वसाधारणका लागि प्राथमिक साधारण निष्कासन (आइपिओ) खुला गरेको छ। कम्पनीले आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दा तथा विदेशमा बसी रोजगार गरिरहेका नेपालीका लागि आइपिओ निष्कासन गरेपश्चात् आठ लाख ५९ हजार तीन सय कित्ता सेयर सर्वसाधारणका लागि निष्कासन गरेको हो। कम्पनीले एक सय रुपैयाँ अंकित मूल्यमा आइपिओ जारी गरेको छ।

आइपिओ निष्कासनका लागि गराएको रेटिङमा क्रेडिट रेटिङ संस्था इक्रा नेपाल लिमिटेडले चिरख्वा हाइड्रोपावरको वित्तीय दायित्व बहन क्षमता औसत जोखिममा रहेको औंल्याएको छ। इक्राले डबल बी माइनस इस्युअर रेटिङ प्रदान गरेको छ। इक्रा नेपालले कम्पनीलाई १ फागुन ०७९ मा क्रेडिट रेटिङसम्बन्धी रेटिङ ग्रेड प्रदान गरेको थियो। सो रेटिङको अवधि एक वर्षसम्म रहनेछ।

कम्पनीको भोजपुर जिल्ला, षडानन्द नगरपालिका वडा नं १ स्थित ४.७ मेगावाटको चिरख्वा खोला जलविद्युत् आयोजनाको निर्माणकार्य अन्तिम चरणमा रहेको छ। सो आयोजनाबाट उत्पादन हुने विद्युत् खरिद-बिक्रीका लागि नेपाल विद्युत् प्राधिकरणसँग १२ असार ०७३ मा सम्झौता भएको थियो। उक्त सम्झौताको समयावधि व्यापारिक उत्पादन सुरु हुने मितिले ३५ वर्ष वा विद्युत् उत्पादन अनुमतिपत्रको अवधिमध्ये जुन कम छ, सो समयसम्म कायम रहने व्यवस्था छ। सो आयोजनाको कुल अनुमानित लागत ९९ करोड ८० लाख रुपैयाँ रहेको छ भने प्रतिमेगावाट कुल अनुमानित लागत २१ करोड २३ लाख ४० हजार चार सय २६ रुपैयाँ रहेको छ। आयोजनाको कार्यप्रगति ९८ प्रतिशत सम्पन्न भइसकेको छ।

जनकपुरमा नेपाल लाइफ क्यापिटलको लगानीकर्ता सचेतना कार्यक्रम

काठमाडौं/ सेयर बजार, जोखिम र यसको प्रतिफलको प्रभावबारे जनतालाई साक्षर गराउने मुख्य अभिप्रायका साथ नेपाल लाइफ क्यापिटलले जनकपुरमा लगानीकर्ता सचेतना कार्यक्रम सञ्चालन गरेको छ।

कम्पनीले नेपाल धितोपत्र बोर्डसँगको समन्वयमा 'लगानीका आधारभूत विशेषता, धितोपत्र बजार र जोखिम व्यवस्थापन' विषयमा लगानीकर्ता सचेतना कार्यक्रम सञ्चालन गरेको हो।

कार्यक्रममा विभिन्न क्षेत्रका एक सयभन्दा बढी व्यक्तिहरूको सहभागिता रहेको जनाएको छ। धितोपत्र बोर्डका निर्देशक हरिप्रसाद भुसालको अध्यक्षतामा भएको कार्यक्रममा क्यापिटलका प्रमुख कार्यकारी अधिकृत नवीन बास्कोटाले लगानीका क्षेत्र र सेयर बजारको महत्त्वबारे प्रशिक्षण दिएको जनाइएको छ। उनले निम्न आय भएका व्यक्तिले सेयर बजारमा कसरी पहुँच पुऱ्याउन सक्छन् र यस्तो बजारबाट सर्वसाधारणले कसरी लाभ लिन सक्छन् भन्ने विषयमा जोड दिएको उल्लेख छ।

कोष प्रबन्धक नवराज सिलवालले लगानीका आधारभूत कुरा, धितोपत्र बजार र जोखिम व्यवस्थापन विषयमा प्रस्तुतीकरण दिएको जनाइएको छ। उनले सेयर बजारको महत्त्व, यसले काम गर्ने तरिका, लगानीका थप क्षेत्रहरूलगायतका बारेमा प्रकाश पारेको कम्पनीले जनाएको छ।

क्यापिटलका अधिकृत विज्ञान नेपालले सहभागीका जिज्ञासाको जवाफ दिँदै डिम्याट, ब्रोकर, सेयर बजार र जोखिम विश्लेषणको बारेमा जानकारी प्रदान गरेको जनाइएको छ।

सर्वेक्षणमा करिब ७० प्रतिशत सहभागीहरू आइपिओ आवेदनका लागि प्राइमरी मार्केटमा संलग्न रहे पनि सेयर बजारमा करिब ३० प्रतिशत मात्रै सक्रिय रहेको पाइएको कम्पनीले जनाएको छ।

बुटवल उवासंघमा अर्याल विजयी



बुटवल/ बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीको अध्यक्षमा हरिप्रसाद अर्याल निर्वाचित भएका छन्। संघको ७०औं वार्षिक साधारणसभा तथा २५औं अधिवेशनअन्तर्गत सम्पन्न निर्वाचनमा तीनवर्षे कार्यकालका लागि अर्याल विजयी भएका हुन्।

अर्यालले अध्यक्षका अर्का उम्मेदवार दिनेशप्रसाद श्रेष्ठलाई ८७ मत अन्तरले पराजित गरेका छन्। अध्यक्षमा निर्वाचित अर्यालले सात सय ७६ मत र अर्का प्रत्याशी श्रेष्ठले ६ सय ८९ मत प्राप्त गरेको प्रमुख निर्वाचन अधिकृत बाबुराम पाण्डेले बताए। संघको निर्वाचनमा एक हजार सात सय ७८ सदस्य मतदाता रहेकोमा एक हजार पाँच सय ६ मत खसेको थियो।

संघको वरिष्ठ उपाध्यक्षमा टंकप्रसाद गैरे र वाणिज्य उपाध्यक्षमा विमलराज भट्टराई निर्विरोध निर्वाचित भएका छन्। अर्याल र श्रेष्ठको दुई समूह चुनावी मैदानमा उत्रिएकामा अधिकांश पदमा अर्याल समूहका उम्मेदवार विजयी भएका छन्। उद्योग उपाध्यक्षमा सात सय ७८ मतसहित सुरज भट्टराई निर्वाचित भएका छन्। उनका प्रतिस्पर्धी नवीनप्रसाद श्रेष्ठले ६ सय ७२ मत प्राप्त गरेका छन्। महासचिवमा सात सय ६० मतसहित मुक्तिप्रसाद अधिकारी, कोषाध्यक्षमा आठ सय नौ मतसहित वसन्तप्रसाद ढकाल, सचिवमा सात सय २३ मतसहित प्रतीक पोखरेल र सहकोषाध्यक्षमा आठ सय ३० मतसहित धनकुमारी खनाल (सविता) निर्वाचित भएकी छिन्। पदाधिकारीमा सचिवबाहेक सबै अर्याल प्यानलबाट विजयी भएका छन्।

त्यसैगरी, एक एसोसिएट सदस्यमा सात सय ५१ मतसहित बालकृष्ण पौडेल निर्वाचित भएका छन्। चार उद्योग सदस्यमा दीपकप्रसाद चापागाईं, निर्मित कसजू, सुनीता शर्मा बञ्जाडे र कृष्णप्रसाद पाण्डे, चार वाणिज्य सदस्यमा गणेशप्रसाद भट्टराई, काशिराम शर्मा पौडेल, रामबहादुर भण्डारी र टीकाराम बञ्जाडे निर्वाचित भएका छन्।

त्यस्तै, सात खुला सदस्य पदमा विष्णु (कमला) घिमिरे पन्त, विष्णुप्रसाद पौडेल, दीप आचार्य, दीपक घिमिरे, जगन्नाथ न्यौपाने, लक्ष्मण ज्ञवाली र उमेश अमात्य तथा दुई महिला सदस्य पदमा जमुना पौडेल र रेनु श्रेष्ठ निर्वाचित भएका छन्।

विश्व लगानीकर्ता सप्ताहमा क्रेडिट रेटिङ सचेतना कार्यक्रम



काठमाडौं/ विश्व लगानीकर्ता सप्ताहको अवसर पारेर इन्फोमेरिक्स क्रेडिट रेटिङ नेपाल लिमिटेडले क्रेडिट रेटिङ सचेतना विषयमा शंकरदेव क्याम्पस र नेपाल कमर्स क्याम्पसमा एकैसाथ कार्यक्रम गरेको छ। कम्पनीले नेपाल धितोपत्र बोर्डको अगुवाइमा उक्त कार्यक्रम गरेको हो।

कार्यक्रममा इन्फोमेरिक्स क्रेडिट रेटिङ नेपाल लिमिटेडका कार्यकारी प्रमुख रविन पुडासैनी र कम्पनी सचिव प्रतीक लामिछानेले धितोपत्र बोर्ड स्वयं नियामक निकाय रहेको र क्रेडिट रेटिङ संस्थामा नियामक निकायको भूमिकाबारे प्रकाश पारेको जनाइएको छ।

त्यसैले, नियमावलीको पनि सामान्य चर्चा गर्दै कार्यक्रमको औचित्यबारे प्रकाश पारिएको उल्लेख छ। कार्यक्रमको मुख्य सत्रमा इन्फोमेरिक्स क्रेडिट रेटिङ नेपाल लिमिटेडमा कार्यरत विशेषज्ञ समूहले उपस्थित विद्यार्थीमाझ क्रेडिट रेटिङको प्रक्रिया, अन्तर्राष्ट्रिय अभ्यास, उपयोगिता, सान्दर्भिकताबारे विशेष छलफल भएको कम्पनीले जनाएको छ।

युनिभर्सल डेन्टल अस्पतालको मोबाइल क्लिनिक सञ्चालनमा



काठमाडौं/ काठमाडौंको स्युचाटारमा रहेको युनिभर्सल डेन्टल हस्पिटल एन्ड ल्याब ट्रेनिङ इन्स्टिच्युटले मोबाइल डेन्टल सर्भिस भेइकल सञ्चालनमा ल्याएको छ। अस्पतालले गाडीमा दाँत परीक्षण तथा उपचारका लागि डाक्टरको समूहसहितको मोबाइल अस्पताल सञ्चालनमा ल्याएको हो।

अस्पतालका प्रबन्ध निर्देशक राजन लामाले अस्पतालसम्म आउन नसक्ने ज्येष्ठ नागरिक तथा शारीरिक रूपमा अशक्त व्यक्तिको घरैमा गएर दन्त उपचार गर्ने उद्देश्यका लागि यो सेवा सुरु गरिएको बताए। यसका साथै नागार्जुन नगरपालिकासँगको सहकार्यमा पालिकाका विभिन्न ठाउँमा समय-समयमा दन्त परीक्षणसम्बन्धी निःशुल्क शिविर सञ्चालन पनि गरिने तथा मुख र दाँतको सफाइसम्बन्धी जनचेतना फैलाउने काममा यो भ्यान प्रयोग हुने उनको भनाइ छ।

घरैमा गएर सुविधा दिँदा पनि अस्पतालमा लिने शुल्कमै उपचार गरिदिने तथा आर्थिक रूपमा असमर्थ बिरामीलाई निःशुल्क उपचार सेवा पनि दिने प्रबन्ध निर्देशक लामाले बताए। बिरामीले फोनमार्फत आग्रह गर्दा नागार्जुन, चन्द्रागिरि, कीर्तिपुरलगायतका नगरपालिका तथा काठमाडौं महानगरभित्र पनि सेवा दिन सकिने उनको भनाइ छ।

मोबाइल अस्पतालमा दाँतको एक्सरे, सिमेन्ट भर्ने, दाँत निकाल्ने, रुट क्यानल ट्रिटमेन्टलगायतका सबै उपचार नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका दन्तचिकित्सकले गर्ने अस्पतालले जनाएको छ।

धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८० साल असोज महिना २४ गते बुधबार)

यस विकास बैंक लि.को तपशिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षकमा लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंक संग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक रुपमा मौखिक तथा लिखित तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चाँसो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले ८ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले ७ औं दिनको कार्यालय समय भित्र यस बैंकको तपसिल खण्डमा उल्लेखित शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

तपशिल

१. शाखा कार्यालय : कुमारीपाटी शाखा **कर्जा शिर्षक :** व्यावसायिक अधिविकर्ष कर्जा

ऋणीको विवरण	व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
नाम : एस एस के फेन्सी स्टोर प्रोप्राइटरको नाम : शिवकुमार पाण्डे प्रा.फ.र.नं.: १४१५५०/०७४/०७५ दर्ता मिति : २०७५/०२/०२ स्थायी लेखा नं.: ६०७८३९४०१ दर्ता रहेको निकाय : वाणिज्य मन्त्रालय, वाणिज्य विभाग रजिष्टर्ड ठेगाना : काठमाडौं जिल्ला का.म.न.पा वडा नं. २४	**१. नाम : शिवकुमार पाण्डे** बाबुको नाम : केशवराज पाण्डे बाजेको नाम : पदमराज पाण्डे ठेगाना : नुवाकोट जिल्ला थानसिङ्ग गा.वि.स. वडा नं. १ ना.प्र.नं. : १६७५९/०४४ जारी मिति, जिल्ला : २०४४/१०/०४, नुवाकोट

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

२. नाम : सौरभ पाण्डे बाबुको नाम : प्रल्हाद पाण्डे बाजेको नाम : केशव राज पाण्डे ठेगाना : नुवाकोट जिल्ला थानसिङ्ग गा.वि.स. वडा नं. २ ना.प्र.नं. : २५१०५७/५९० जारी मिति, जिल्ला : २०६७/१२/२१, नुवाकोट	**३. नाम : रिनु थपलिया** बाबुको नाम : रुद्रलाल थपलिया पतिको नाम : शिवकुमार पाण्डे ससुराको नाम : केशवराज पाण्डे ठेगाना : नुवाकोट जिल्ला थानसिङ्ग गा.वि.स. वडा नं. २ ना.प्र.नं. : १०३१ जारी मिति, जिल्ला : २०४४/१०/२८, नुवाकोट	**४. नाम : दिवाकर पाण्डे** बाबुको नाम : शिवकुमार पाण्डे बाजेको नाम : केशवराज पाण्डे ठेगाना : नुवाकोट जिल्ला थानसिङ्ग गा.वि.स. वडा नं. १ ना.प्र.नं. : २५-०१-७१-०४८७० जारी मिति, जिल्ला : २०७१/०८/१०, नुवाकोट

यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :

१. मिति २०७७/१२/१२ गतेको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको।
२. मिति २०७८/०५/११ गतेको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको।
३. मिति २०७८/०६/०१ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको।
४. मिति २०७८/०८/१५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको।
५. मिति २०८०/०२/१५ गतेको राजधानी दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चक्ता भुक्तानी गर्ने सम्बन्धि १५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।

धितो सुरक्षण सम्बन्धी विवरण : निम्न उल्लेखित जग्गा र उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

धितोधनीको नाम	धितोको ठेगाना	वडा नं.	कित्ता नं.	क्षेत्रफल (रोपनी)	पूर्व	पश्चिम	उत्तर	दक्षिण
शिव कुमार पाण्डे	नुवाकोट जिल्ला थानसिङ्ग गा.वि.स	२	२४९८	२-०-०-०	ग्रामिण सडक र कि.नं. २५००	ग्रामिण सडक	बाटो	कि.नं. ११३२
			२५२२	०-६-२-०	कि.नं. १२४३	कि.नं. २५२०	कि.नं. २४९७	कि.नं. २५२१
			२५२०	१-८-२-०	कि.नं. २५२२	कि.नं. २४९८	ग्रामिण सडक	कि.नं. २५९१

२. शाखा कार्यालय : बुटवल शाखा **कर्जा शिर्षक :** व्यक्तिगत अधिविकर्ष कर्जा तथा मुक्तिनाथ ग्राहक सुरक्षा कर्जा

ऋणीको विवरण	व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण	
नाम : हरी प्रसाद श्रेष्ठ बाबुको नाम : आनन्द प्रसाद श्रेष्ठ बाजेको नाम : राम प्रसाद श्रेष्ठ स्थायी ठेगाना : स्याङ्गजा जिल्ला पुतलीबजार गा.वि.स. वडा नं. ६ हालको ठेगाना : रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ६ ना.प्र नं. : १८६२ जारी मिति र जिल्ला : २०३४/०३/२०, स्याङ्गजा	**१. नाम : उज्वल श्रेष्ठ** बाबुको नाम : हरी प्रसाद श्रेष्ठ बाजेको नाम : आनन्द प्रसाद श्रेष्ठ ठेगाना : रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ५ ना.प्र नं. : ३७२०२४/४९६७३ जारी मिति र जिल्ला : २०६५/०७/०४, रुपन्देही	**२. नाम : भागीरथी श्रेष्ठ** पतिको नाम : हरी प्रसाद श्रेष्ठ ससुराको नाम : आनन्द प्रसाद श्रेष्ठ स्थायी ठेगाना : स्याङ्गजा जिल्ला पुतलीबजार गा.वि.स. वडा नं. ६ हालको ठेगाना : रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ६ ना.प्र नं. : २७२२ जारी मिति र जिल्ला : २०४४/१०/२८, स्याङ्गजा

यसअघि प्रकाशित गरिएको सूचनाहरुको विवरण :

१. मिति २०८०/०२/३२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको।
२. मिति २०८०/०५/०६ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको।

धितो सुरक्षण सम्बन्धी विवरण : निम्न उल्लेखित जग्गा र उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

धितोधनीको नाम	धितोको ठेगाना	वडा न.	कित्ता नं.	क्षेत्रफल(व.मि.)	पूर्व	पश्चिम	उत्तर	दक्षिण
हरी प्रसाद श्रेष्ठ	स्याङ्गजा जिल्ला पुतलीबजार न.पा.	५	२००६	१६०३.७२	२००५	५३०	५३०	५२९
			२००८	३०२.०६	११८०	पक्की सडक	६५८	२००७
		६	६४९	३१९.९५	१५३	६४८	गोरेटो बाटो	पक्की सडक
			६४७	१८४२.२०	वडा सिमाना	६४६	३१	६४६

शर्त बन्देजहरु :

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन अर्थात मिति २०८०/०६/३० गते मंगलबार भित्र ऋणी एस एस के फेन्सी स्टोरको हकमा यस बैंकको शाखा कार्यालय कुमारीपाटी तथा ऋणी हरी प्रसाद श्रेष्ठको हकमा यस बैंकको शाखा कार्यालय बुटवल आईपुग्ने गरि पेश गर्नुपर्ने छ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
३) माथि उल्लेखित धितो सुरक्षणहरु सम्पुर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४) प्राप्त बोलपत्रहरु मिति २०८०/०७/०१ गते बुधबार अर्थात ८ औं दिन दिउसो १:०० बजे भित्र ऋणी एस एस के फेन्सी स्टोरको हकमा यस बैंकको शाखा कार्यालय कुमारीपाटीमा तथा ऋणी हरी प्रसाद श्रेष्ठको हकमा यस बैंकको शाखा कार्यालय बुटवलमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि अनुपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तिय संस्था"

मुक्तिनाथ विकास बैंक लि.

MUKTINATH BIKAS BANK LTD.

Member of Global Alliance for Banking on Values

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

Central Office: Hattisar, Kathmandu, **Tel.:** 01-4546136, 4537324
Toll Free No.: 16600149999, **E-mail:** info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

कर्जा चुक्ता गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मितिः २०८०/०६/२४ गतेको नयाँ पत्रिका दैनिक)

तपसिलमा उल्लेखित ऋणीले यस सहकारी संस्थाबाट लिएको ऋण कर्जाको शर्त बमोजिम नियमित बुझाउनु पर्ने किस्ताहरु, साँवा, ब्याज, हर्जाना रकम नतिरी नबुझाई बाँकी राख्नु भएको तथा पटकपटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत निजले कर्जा किस्ताहरु चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगर्नु भएकोले यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नुहुन सूचित गरिन्छ। अन्यथा उल्लेखित मितिभित्रमा तिर्न बुझाउनु पर्ने ब्याज तथा हर्जाना रकम भुक्तान नगरेमा यस संस्थालाई कर्जाको सुरक्षण वापत लेखी लेखाई दिएको तपसिल बमाजिमको चल/अचल सम्पति सहकारी ऐन तथा नियमावलीले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गर्ने, कालो सुचिमा समावेश गर्ने र ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने लगाएतका कर्जा असुल उपर गरी लिनका लागि अन्य आवश्यक कानूनी कारवाहीहरु समेत गरी संस्थाले आफ्नो लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत ऋणी, जमानीकर्ता, धितो सुरक्षण दिने व्यक्तिहरु तथा अन्य सबैलाई जानकारी गराइन्छ।

ऋणीको विवरण	धनजमानीकर्ताहरूको विवरण
ऋणी सरोज कुमार शाह लाडटाङ्ग एग्रो फार्म प्रा.लि. का अध्यक्ष जियालाल साहको नाती, गौरिशंकर साहको छोरा, स्थायी ठेगाना कोशी अञ्चल, मोरङ्ग जिल्ला, विराटनगर न.पा वडा नं. ११, स्थायी घर भई हाल बागमती अञ्चल, काठमाडौं जिल्ला, नागार्जुन न.पा वडा नं. १० बस्ने वर्ष ४२ को **सरोज कुमार साह** (ना.प्र.प.नं. ३६७८७ जारी मिति २०५४/१०/१४ जि.प्र.का. मोरङ्ग)	राम बहादुर साहीको नाती, जगत बहादुर साहीको छोरा, स्थायी ठेगाना बागमती अञ्चल, काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १९ बस्ने वर्ष ६० को **जगदिश्वर साही** (ना.प्र.प.नं. ३६०५ जारी मिति २०४८/०७/१७ जि.प्र.का. काठमाडौं)
धितोको विवरण	कुल नारायण महर्जन नाती, देव नारायण महर्जनको छोरा, स्थायी ठेगाना बागमती अञ्चल, काठमाडौं जिल्ला, खिचापोखरी वडा नं. २२, स्थायी घर भई हाल बागमती अञ्चल, काठमाडौं जिल्ला, टेकु वडा नं. १२ बस्ने वर्ष ४७ को **महेश महर्जन** (ना.प्र.प.नं. ७७८० जारी मिति २०५०/०१/१७ जि.प्र.का. काठमाडौं)
स्थायी ठेगाना बागमती अञ्चल, रसुवा जिल्ला, धुन्चे वडा नं. ३, को लाडटाङ्ग एग्रो फार्म प्रा.ली. को नाममा मालपोत कार्यालय रसुवामा दर्ता रहि तिरो कायम रहेको रसुवा जिल्ला, धुन्चे गा.वि.स/न.पा वडा नं. ३ स्थित कित्ता नं. १३९, २२३ र २१४ को क्षेत्रफल क्रमशः ५-२-१-०, ६-११-२-२ र ३-९-०-० को जग्गा	माणिकमान प्रधानको नाती, जुजुमान प्रधानको छोरा, स्थायी ठेगाना बागमती अञ्चल, किर्तिपुर जिल्ला, किर्तिपुर वडा नं. १, स्थायी घर भई हाल बागमती अञ्चल, ललितपुर जिल्ला, धोबीघाट न.पा वडा नं. ६ बस्ने वर्ष ५५ को **प्रचन्द्रमान प्रधान** (ना.प्र.प.नं. २७१०५८/१०२७१७ जारी मिति २०६९/०६/१४ जि.प्र.का. काठमाडौं)

CASH क्याश सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड
CASH Saving & Credit Co-operative Ltd.

ज्याथा, काठमाडौं
फोन : ५३५१८७७, ५३५२३११, ५३५३२५२
Email :info@cashco-op.com.np

Government of Nepal
Ministry of Forest and Environment
Building a Resilient Churia Region in Nepal (BRCRN)
Babarmahal, Kathmandu

Request for Expression of Interest (EOI)

For Mobilization of Field Based Regular Consultants for BRCRN Project through Firm at PPMUs (Sunsari, Mahottari & Sindhuli) and perform the service as per ToR

Date: 11 October 2023

1. Government of Nepal (GoN) **has received a grant** from **Green Climate Fund toward the cost of Building a Resilient Churia Region in Nepal** and intends to apply a portion of this Grant to eligible payments under the Contract for which this Expression of Interest is invited for **National consulting service**.
2. The **BRCRN, Babarmahal, Kathmandu** now invites Expression of Interest (EOI) from eligible consulting firms ("consultant") to provide the following consulting services: **for different field based regular consultants to assist Provincial Project Management Unit (PPMU) established at Sunsari, Mahottari and Sindhuli and perform the scope of works as provided in Terms of Referance (ToR)**.
3. Interested eligible consultants may obtain further information and EOI document free of cost at the address **BRCRN, Babarmahal, Kathmandu** during office hours on or before **1 November 2023** or visit e-GP system www.bolpatra.gov.np/egp or visit the client's website **brcrn.gov.np**.
4. Consultants may associate with other consultants to enhance their qualifications.
5. Expressions of interest shall be delivered online through e-GP system www.bolpatra.gov.np/egp on or before **12:00 hours on 2 November 2023**.
6. In case the last date of submission of the EOI documents happens to be a holiday, the next working day will be deemed as the due date but the time will be the same as stipulated.
7. EOI will be assessed based on **Qualification & Experience of Experts (40%), Experience of Firm (50%) and Capacity (10%)** of consulting firm and key personnel. Based on evaluation of EOI, only shortlisted firms will be invited to submit technical and financial proposal through a request for proposal.
8. The minimum score to pass the EOI is **70**.

सिक्किममा मजदुरी गर्ने इलामका पाँचजना एक सातादेखि सम्पर्कविहीन, टिस्टाको बाढीमा फसेको आकलन

झापामा **चिरञ्जीवी घिमिरे**



रोजगारीका लागि भारतको सिक्किमको लाचेन उपत्यकामा रहेका इलामको इलाम नगरपालिका- ९ गोलार्खका चार मजदुर र एक बालिकासहित पाँचजना एक सातादेखि सम्पर्कविहीन भएका छन् । उनीहरू टिस्टा नदीमा आएको बाढीमा फसेको आशंका गरिएको छ । श्रीमान्, श्रीमती, छोरी र थप दुईजना गरी पाँचजना टिस्टामा बाढी आएकै दिन अर्थात् १७ असोजदेखि नेपालमा परिवारसँग सम्पर्कविहीन भएका हुन् । उत्तरी सिक्किमको ल्योनाक हिमताल विस्फोटपछि १७ असोजमा टिस्टा नदीमा आएको बाढीमा परी हालसम्म ५५ जनाको मृत्यु भइसकेको र एक सय ४१ जना बेपत्ता रहेको भारतीय सञ्चारमाध्यमले उल्लेख गरेका छन् ।

इलामका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलका अनुसार सम्पर्कविहीन हुनेमा इलाम नगरपालिका- ९ गोलार्खका २९ वर्षीय कुमार बस्नेत, उनकी श्रीमती नरमाया बस्नेत र नौ वर्षीया छोरी खुसी बस्नेत रहेका छन् । त्यस्तै, सोही गाउँका ४० वर्षीय सेनबहादुर कार्की र ३० वर्षीय लाक्पा शेर्पा पनि सम्पर्कविहीन छन् । उनीहरू सिक्किमको लाचेन क्षेत्रमा निर्माण मजदुरको रूपमा कार्यरत थिए । 'भारतीय सुरक्षाकर्मीले सम्पर्कको पहुँच स्थापित गर्न नसकेको जानकारी पाएका छौं,' उनले भने । भारतीय सुरक्षाकर्मीले पनि लाचेन क्षेत्रमा सम्पर्कको पहुँच स्थापित गर्न नसकेका कारण अवस्था थाहा हुन सकेको छैन ।

हिमा क्षत्रीले ३ अक्टोबर अर्थात् १६ असोज राति बहिनी नरमायासँग इमोमा कुराकानी गरेकी थिइन् । त्यसयता सम्पर्क हुन नसकेको र मोबाइल पनि स्विच्ड अफ रहेको उनले बताइन् । 'बहिनीसँग कुरा भएको थियो, पानी ठूलो आउँदै छ । बिजुली छैन भन्दै थिइन्,' हिमाले भनिन्, 'त्यहाँदेखि अहिलेसम्म सम्पर्कमा आएका छैनन् । सरकारले उनीहरूको अवस्था पत्ता लगाई उद्धारमा सहयोग गरोस् ।'

प्रजिअ पोखरेलले पनि चार मजदुर र बालिका बाढीमा फसेको हुन सक्ने आकलन गरे । 'बाढी आउनु अघिसम्म उहाँहरू (हाल सम्पर्कविहीन रहेका) परिवारको सम्पर्कमा रहनुभएको रहेछ, तर बाढी आएपछि सम्पर्कमा हुनुहुन्न,' पोखरेलले भने ।

जिल्ला प्रशासन कार्यालयले उद्धार र खोजीका लागि सीमा सुरक्षा बलमार्फत सिक्किम राज्य सरकारलाई पत्र लेखेको छ । 'हामीले सिक्किमको सुरक्षा बलमार्फत विवरण पठाएर सम्पर्कमा छैनन् । उनीहरूको खोज तथा उद्धार गरेर सम्पर्कमा ल्याउने वातावरण तयार गर्नुपर्‍यो भनेर पत्र लेखेका छौं,' उनले भने, 'सुरक्षा निकायले हामी प्रयास गरिरहेका छौं भनेको छ ।' बाढीका कारण एक हजार तीन सय ८१ घर पूर्ण रूपमा विस्थापित भएका छन् । बाढीका कारण सिक्किका विभिन्न जिल्लाका १४ वटा पुल टिस्टा नदीले बगाएको छ । हालसम्म दुई हजार पाँच सय ६३ जनाको उद्धार भएको सिक्किम राज्य सरकारले जनाएको छ । २५ हजार जनसंख्या प्रभावित भएको छ ।

नौ इन्टरनेट...

पृष्ठ १ बाट क्रमशः

कानुनबमोजिम समयमा नतिर्दा जरिवानाबापत रोयल्टीमा ५० करोड ६५ लाख ९४ हजार आठ सय २४ र दूरसञ्चार विकास कोषमा ३५ करोड २ ९ लाख २४ हजार ६९ रुपैयाँ थपिएको छ । रोयल्टी नेपाल सरकारको र दूरसञ्चार विकास कोषको रकम प्राधिकरणकै खातामा जम्मा हुन्छ । दूरसञ्चार प्राधिकरण र सेवाप्रदायकबीचको मिलेमतोमै कर छली भएको समितिको निष्कर्ष छ ।

समितिले विभिन्न ११ वटा इन्टरनेट सेवाप्रदायकहरूले गरेको राजस्व चुहावट तथा सरकारी हानि-नोक्सानीबारे अध्ययन, मूल्यांकन तथा विश्लेषण गरेको थियो । जसक्रममा टेलनेट इन्टरनेट प्रालि र डिस मिडिया नेटवर्क लिमिटेडले मात्रै रोयल्टी र दूरसञ्चार कोषबापतको सबै रकम चुक्ता गरेको पाइएको छ ।

'बाँकी नौवटा सेवाप्रदायकको हकमा प्राप्त कागजातहरूका आधारमा तयार भएको गणना तालिकाअनुसार प्राप्त कागजात सार्वजनिक लेखा समितिमा पुनरावलोकन/पुनः निर्देशनका लागि मन्त्रालयबाट गरिएको अनुरोध तथा सम्मानित सर्वोच्च अदालतबाट भएको अन्तरकालीन अन्तरिम आदेशबमोजिमको रकमलाई घटाई, तत्पश्चात् रोयल्टी र दूरसञ्चार कोषबापत दुई प्रतिशत थप दस्तुरसहित दुई अर्ब ४६ करोड ९० लाख ५९ हजार नौ सय ७८ रुपैयाँ दाखिला गर्न बाँकी देखिन आएको छ,' प्रतिवेदनमा उल्लेख छ ।

सबैभन्दा धेरै वर्ल्डलिंक कम्युनिकेसनले एक अर्ब २५ करोड ३४ लाख २ ९ हजार नौ सय ९० रुपैयाँ तिर्न बाँकी छ । त्यस्तै, भायानेट कम्युनिकेसनले २६ करोड ७६ लाख ४७ हजार सात सय १०, सुबिसु केलनेटले २६ करोड ५२ लाख ९६ हजार र क्लासिक टेक टेक्नोलोजीले २३ करोड ७१ लाख १७ हजार दुई सय ६८ रुपैयाँ तिर्न बाँकी छ । छानबिन प्रतिवेदनअनुसार टेकमाइन्ड्स नेटवर्कले २३ करोड ६४ लाख सात हजार पाँच सय ३३, मर्कन्टाइल कम्युनिकेसनले नौ करोड १६ लाख ५७ हजार दुई सय ३४, वेभसर्फर कम्युनिकेसनले सात करोड ३२ लाख ४९ हजार दुई सय २१, पोखरा इन्टरनेटले तीन करोड ३३ लाख १० हजार ६ सय ११ र नेट म्याक्स टेक्नोलोजीले एक करोड नौ लाख ४४ हजार चार सय नौ रुपैयाँ तिर्न बाँकी छ ।

छानबिनका क्रममा रोयल्टी तथा दूरसञ्चार कोष प्रयोजनार्थ प्राधिकरणमा पेस भएका आय विवरण र तिनका सम्बद्ध अनुसूची समितिले मगाएको थियो । आय विवरण परीक्षण गरी यथार्थ बुझ्न मन्त्रालयको स्वीकृतिमा सहजीकरणका लागि विज्ञका रूपमा नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाबाट एकजना सिए र थप एकजना सिए मन्त्रालयले सोझै परामर्श सेवा खरिदमार्फत नियुक्त गरेको थियो । समितिका पदाधिकारी तथा विज्ञले आय विवरण र सम्बद्ध अनुसूचीको जाँच, परीक्षण गरी रोयल्टी र दूरसञ्चार कोष रकमको यकिन गरेर मूल्यांकन र विश्लेषण गरेका थिए । यस क्रममा समितिले सार्वजनिक लेखा समिति, सर्वोच्च अदालत तथा महालेखापरीक्षकको कार्यालयले गरेका निर्णय, निर्देशन, प्रतिवेदन, आदेश, बेरुजु इत्यादिको समेत विश्लेषण गरेको थियो ।

रोयल्टी राजस्व तथा दूरसञ्चार कोषको रकम नियमअनुसार दाखिला नभएका कारण राजस्व चुहावट तथा सरकारी हानि-नोक्सानी भएको समितिले औंल्याएको छ । 'संलग्न तालिका, विवरण एवं तथ्य तथ्यांकहरूका आधारमा उजुरीमा उल्लेख भएअनुरूपका ११ मध्ये नौवटा सेवाप्रदायकहरूले बर्सैनि दाखिला गर्नुपर्ने रोयल्टी राजस्व तथा ग्रामीण दूरसञ्चार विकास कोषको रकम कानुनले निर्धारण गरेबमोजिम नगरेको देखिन आउँछ,' प्रतिवेदनको निष्कर्षमा भनिएको छ ।

सञ्चार मन्त्रालयका प्रवक्ता नेत्रप्रसाद सुवेदीले छानबिन समितिको प्रतिवेदनले औंल्याएअनुसार सबै सेवाप्रदायकबाट बक्यौता रकम उठाइने बताए । 'कानुन नमान्ने कुरा कसैका लागि पनि छुट हुनुहुँदैन । कानुनबमोजिम तिर्नुपर्ने कर सबैले अनिवार्य तिर्नुपर्छ । प्रतिवेदनले उल्लेख गरेबमोजिम सेवाप्रदायकले अब आफ्नो बक्यौता तिरेर दायित्व पूरा गर्नुपर्छ । यस सम्बन्धमा प्राधिकरणले पनि फलोअप गर्नुपर्छ,' उनले भने ।

■ इन्टरनेट सेवाप्रदायकहरूको आय बढ्यो, तर राजस्व घट्यो

राजस्व छुट दिँदा त्यसले निम्त्याएका असरबारे पनि छानबिन समितिले विश्लेषण गरेको छ । सेवाप्रदायकहरूको आयमा उल्लेख्य वृद्धि हुनु, तर रोयल्टी राजस्व घट्दै जानु चिन्ताजनक भएको प्रतिवेदनमा उल्लेख छ । 'विगत १० वर्षमा 'फिक्स्ड ब्रोडब्यान्ड इन्टरनेट पेनिट्रेसन' सारभूत रूपमा वृद्धि भएको, इन्टरनेट प्रयोगकर्ता ग्राहकको संख्या पनि सोही अनुपातमा वृद्धि भइरहँदा इन्टरनेट सेवाप्रदायकहरूको आयमा उल्लेख्य वृद्धि भएको छ । तर, रोयल्टी राजस्वमा विगत सात वर्षमा ह्रासोन्मुख वृद्धि भई राजस्व आम्दानी घट्न गएको देखिएको तथ्यांकहरूले नै प्रमाणित गरेको छन्,' प्रतिवेदनमा भनिएको छ ।

इन्टरनेट सेवाप्रदायकहरूले प्रचलित लेखामानबमोजिम पेस गरेका आय विवरणहरूमा एकरूपता नरहेको, प्रचलित कानुन र लेखा मापदण्डले निश्चित गरेभन्दा फरक गरी दूरसञ्चार तथा इन्टरनेट सेवाबाट प्राप्त कुल आय लुकाउने/छिपाउने गरी आम्दानीका शीर्षकहरू टुक्र्याएको देखिएको, कतिपय अवस्थामा आय विवरणलाई तोडमोड गरेकोसमेत देखिएको प्रतिवेदनमा उल्लेख छ ।

मर्मत, सपोर्ट र टेक्निकल चार्जजस्ता ग्राहकबाट असुल गरिसकेका आम्दानी रोयल्टी र दूरसञ्चार कोषको रकम बुझाउँदा घटाउने-हटाउने गरेको मात्र नभई अमिल्दो खर्च शीर्षकहरूलाई 'बन्डलिङ' गरी 'डिभाइस सेल्स'सँग जोडेर देखाई रोयल्टी र दूरसञ्चार कोष कम गर्ने प्रवृत्ति देखिएको समितिले औंल्याएको छ । 'खासगरी आव ०७३/७४ पछि इन्टरनेट सेवाप्रदायकहरूको आम्दानीमा उल्लेख्य बढोत्तरी हुन थालेपछि यसरी बढेको आय लुकाउन सञ्चालन आयलाई टुक्र्याएर अन्य आम्दानी भनी देखाउने, कानुनबमोजिम रोयल्टी र दूरसञ्चार कोष लाग्ने आयहरू मर्मत, सपोर्ट, टेलिकम चार्जजस्ता आम्दानीलाई घटाई-हटाई मात्र गणना गरी जानाजानी सरकारी राजस्व घटाउने संगठित प्रयासहरू गरेको देखिन आउँछ,' प्रतिवेदनमा भनिएको छ ।

प्राधिकरणले आफूले प्राप्त गर्ने दूरसञ्चार कोषको रकम धेरै हदसम्म असुली गरेको, तर मन्त्रालयमा दाखिला हुने राजस्व तुलनात्मक रूपमा असुल गर्न उदासीन रहने प्रवृत्ति पनि देखिएको प्रतिवेदनमा उल्लेख छ । 'यस्ता प्रवृत्तिहरूले गर्दा राजस्व चुहावट गर्न प्रेरित गरी परिणामतः चरम आर्थिक अनुशासनहीनतालाई निम्त्याउने खतरा देखिन आएको छ,' प्रतिवेदनमा भनिएको छ ।

■ के छ रोयल्टी र दूरसञ्चार कोषसम्बन्धी कानुनी व्यवस्था ?

दूरसञ्चार नियमावली, २०५४ को नियम २६ (रोयल्टी बुझाउनुपर्ने)को उपनियम (१)मा 'नियम १० को उपनियम (५) र (६) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले वार्षिक कुल आम्दानीको चार प्रतिशतले हुने रकम प्रत्येक वर्ष रोयल्टीको रूपमा नेपाल सरकारलाई बुझाउनुपर्नेछ र सो अवधिभित्र नबुझाएमा बुझाउन बाँकी रहेको रकमको दुई प्रतिशतका दरले प्रत्येक महिना थप दस्तुर लाग्नेछ' भनिएको छ । त्यस्तै, दूरसञ्चार कोषबापत वार्षिक आम्दानीको दुई प्रतिशत रकम बुझाउनुपर्छ । रोयल्टी रकम नेपाल सरकारको कोषमा र दूरसञ्चार कोषबापतको रकम प्राधिकरणमा बुझाउनुपर्छ ।

■ किन उठेन रोयल्टी र कोषको रकम ?

छानबिन समितिले दूरसञ्चार रोयल्टी र ग्रामीण दूरसञ्चार कोषबापत कानुनअनुसार उठ्नुपर्ने रकम नउठेको सम्बन्धमा त्यसको समस्या पनि औंल्याएको छ । जसअनुसार नियमित रूपमा प्राप्त हुने शीर्षक रकमका सम्बन्धमा मन्त्रालय र प्राधिकरणबाट व्यवस्थित कार्यपद्धति, आन्तरिक नियन्त्रण प्रणाली तथा राजस्व लेखा प्रणाली अवलम्बन नगरिनुलाई प्रमुख समस्याका रूपमा औंल्याइएको छ । त्यस्तै, दूरसञ्चार प्रदायकहरूको मोबाइल सेवाबाट प्राप्त हुने आम्दानी क्रमशः घट्दै गएर इन्टरनेट सेवाको विस्तारपछि यसैमा 'सिफ्टिङ' भएको प्रतिवेदनमा उल्लेख छ । इन्टरनेट सेवाप्रदायकहरूको आम्दानी सारभूत रूपमा वृद्धि भइरहँदा 'भ्वाइस' सेवाप्रदायकको आम्दानी सोही अनुपातमा घटिरहेको तथ्यहरूप्रति यथार्थ र वास्तविकता आकलन गर्न नसकी 'भ्वाइस' सेवाप्रदायकहरूलाई टेरामक्स प्रणालीमा आबद्ध गरी सरकारी राजस्व वृद्धि गर्ने हचुवामा परिकल्पना गरिएको समस्या पनि समितिले पहिचान गरेको छ ।

त्यस्तै, सेवाप्रदायक र नियामक निकायहरूसमेत कानुन परिपालनामा जिम्मेवार, जवाफदेही र संवेदनशील नभएको ठहर पनि समितिको छ । सरकारले दूरसञ्चार प्रदायकहरूबाट प्राप्त गर्ने रोयल्टी राजस्वको सम्पूर्ण जिम्मेवारी दूरसञ्चार कानुनले प्राधिकरणलाई प्रदान गरे पनि प्राधिकरणले सोअनुरूप कार्यसम्पादन नगरेको तथा मन्त्रालयबाट पनि नियमित रूपमा अनुगमन हुन नसकेको प्रतिवेदनमा उल्लेख छ । प्राधिकरणमा राजस्वसम्बन्धी काम गर्ने जनशक्ति र नेतृत्वसमेतले आर्थिक अनुशासन सम्बन्धमा सामान्यस्तरको अभिमुखीकरणसमेत प्रस्तुत गर्न नसकेको अवस्थालाई समितिले समस्याका रूपमा औंल्याएको छ ।

■ कम बुझाएको रोयल्टी र दूरसञ्चार कोषको रकम तत्काल असुलउपर गर्न सुझाव

कम बुझाएको रोयल्टी राजस्व र दूरसञ्चार कोषको रकम तत्काल असुलउपर गर्नुपर्ने सुझाव समितिले दिएको छ । 'विगत लामो समयदेखि इन्टरनेट सेवाप्रदायकहरूबाट वार्षिक कुल आयका आधारमा वास्तविक रूपमा प्राप्त हुनुपर्ने राजस्व र दूरसञ्चार कोषको रकम प्राप्त नभइरहँदा सोको असुलउपर गर्नुपर्ने मुख्य जिम्मेवार नियामक निकाय प्राधिकरणलाई जवाफदेही र जिम्मेवार तुल्याइनुपर्छ,' समितिको सुझाव छ ।

रोयल्टी राजस्व कम तिर्न आय विवरणमा नमिल्ने किसिमले 'स्पिट' र 'बन्डलिङ' गरी प्रस्तुत गरिने र मुख्य जिम्मेवार नियामक निकाय प्राधिकरणबाट यस्ता गतिविधिउपर निगरानी गरेको नदेखिएको निष्कर्ष समितिको छ । रोयल्टी र दूरसञ्चार कोषको रकमका सन्दर्भमा प्रचलित कानुनमा भएका व्यवस्थाको पालनामा प्राधिकरण संवेदनशील नभएको समितिको ठहर छ । यस्तो समस्या समाधानका लागि मन्त्रालयबाट राजस्व लेखा प्रणालीको शीघ्र विकास गरी लागू गरिनुपर्ने, रोयल्टी तथा दूरसञ्चार कोषको रकम मौखिक रूपमा निर्धारण भइरहेकामा लिखित रूपमा निर्धारण गर्न आदेश जारी गर्नुपर्नेजस्ता कार्य अभिलम्ब गर्न समितिले सुझाव दिएको छ । अदालतहरूमा रहेका रोयल्टी राजस्व र दूरसञ्चार कोषसम्बन्धी रिट निवेदनहरूको छिटो सुनुवाइ तथा फरफारक गराउन र सार्वजनिक लेखा समितिमा भएको पुनरावलोकन/पुनः निर्देशन भएका विषयवस्तुहरू सुल्झाउन सहजीकरण गरी अन्योल, अस्पष्टता र द्विविधा हटाउन मन्त्रालयबाट विशेष पहल हुनुपर्ने सुझाव पनि समितिको छ ।

इजरायलकै...

पृष्ठ १ बाट क्रमशः

स्थानीय तथा कूटनीतिक संयन्त्रको सहयोगमा अझ तीव्र पारिएको छ ।'

परराष्ट्रले मंगलबार साँझसम्म ५५ जना नेपाली विद्यार्थी सुरक्षित स्थानमा स्थानान्तरण भएका छन् । उनीहरूमध्ये सुदूरपश्चिम विश्वविद्यालयका ३२ जना र कृषि तथा वनविज्ञान विश्वविद्यालयका २३ छन् ।

सुदूरपश्चिम विश्वविद्यालयका दुईजना राजधानी तेलअभिभ पुगिसकेका छन्, चारजनाको उपचार भइरहेको छ भने एकजना हराइरहेका छन् । त्यही विश्वविद्यालयका १० जना विद्यार्थीको हमास समूहको आक्रमणमा मृत्यु भएको छ । उनीहरू इजरायल र गाजाको सीमा क्षेत्रमा बंकरभित्र आश्रय लिई बसेका थिए । इजरायलको उत्तरी सिमानामा अवस्थित किन्नेरेट कलेजमा अध्ययनरत विद्यार्थीलाई सुरक्षित स्थानमा सार्ने काम भइरहेको परराष्ट्रले जनाएको छ । 'सम्पर्कविहीन अवस्थामा रहेका विपिन जोशीको खोजी कार्य तीव्र रूपमा भइरहेको छ,' परराष्ट्रले भनेको छ ।

संसद्को अन्तर्राष्ट्रिय समिति पुगेका परराष्ट्रमन्त्री एनपी साउदले मृतकको शव ल्याउन, घाइतेको उपचार, सम्पर्कविहीनको तत्काल खोजी, असहज परिस्थितिमा परेका नेपालीको उद्धार एवं सुरक्षित स्थानमा स्थानान्तरण गर्न तथा स्वदेश फिर्तीको चाहना राख्ने नेपालीलाई तत्काल फिर्तीको प्रबन्धका लागि इजरायल सरकारसँग समन्वय भइरहेको उनको भनाइ छ । उनले १० जना नेपालीको शव नेपाल ल्याउन इजरायल सरकारका विधिविज्ञान निकायसँग समन्वय भई सकेसम्म चाँडो ल्याउने गरी कार्य प्रक्रिया सुरु भइसकेको बताए ।

इजरायलले नेपालीको उद्धार, घाइतेको उपचार तथा मृतकको शव नेपाल फर्काउन पूर्ण रूपमा सहयोग गर्ने बताएको छ । बुधबार परराष्ट्रमन्त्री एनपी साउदसँग टेलिफोन संवादमा इजरायलका विदेशमन्त्री एली कोहेनले १० जना नेपालीको शव नेपाल ल्याउन, इजरायलमा रहेका नेपालीको सुरक्षा, घर फर्किन चाहने नेपालीलाई फर्काउने विषयमा इजरायल सरकारले उच्चतम सहयोग गर्ने आश्वासन दिएका छन् । इजरायल अहिले कठिन मोडमा रहेको भन्दै उनले हमास समूहको आक्रमणमा १० जना नेपालीको निधन भएको घटनाबाट इजरायल स्तब्ध भएको पनि बताए ।

परराष्ट्रमन्त्री साउदले हमासको आक्रमणमा परी मृत्यु भएका नेपाली नागरिकको शव नेपाल फिर्ताका लागि आवश्यक समन्वय र सहजीकरण गरिदिन पनि विदेशमन्त्री कोहेनसँग आग्रह गरेका थिए । 'महामहिमज्यू, मृतकहरूको पार्थिव शरीरलाई जति सक्दो चाँडो स्वदेश फर्काउन आवश्यक छ । थोरै ढिलाइले पनि घरपरिवारका सदस्यहरूमा झन् पीडा थप्नेछ,' परराष्ट्रमन्त्री साउदले समकक्षीलाई भने, 'नेपाली विद्यार्थीको शव स्वदेश ल्याउनका लागि आवश्यक समन्वय र सहजीकरण गरिदिन आग्रह गर्छु । त्यसका लागि इजरायल सरकारसँग नेपाली दूतावासले आवश्यक समन्वय गर्नेछ ।'

मन्त्री साउदले आक्रमणमा परी घाइते भएका चारजना नेपाली नागरिकको स्वास्थ्य उपचार र हेरचाहमा सहयोग गर्न पनि आग्रह गरेका छन् । बेपत्ता एकजनाको खोजी कार्य गरिदिन पनि मन्त्रीले आग्रह गरेका थिए । परराष्ट्रमन्त्री साउदले हमास समूहले गरेको आक्रमणबाट भएको धनजनको क्षतिप्रति सहानुभूति व्यक्त गर्दै दुःखद घडीमा नेपाल सरकार इजरायल सरकारसँग ऐक्यबद्ध रहेको पनि बताएका थिए । अन्तर्राष्ट्रिय समितिले इजरायलमा मृत्यु भएका दशजना विद्यार्थीको शव यथाशीघ्र स्वदेश ल्याउन, बेपत्ताको खोजी गर्न र अप्ठ्यारोमा परेकाको उद्धार र सुरक्षित स्थानान्तरणलाई तीव्रता दिन निर्देशन दिएको छ । समितिले स्वदेश आउन चाहनेलाई फिर्तीका लागि तत्कालै बन्दोबस्त गर्न सरकारलाई निर्देशन दिएको छ ।

समितिले भविष्यमा हुन सक्ने घटनाको पूर्वआकलन गर्न र विदेशमा नेपालीको विवरण अद्यावधिक गर्न पनि सरकारलाई निर्देशन दिएको छ । सभापति राजकिशोर यादवका अनुसार भविष्यमा हुन सक्ने घटनाको पूर्वआकलन गरी विदेशस्थित नेपाली दूतावास नियोगलाई नेपालीको विवरण अद्यावधिक गर्न, सम्भावित परिस्थितिको पूर्ण तयारी गर्न, ती निकायलाई स्रोत-साधनसहित सक्षम र सबल बनाउन परराष्ट्र मन्त्रालयलाई निर्देशन दिएको छ ।

कल्याणकारी सेवा समितिको बार्षिक साधारणसभा सम्बन्धि सूचना

संस्था दर्ता ऐन २०३४ बमोजिम काठमाडौ जिल्ला प्रशासन कार्यालयमा दर्ता भएर नियमन हुने हाम्रो संस्थाको साधारणसभा निम्न स्थान र तपसिल कार्यसुचिहरुमा छलफल गरि निर्णय हुने भएकोले सदस्य नवीकरण गरी सभामा सहभागी हुन निर्णयअनुसार सम्पुर्ण साधारणसभा सदस्यहरुमा यो सूचना मार्फत जानकारी गराइन्छ ।

निम्न

स्थान : संस्थाको कार्यालय नागार्जुन-०५, छोकडोल, काठमाडौ
मिति : २०८० कार्तिक ०७ गते मंगलबार
समय : बिहान ९:०० बजे

साधारणसभाका छलफलका कार्यसुचिहरु

१) निर्वाचन आयोजक समिती गठन र समितिको निर्णयको अनुमोदन गर्ने
२) स्वतन्त्र लेखापरीक्षक को नियुक्ति अनुमोदन र लेखापरीक्षण प्रतिबेदन पारित गर्ने
३) कार्य प्रगती प्रतिबेदन, बार्षिक बजेट र आगामी कार्ययोजना प्रस्ताव पारित गर्ने सम्बन्धमा
४) बिधान संशोधन सम्बन्धमा ।
५) नयाँ कार्यसमिति गठन गर्ने सम्बन्धमा ।
६) गुठिहरुलाई अधिकार प्रदान गर्ने सम्बन्धमा ।
७) संस्था नवीकरण, अद्यावधिक लगायतका बिधान बमोजिमका कार्य गर्न नयाँ कार्यसमितिलाई अख्तियारी दिने सम्बन्धमा
८) थप कार्यसुची सभामा पनि पेश गरेर छलफल हुने लगायत विविध सम्बन्धमा ।

ईब्राहिम मुसलमान
सयोजक
निर्वाचन आयोजक समिति

सानुराजा बज्राचार्य
संयोजक
निर्वाचन समिती

सुरक्षा निकाय...

पृष्ठ १ बाट क्रमशः

प्रक्रिया रोक्दै आएको छ । जब कि आयोगको वार्षिक कार्यतालिकामा साउन, भदौ र असोजमा धेरै विज्ञापनको सूचना प्रकाशन भइसक्नुपर्ने थियो । 'विशेष कारणले यस वर्षका विज्ञापन रोकिएका छन्,' लोकसेवा आयोगकी प्रवक्ता गीताकुमारी होमागाईं भन्छिन्, 'हामी सम्बन्धित निकायसँग छलफलमै छौं ।'

कार्यतालिकामा नेपाली सेनाको अधिकृत क्याडेट तथा पदिक तथा बिल्लादार अधिकृत क्याडेटको साउन-भदौमा र प्राविधिक अधिकृतको कात्तिकमा सूचना निकालिने उल्लेख छ । नेपाल प्रहरीका प्रहरी निरीक्षक र सहायक निरीक्षकको साउनमै विज्ञापन प्रकाशन हुनुपर्नेमा अझै प्रकाशित भएको छैन । सशस्त्र प्रहरीको अधिकृत तहमा पनि भदौमै विज्ञापन हुनुपर्नेमा रोकिएको छ । संगठित संस्थानअन्तर्गत नेपाल आयल निगम, नेपाल धितोपत्र बोर्ड, औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, सांस्कृतिक संस्थान र सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रको विज्ञापन साउनमा हुने कार्यतालिकामा उल्लेख छ ।

त्यस्तै, भदौमै काठमाडौं उपत्यका खानेपानी लिमिटेड, काठमाडौं उपत्यका विकास प्राधिकरण, जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, नेपाल पुनर्बिमा कम्पनी, नेपाल विद्युत् प्राधिकरण, सामाजिक सुरक्षा कोषको भर्ना हुनुपर्ने तोकिएकोमा प्रक्रिया अझै सुरु हुन सकेको छैन । नेपाल प्रहरीका प्रवक्ता डिआइजी कुबेर कडायत थारू क्लस्टरको विषयकै अन्योलले प्रहरीको भर्ना रोकिएको बताउँछन् । 'यस वर्ष प्रहरीको भर्नाको प्रक्रिया सुरु हुन सकेको छैन,' उनले भने, 'यो विषयमा विभिन्न निकायसँग छलफल भइरहेको छ ।'

निजामती सेवा, नेपाल स्वास्थ्य सेवा, व्यवस्थापिका संसद् सेवा र राष्ट्रिय मानव अधिकार आयोग सेवामा असोजको अन्तिम बुधबार राजपत्रांकित प्रथम श्रेणी, राजपत्रांकित द्वितीय श्रेणी तथा स्वास्थ्य सेवाको एघारौं र नवौं तहको विज्ञापन गरिने उल्लेख छ । तर, मंगलबारसम्म यस विषयमा निर्णय हुन नसकेको लोकसेवा आयोग स्रोत बताउँछ । आयोगका अध्यक्ष माधव रेग्मी भन्छन्, 'बुधबार यस विषयमा केही निर्णय आउँछ ।'

सर्वोच्चमा रिट दायर गर्नेमध्ये एक प्रेमीलाल चौधरी सरकारले सर्वोच्चको परमादेशअनुसार कानुनहरू संशोधन नगरेको बताउँछन् । 'शिक्षा विधेयकमा केही कुरा समेटिएका छन्,' उनले भने, 'निजामती ऐन रोकिएको छ, जसकारण नयाँ भर्ना हुन सकेको छैन ।' थारू समुदायको जनसंख्या ६.२ प्रतिशत भएकाले त्यही आधारमा छुट्टै आरक्षणको व्यवस्था हुनुपर्ने उनी बताउँछन् ।

संविधानमा टेकेर सर्वोच्चको फैसला

सर्वोच्चले संविधानको धारा १८ र ४२ मा टेकेर थारू समुदायलाई आदिवासी जनजातिभित्र नराखी स्वतन्त्र समुदायका रूपमा मान्यता दिई सोहीअनुसार आरक्षण दिन भनेको छ । हाल थारू समुदायले आदिवासी जनजाति समुदायका रूपमा आरक्षण पाउँदै आएका छन् । त्यसले गर्दा आदिवासी जनजातिका अन्य समुदाय हाबी हुने गरेको भन्दै थारू अगुवाले छुट्टै आरक्षण माग्दै आएका छन् । संविधानको धारा ४२ मा सामाजिक न्यायको हकसम्बन्धी व्यवस्था छ । जसमा भनिएको छ, 'आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, अपांगता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस-आर्यलाई समानुपातिक, समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ ।'

धारा १८ मा समानताको हकसम्बन्धी व्यवस्था छ । १८ (३) मा भनिएको छ, 'राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्नेछैन । तर, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र/आर्थिक रूपले विपन्न खस-आर्यलगायत नागरिकको संरक्षण र सशक्तीकरण वा विकासका लागि कानुनबमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिनेछैन ।'

यी दुई धारामा थारू समुदायलाई आदिवासी जनजातिमा नराखी स्वतन्त्र समुदायका रूपमा पहिचान दिएकाले सोही आधारमा उनीहरूलाई सरकारी निकायको भर्नामा पनि छुट्टै आरक्षण दिनुपर्ने व्याख्या सर्वोच्चले गरेको हो । हालको निजामती सेवा ऐनको प्रावधानअनुसार कुल रिक्त पदमध्ये ४५ प्रतिशतमा समावेशी आरक्षणका आधारमा विज्ञापन हुन्छ । ४५ प्रतिशतमध्येबाट ३३ प्रतिशत महिला, २७ प्रतिशत आदिवासी जनजाति, २२ प्रतिशत मधेसी, नौ प्रतिशत दलित, पाँच प्रतिशत अपांगता भएका व्यक्ति तथा चार प्रतिशत पिछडिएको क्षेत्रलाई छुट्याउने गरिएको छ । सर्वोच्चको परमादेशपछि अब यो आरक्षणको समीकरण हेरफेर गर्नुपर्ने हुन्छ, जुन निकै जटिल र संवेदनशील विषय भएकाले सरकारले यसमा निर्णय गर्न सकेको छैन । सरकारले संघीय निजामती ऐन संसद्मा लैजाने निर्णय गरे पनि विवादका कारण अझै अघि बढाउन सकेको छैन ।

उपप्रधानमन्त्री श्रेष्ठ चीन जाँदै

काठमाडौं/ चीनले आयोजना गर्न लागेको 'थर्ड बेल्ट एन्ड रोड फोरम फर इन्टरनेसनल कोपरेसन'मा नेपालबाट उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठ सहभागी हुने भएका छन् । उनी २९ असोजमा बेइजिङ जाने तय भएको छ । कात्तिक १ र २ मा बिआरआईसम्बन्धी कार्यक्रम हुँदै छ, जसको उद्घाटन चिनियाँ राष्ट्रपति सी जिनपिङले गर्दै छन् ।

नेपाललाई लामो समयदेखि निमन्त्रणा आए पनि कुन तहको सहभागिता हुने भन्ने तय भइसकेको थिएन । ३० असोजमा राष्ट्रपति सीले कार्यक्रममा सहभागी हुने विदेशी प्रतिनिधिमण्डलको सम्मानमा रात्रिभोज आयोजना गर्दै छन् । त्यसको भोलिपल्ट १ कात्तिकमा कार्यक्रमको उद्घाटन सत्र हुँदै छ भने २ कात्तिकमा उच्चस्तरीय फोरम हुनेछ ।

उपप्रधानमन्त्री श्रेष्ठ दुवै कार्यक्रममा सहभागी हुनेछन् । गृह मन्त्रालय उच्च स्रोतका अनुसार उपप्रधानमन्त्री श्रेष्ठले चिनियाँ उच्च अधिकारीसँग पनि भेटवार्ता गर्ने कार्यक्रम छ । चिनियाँ राष्ट्रपतिले बिआरआई अवधारणा अघि सारेको एक दशकका अवसरमा कार्यक्रम हुन लागेको हो ।

<antocr_

बुधबार २४ असोज ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

आइसिसी एकदिवसीय विश्वकप

पाकिस्तानको कीर्तिमानी जित

सन् २०११ मा आयरल्यान्डले इंग्ल्यान्डविरुद्ध ३२७ रन बनाएको थियो, मंगलबार श्रीलंकालाई हराउने क्रममा पाकिस्तानले ३४५ रनको लक्ष्य पूरा गर्दै जित निकाल्यो

हैदराबाद/ पाकिस्तानले आइसिसी एकदिवसीय विश्वकपमा कीर्तिमानी जित निकालेको छ। मंगलबार हैदराबादमा भएको विश्वकपको आठौँ खेलमा पाकिस्तानले श्रीलंकालाई ६ विकेटले हराउँदै लगातार दोस्रो जित निकालेको हो। ओपनर अब्दुल्लाह साफिक र चौथो नम्बर क्रिजमा आएको मोहम्मद रिजवानको सानदार प्रदर्शनसँगै पाकिस्तानले दश बलअघि जित निकालेको हो। पाकिस्तानले तीन सय ४५ रनको लक्ष्य ४८.२ ओभरमा चार विकेट गुमाउँदै भेट्टाएको थियो।



विश्वकप इतिहासमा तीन सय ४४ रनको विशाल लक्ष्य पूरा भएको यो पहिलोपटक हो। यसअघि सन् २०११ मा आयरल्यान्डले सर्वाधिक ठूलो स्कोर भेट्टाएको थियो। इंग्ल्यान्डविरुद्ध तीन सय २७ रनको विजयी लक्ष्य आयरल्यान्डले ४९.१ ओभरमा सात विकेट गुमाउँदै पूरा गरेको थियो। बेंगलुरुमा भएको खेलमा इंग्ल्यान्डले सुरुवाती ब्याटिङ गर्दै तीन सय २७ रन बनाएको थियो। आयरल्यान्डले पाँच बलअघि जित सुनिश्चित गरेको थियो। केभिन ओ ब्रायनले ६३ बलमा आक्रामक ब्याटिङ गर्दै एक सय १३ रन बनाएको थियो।

■ रिजवान र अब्दुल्लाहको कीर्तिमानी सतक

पाकिस्तानको इनिङ्समा ओपनर अब्दुल्लाह साफिक र चौथो नम्बर क्रिजमा आएको मोहम्मद रिजवानले शतकीय इनिङ्स खेलेका थिए। २३ वर्षीय अब्दुल्लाहले एक सय १३ रन बनाए। अब्दुल्लाहको करिअरकै यो पहिलो शतक हो। रिजवानले अविजित एक सय ३१ रन बनाएका हुन्। उनले ९७ बलमा शतक बनाएका थिए। घाइते भए पनि रिजवानले क्रिज नछाडी टोलीको जित तय गरे। उनी बारम्बार मैदानमा ढल्न पुगेका थिए। तर पनि क्रिज छाडेनन्। यो रिजवानको करिअरको तेस्रो र विश्वकपको पहिलो शतक रह्यो। व्यक्तिगत उच्च स्कोर पनि हो। यसअघि सन् २०१९ मा अस्ट्रेलियाविरुद्धको शृंखलामा दुई शतक बनाएका थिए।

■ आजको खेल
भारत र अफगानिस्तान
दिउँसो ०२:१५ बजे

तेस्रो विकेटका लागि रिजवान र अब्दुल्लाहले एक सय ७६ रनको साझेदारी गरेका थिए। चौथो विकेटका लागि रिजवानले साउद साकिलसँग ९५ रनको साझेदारी गरेका हुन्। साउद ३१ रन बनाएर आउट भए। यसअघि ओपनर इमाम उल हक र कप्तान बाबर आजम ३७ रन बनाउँदा आउट भएपछि पाकिस्तान दबाबमा आएको थियो। तर, रिजवान र अब्दुल्लाहले उत्कृष्ट इनिङ्स खेल्दै टोलीको जित सुनिश्चित गरेका हुन्। यसअघि पाकिस्तानले नेदरल्यान्ड्सलाई पहिलो खेलमा ८१ रनले हराएको थियो। श्रीलंका दक्षिण अफ्रिकासँग एक सय दुई रनले पराजित भएको हो। जितपछि पाकिस्तान दुई खेलबाट चार अंकसहित दोस्रो स्थानमा छ।

साबिक विजेता इंग्ल्यान्ड विजयी



साबिक विजेता इंग्ल्यान्डले भारतमा जारी आइसिसी एकदिवसीय विश्वकपमा पहिलो जित निकालेको छ। मंगलबार हैदराबादस्थित राजीव गान्धी अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा इंग्ल्यान्डले बंगलादेशलाई एक सय ३७ रनले पराजित गरेको हो। जितसँगै इंग्ल्यान्डले दुई खेलबाट २ अंक जोडेको छ। पराजित बंगलादेशको पनि समान खेलबाट २ अंक नै छ। पहिलो खेलमा बंगलादेशले अफगानिस्तानलाई ६ विकेटले हराएको थियो। इंग्ल्यान्ड भने पहिलो खेलमा न्युजिल्यान्डसँग ९ विकेटले पराजित हुन पुगेको थियो।

इंग्ल्यान्डले प्रस्तुत गरेको तीन सय ६५ रनको विशाल लक्ष्य पछ्याएको बंगलादेश ४८.२ ओभरमा सबै विकेट गुमाउँदा दुई सय २७ रनमा समेटिएको थियो। बंगलादेशका लिटन दासले सर्वाधिक ७६ रन बनाएका थिए। दासले ६६ बलमा ७ चौका र २ छक्का प्रहार गरेका हुन्। मुस्फिकर रहिमले ६४ बलमा ४ चौकासहित ५१ रनको योगदान गरे। यसैगरी, तोविद हृदयले ३९, तस्किन अहमदले १५, मेहदी हसनले १४ र सोरिफुल इस्लामले १२ रन जोडेका थिए। पाँचौं विकेटका लागि दास र रहिमले ७२ रनको साझेदारी गरे। इंग्ल्यान्डका रिस टोप्लीले सर्वाधिक चार विकेट लिएका थिए। उनले १० ओभरमा एक मेडनसहित ४३ रन मात्रै खर्चिएका हुन्। क्रिस वोक्सले २ विकेट हात पारे।

■ मलानको शतकीय इनिङ्स

ओपनर डेविड मलानले सानदार शतकीय इनिङ्स खेलेपछि टस हारेर ब्याटिङ गरेको इंग्ल्यान्डले विशाल लक्ष्य बनाएको थियो। इंग्ल्यान्डले निर्धारित ५० ओभरमा ९ विकेट गुमाउँदै तीन सय ६४ रनको योगफल तयार पारेको हो। मलानले एक सय ७ बलमा १६ चौका र ५ छक्कासहित एक सय ४० रनको इनिङ्स खेले। तेस्रो नम्बर क्रिजमा आएका जो रुटले ६८ बलमा ८ चौका र एक छक्काको मद्दतमा ८३ रन तथा ओपनर जोनी बेयरेस्टोले ५९ बलमा ८ चौकासहित ५२ रनको योगदान गरेका थिए।

कप्तान जोस बटलर र ह्यारी ब्रुक्सले समान २०, क्रिस वोक्सले १४ तथा साम करन र आदिल रासिदले समान ११ रन बनाएका हुन्। मलानले दोस्रो विकेटका लागि रुटसँग मिलेर एक सय ५१ रनको बलियो साझेदारी गरेका थिए। मलानले पहिलो विकेटका लागि बेयरेस्टोले एक सय १५ रनको साझेदारी गरेका हुन्। बंगलादेशका मेहदी हसनले सर्वाधिक चार विकेट लिए पनि ठूलो स्कोर बनाउनबाट रोक्न सकेनन्।

■ मेन्डिस र सदिराको शतक

कुशल मेन्डिस र सदिरा समराविक्रमाको सानदार शतकमा श्रीलंकाले पाकिस्तानविरुद्ध तीन सय ४४ रनको लक्ष्य प्रस्तुत गरेको थियो। टस जितेर ब्याटिङ गरेको श्रीलंकाका ओपनर कुशल परेरा चार बल खेल्दै शून्यमा पेभिलियन फर्किएपछि मध्यक्रमका ब्याट्समान्यले सानदार प्रदर्शन गरेका थिए। कुशल र सदिराले शतक बनाउँदा अर्का ओपनर पाथुम निसंकाले अर्धशतकीय इनिङ्स खेलेका थिए। मेन्डिसले ७७ बलमा आक्रामक ब्याटिङ गर्दै एक सय २२ रन बनाए। मेन्डिसले १४ चौका र ६ छक्का प्रहार गरेका थिए। सदिराले ८९ बलमा ११ चौका र दुई छक्कासहित एक सय ८ रन बनाएका हुन्। निसंकाले ५१ रन बनाए। दोस्रो विकेटका लागि मेन्डिस र निसंकाले ९५ बलमा एक सय २ रनको साझेदारी गरे। तेस्रो विकेटका लागि मेन्डिस र समराविक्रमाले ६९ बलमा एक सय ११ रनको बलियो साझेदारी गरेपछि श्रीलंका बलियो स्कोरतर्फ अगाडि बढेको थियो। धनञ्जय डी सिल्भाले २५ र कप्तान दासुन सनकाले १२ रनको योगदान गरे। पाकिस्तानका हसन अलीले चार विकेट लिएका थिए। हरिस राउफले दुई तथा साहिन शाह अफ्रिदी, मोहम्मद नवाज र सादव खानले समान एक विकेट लिएका हुन्।

भारतले फर्कायो पाकिस्तानी टिभी प्रस्तोता

एजेन्सी/ जारी विश्वकपमा रिपोर्टिङ गर्न गएका पाकिस्तानी एक महिला एंकरले भने विवादास्पद पुरानो ट्विटका कारण भारत छाड्नुपरेको छ। जारी विश्वकपमा रिपोर्टिङ गर्न भारत पुगेकी जैनव अब्बासले सोमबार भारत छाडेकी छिन्। उनले नौ वर्षअघि भारतविरोधी दुई ट्विट गरेकी थिइन्। सोही ट्विटका कारण अहिले निकै विवाद भएको छ।



सुरक्षाका कारण उनलाई अहिले स्वदेश पठाएको बताइन्छ। उनलाई भारतमै राख्दा हिंसा भड्कन सक्ने पनि बताएको छ। उनी मंगलबार हैदराबादमा भएको पाकिस्तान र श्रीलंकाबीचको खेल एंकरिङ गर्ने तयारीमा थिइन्। तर, विवाद बढ्ने देखिएपछि जैनवलाई स्वदेश फर्काइएको छ। उनले पाकिस्तानको खेलमा एंकरिङ गर्न जिम्मेवारी पाएकी थिइन्। पाकिस्तान पहिलो खेलमा नेदरल्यान्ड्ससँग खेल्दा राजीव गान्धी अन्तर्राष्ट्रिय मैदानमा उपस्थित भइन्। उनले पाकिस्तानले खेल्ने चेन्नई, बेंगलुरु र अहमदाबादमा यात्रा गर्ने अनुमति पनि पाएकी थिइन्।

वकिलले उजुरी गरेका थिए

भारतीय वकिल विनित जिन्दलले जैनवको विवादास्पद ट्विटलाई लिएर उजुरी गरेका थिए। उनको आरोप छ, 'जैनवले सामाजिक सञ्जालमा हिन्दू र भारतको अपमान गरेकी छिन्।' जिन्दलले नौ वर्ष पुरानो जैनवका आधिकारिक दुई ट्विटको स्क्रिनसट लिएका थिए। वकिल जिन्दलले सामाजिक सञ्जालमा लेखेका छन्, 'भारतीय क्रिकेट बोर्ड र होम मिनिस्ट्रीलाई पत्र लेख्दै जैनवलाई देशनिकाला गर्न माग गरेको छु,' उनले भनेका छन्। 'अतिथि देवो भवः' उनका लागि हो, जो देश र हिन्दूको सम्मान गर्छन्। देशको विरुद्ध बोल्नेलाई यहाँ स्वागत गर्नुहुँदैन,' जिन्दलले भनेका छन्। सुरक्षाका कारण भारत छाडेकी जैनव संयुक्त अरब इमिरेट्सको राजधानी दुबई पुगेकी छिन्। साइबर क्राइम र आतंकबढ्ने भए पछि जैनव दुबई पुगेकी हुन्। पाकिस्तानी टेलिभिजन कार्यक्रम प्रस्तोता जैनवले युएईको घरेलु लिगमा विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएकी छिन्।

भएको के थियो ?

जैनवले नौ वर्षअघि दुई ट्विट गरेकी थिइन्। जसको अहिले निकै विरोध भइरहेको छ। उनले एक ट्विटमा लेखेकी छिन्, '१२० करोड जनता एक ढंगले तीव्र गतिको बलर उत्पादन गर्न सकेका छैनन्। शुद्ध शाकाहारी हो, थोरै मासु खान सुरु गर्नुस्,' तेन्दुलकर नाम गरेको ट्विटमा रिप्लाई गर्दै जैनवले लेखेकी थिइन्। उनले दोस्रो ट्विटमा हिन्दू धर्मकी देवी काली माताको प्रसंग जोड्दै मजाक गरेकी थिइन्।

३२ वर्षको उमेरमै हाजार्डको सन्न्यास

एजेन्सी/ बेल्जियमका विंगर इडेन हाजार्डले व्यावसायिक फुटबलबाट सन्न्यासको घोषणा गरेका छन्। मंगलबार ३२ वर्षीय हाजार्डले व्यावसायिक फुटबलबाट टाढा रहने निर्णय गरेका हुन्। यसअघि नै विश्वचर्चित हाजार्डले अन्तर्राष्ट्रिय खेलबाट सन्न्यास लिएका थिए। गत सिजनको अन्त्यसँगै हाजार्ड मैदानमा देखिएका छैनन्।

सन् २०१९ मा ८९ पाउन्डसहित स्पेनिस महारथी रियल म्याड्रिडमा अनुबन्धित भएका थिए। तर, स्पेनमा प्रदर्शन सोचेजस्तो रहन सकेन। उनले मात्र ५४ लिग खेल खेलेका छन्। त्यसअघि चेल्सीमा रहँदा उनी करिअरकै उच्च लयमा थिए। 'मलाई लाग्छ, यो नै मेरो राम्रो समय हो,' हाजार्डले भनेका छन्।



उनी यसै सिजनदेखि कुनै क्लबसँग जोडिएका छैनन्। 'पछिल्लो १६ वर्षमा सात सयभन्दा बढी खेल खेलेको छु। व्यावसायिक फुटबलबाट टाढा रहने यो नै उत्तम समय हो,' उनले भने।

सन् २०२२ को फिफा विश्वकपपछि हाजार्डले अन्तर्राष्ट्रिय मैदानबाट सन्न्यास लिएका थिए। बेल्जियमले खराब प्रदर्शन गर्दा समूह चरणबाट माथि बढ्न सकेन। बेल्जियमका प्रतिभाशाली खेलाडीले म्याड्रिडमा रहँदा च्याम्पियन्स लिग र क्लब विश्वकपको उपाधि जितेका छन्।

दुई ला लिगा, युरोपियन सुपर कप, कोपा डेल रे र दुई स्पेनिस सुपर कपको उपाधि जितेका हुन्। तर, उनका लागि स्पेन बसाइ कहिल्यै सुखद भएन। उनले स्पेनिस क्लबबाट ७६ खेल खेल्दा सात गोल मात्रै गरेका थिए।

चेल्सीमा उच्च लय

हाजार्ड प्रिमियर क्लब चेल्सीमा रहँदा उच्च लयमा थिए। उनको परिचय नै चेल्सीबाट सुरु भएको थियो। चेल्सीले आफ्ना खेलाडीलाई जुनसुकै भूमिकामा स्टामफोर्ड ब्रिजमा स्वागत गर्न तयार रहेको घोषणा गरेको छ। 'चेल्सीको इतिहासमै उनी सर्वोत्कृष्ट खेलाडी हुन्। हामी उनलाई सधैँ स्वागत गर्न तयार छौँ,' क्लबले विज्ञप्तिमा भनेको छ। हाजार्डले सन् १९९५ मा बेल्जियमको रोयल स्टेड ब्राइनोइसको युवा टोलीबाट करिअर सुरु गरेका थिए। सन् २००७ बाट भने व्यावसायिक फुटबल सुरु भयो। फ्रेन्च क्लब लिलको सिनियर टोलीमा डेब्यु गरे। लिलका लागि एक सय ४७ खेल खेल्दा ३६ गोल गरेका छन्।

सन् २०१२ मा चेल्सी आएपछि हाजार्डको चर्चा चुलिएको थियो। चेल्सीमा ७ वर्ष बिताउँदा हाजार्डले तीन सय ५२ खेल खेले, जसमा एक सय १० गोल गरेका छन्। सन् २०१४-०१५ को सिजन प्लेयर अफ दी इयर चुनिएका थिए।

स्ट्यामफोर्ड ब्रिजमा रहँदा दुई प्रिमियर लिगको उपाधि जितेका थिए। 'म निकै भाग्यमानी रहेँ। मेरो खेल करिअरमा मैले विश्व फुटबलकै उत्कृष्ट म्यानेजर, कोच र सहकर्मी साथी पाएको छु,' हाजार्डले भनेका छन्, 'सबैलाई धन्यवाद छ। सबैलाई सम्झिरहेको छु।' बेल्जियमका लागि हाजार्डले एक सय २६ खेलमा ३३ गोल गरेका थिए। उनले सन् २००८ मा लक्जमबर्गविरुद्ध खेल्दै डेब्यु गरेका हुन्। ५६ खेलमा टोलीको कप्तानी गरेका छन्। उनी तीनपटक विश्वकपनजिक पुगेर पनि उपाधि जित्न सकेनन्।

एसियाली खेलकुदमा पदक विजेता खेलाडीलाई भव्य स्वागत

काठमाडौं/ चीनको हाङझाउमा आयोजना भएको १९औँ एसियाली खेलकुद प्रतियोगिता (एसियाड)मा पदक विजेता खेलाडी, प्रशिक्षक तथा अफिसियललाई मंगलबार अन्तर्राष्ट्रिय विमानस्थलमा भव्य स्वागत गरिएको छ। विजयी कराँते र कबड्डी नेपाली टोलीलाई स्वागत गर्न विमानस्थलमा ठूलो मात्रामा समर्थक र पदाधिकारीको उपस्थिति रहेको थियो। यद्यपि, राष्ट्रिय खेलकुद परिषद् (राखेप)को व्यवस्थापन निकै फितलो रह्यो। राखेपका पूर्वसदस्यसचिव युवराज लामाले कराँतेमा ऐतिहासिक पदक जिताएकी एरिका गुरुङ र प्रशिक्षक कुशल श्रेष्ठलाई गाडीमा राखेर सामान्य ज्यालीसहित राखेप प्रांगणमा पुऱ्याएका थिए।

एसियाली खेलकुदमा नेपालले सहभागिता जनाएको २ ९ खेलमध्ये कराँते खेलाडी एरिकाले रजत र कबड्डी महिला टोलीले कांस्य पदक प्राप्त गरेको थियो। नेपालबाट कुल तीन सय ५३ खेलाडीले सहभागिता जनाएका थिए। सन् १९९८ पछि पहिलोपटक नेपालले व्यक्तिगत स्पर्धामा रजत पदक जितेको हो। त्यति वेला तेक्वान्दोकी सविता राजभण्डारीले रजत पदक जिताएकी थिइन्। सन् २००६ पछि नेपालले पहिलोपटक एकभन्दा बढी पदक जितेको हो। सन् २००२ र २००६ मा नेपालले तेक्वान्दोमा समान ३ कांस्य पदक जितेको थियो।

राखेपले खेलाडीहरूलाई विमानस्थलबाट गौशाला, चाबहिल, नारायणगोपाल चोक, लैनचौर, केशरमहल, दरबारमार्ग, भद्रकाली हुँदै दशरथ रंगशालासम्म ज्याली गर्ने योजना बनाएको थियो। तर, इजरायलमा हमासको आक्रमणबाट १० विद्यार्थीको मृत्यु भएपछि नेपाल सरकारले मंगलबार शोक दिवस घोषणा गरेको थियो। जसका कारण राखेपले औपचारिक कार्यक्रम स्थगन गर्नुपऱ्यो।



१९औँ एसियाली खेलकुद प्रतियोगिताअन्तर्गत कराँतेमा ऐतिहासिक रजत पदक जिताएकी एरिका गुरुङ र प्रशिक्षक कुशल श्रेष्ठ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा। तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com